महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको चौथो वार्षिक प्रतिवेदन २०७९

सुदूरपश्चिम प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने

Be credible institution in promoting accountability, transparency and integrity

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

Provide independent and quality audit service to nation

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यवसायिकता	(Professionalism)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्याः २०७८।७९

मितिः २०७९।३।२९

विषयः वार्षिक प्रतिवेदन

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

नेपालको संविधानको धारा २४१ बमोजिम सुदूरपश्चिम प्रदेशको आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३२२८

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
सञ्चित कोष उपर राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण .....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति.....**	४
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएका व्यहोरा .....**	७
	मन्त्रालय र निकायगत व्यहोरा.....	१५
	१. प्रदेश सभा सचिवालय	१५
	२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.....	१७
	३. आर्थिक मामिला मन्त्रालय	२३
	४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय.....	३१
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३७
	६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	४३
	७. भौतिक पूर्वाधार विकास मन्त्रालय	५०
	८. सामाजिक विकास मन्त्रालय	५८
	९. प्रदेश लोक सेवा आयोग.....	६८
	१०. मुख्य न्यायाधिवक्ताको कार्यालय	६९
	११. प्रदेश नीति तथा योजना आयोग	७०
परिच्छेद ४	**प्रतिवेदन कार्यान्वयन स्थिति.....**	७१
परिच्छेद ५	**सुधारका क्षेत्रहरू .....**	७२
	अनुसूचीहरू.....	७९

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था र संघीय कानुन बमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने व्यवस्था छ । नेपालको संविधानको धारा २९४(३) बमोजिम संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने र सोही ऐनको दफा १९(५) मा उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेश सरकारका कार्यालयहरूको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । यो प्रतिवेदन प्रदेश सरकार तर्फ चौथो वार्षिक प्रतिवेदन हो । प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरू, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र सुधारका क्षेत्रहरू समावेश गरिएको छ। प्रस्तुत प्रतिवेदन सम्बन्धित निकाय एवं सरोकारवाला मार्फत कार्यान्वयन भई आर्थिक अनुशासन कायम गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।

नेपालको संविधान, लेखापरीक्षण ऐन, संघ एवं प्रदेशले तर्जुमा गरेका नीति, योजना, कानुन, लेखापरीक्षण मानदण्ड एवं असल अभ्यासहरू अनुसरण गरी वस्तुनिष्ठ ढंगले यो प्रतिवेदन तयार गरिएको छ । यस वर्ष देखि लेखापरीक्षणको कार्यलाई सूचना प्रविधिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) मार्फत लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षसँग आवश्यक छलफल गरी प्राप्त राय, सल्लाह र सुझाव बमोजिम लेखापरीक्षणलाई उद्देश्यमूलक बनाउने प्रयास गरिएको छ। यसको साथै लेखापरीक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना गर्न गराउन लेखापरीक्षणको गुणस्तरमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था मिलाइएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न गुणस्तर आश्वस्तता पुनरावलोकन प्रणालीलाई सुदृढ तुल्याईएको छ ।

यस वर्ष कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोबारको स्थिति, सार्वजनिक सम्पत्ति र स्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेशसभा सचिवालय, प्रदेश लोक सेवा आयोग, मुख्य न्यायधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोग र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १६३ निकाय र विषयको रु.३५ अर्ब ४९ करोड ७८ लाख ४५ हजार लेखापरीक्षण सम्पन्न भएकोमा रु.७७ करोड २४ लाख ८१ हजार बेरुजु कायम भएको छ । यो बेरुजु कुल लेखापरीक्षण अङ्कको २.१८ प्रतिशत हुन आउँछ । गत वर्ष लेखापरीक्षण अंकको २.१५ प्रतिशत बेरुजु कायम रहेकोमा यस वर्ष २.१८ प्रतिशत भई बेरुजु प्रतिशत बढेको छ । यस वर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु मानिएको छैन । सार्वजनिक स्रोत साधनको उपयोग वा बेरुजु फर्स्यौट गरी आर्थिक अनुशासन कायम गर्ने विषयलाई कार्यसम्पादनको स्तरको आधारमा दण्ड र पुरस्कार दिने प्रक्रियासँग आवद्ध गर्नुपर्दछ ।

प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको लेखापरीक्षणबाट मुख्य रूपमा कतिपय आवश्यक कानुन निर्माण गर्नुपर्ने, दरबन्दी बमोजिमका कर्मचारीको पदपूर्ति गर्नुपर्ने, बजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने र प्रदेशस्तरका सेवा प्रवाहलाई नियमित एवं व्यवस्थित गर्नुपर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने, दिगो विकास लक्ष्यलाई प्राप्त गर्न योजना तथा कार्यक्रममा समावेश गरी संघीय सरकार तथा स्थानीय तहसँग समन्वयात्मक ढङ्गले कार्य गर्नुपर्ने देखिएको छ ।

विकास निर्माणतर्फ आयोजना बैंकमा समावेश भएका योजनामध्ये बढी उपलब्धिमूलक योजना छनौट गरी कार्यान्वयन गर्ने, संघ, प्रदेश र स्थानीय तहमार्फत एकै प्रकृतिका कार्यक्रमहरू सम्पादन भई दोहोरिने, खप्टिने तथा टुक्रिने प्रवृत्ति नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनामा लगानी नगर्ने, अनुदान र सहायता जस्ता वितरणमुखी कार्यक्रमहरूमा बजेट परिचालित गर्दा उपलब्धिको सुनिश्चितता गर्ने, अनुदानको अनुगमन प्रभावकारी बनाउने र जटिल प्रकृतिका निर्माण सुधारका कार्यहरू समेत उपभोक्ता समितिबाट गराउने प्रक्रियामा सुधार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ । नेपालको संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रमा पर्ने आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा यस प्रतिवेदनको कार्यान्वयनवाट सार्वजनिक सदाचार, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु । लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू तथा मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सभामुखज्यू तथा उपसभामुखज्यू, प्रदेश सभा सदस्यज्यूहरू लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा विकास साझेदार, नागरिक समाज र सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** – नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३३ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।

२. **उद्देश्य** – सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसार उद्देश्य राखिएको छः

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थस्थिति चित्रण गरेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवम् स्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,
- कोभिड-१९ को विश्वव्यापी महामारीको रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा सञ्चालित क्रियाकलाप र खर्च कानुनसम्मत् एवं प्रभावकारी तवरले गरेको ।

३. **क्षेत्र** – यो वर्ष प्रदेश र मातहतका कार्यालय समेत १६० निकायमध्ये १५८ निकायको २०७७।७८ को तथा २०७६।७७ को बक्यौता रहेका ५ निकायसमेत १६३ निकायको आर्थिक कारोबारको वित्तीय लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्यांकनको आधारमा न्यून, मध्यम र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च

जोखिमयुक्त ५८ निकायको विस्तृत लेखापरीक्षण, मध्यम जोखिमयुक्त ४३ निकाय र न्यून जोखिमयुक्त ६२ निकायको सम्बन्धमा दूर लेखापरीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ/प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण प्रतिवेदनको पुनरावलोकन गरिएको छ । नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ संलग्न गराइएको छ ।

५. **छलफल र अन्तर्क्रिया** - महालेखापरीक्षकको २०७७/७८ को लेखापरीक्षणको सिलसिलामा सुदूरपश्चिम प्रदेशका सम्पूर्ण निकायका उच्च पदस्थ पदाधिकारीहरूसँग लेखापरीक्षणमा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता, पारदर्शिता र विद्युतीय लेखापरीक्षण कार्यक्रम सम्बन्धमा भर्चुअल माध्यमबाट छलफल भएको थियो । यसका अतिरिक्त २०७९।१।६ मा प्रदेश प्रमुखज्यूलाई प्रदेशको लेखापरीक्षणबाट देखिएका मुख्य मुख्य व्यहोरा तथा त्यसमा गर्नुपर्ने सुधारका विषयमा जानकारी गराइएको थियो । सोही दिन लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा तथा त्यसमा सुधार गर्नुपर्ने विषयमा मुख्यमन्त्रीज्यू लगायत मन्त्रीज्यूहरू तथा प्रदेश मन्त्रालय र आयोगका सचिवज्यूहरूसँग र प्रदेश सभाका सभामुख, उपसभामुख तथा प्रदेश सभाका विभिन्न समितिका सभापतिज्यूहरू र प्रदेश सभाका सभासदज्यूहरूसँग समेत अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको थियो ।

६. **वार्षिक प्रतिवेदन-** महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्न सक्ने नेपालको संविधानको धारा २९४(३) अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा **१४ अनुसूची** रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरू उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

प.सं.-२०७८।७९
च.नं.- ४४४

मितिः २०७९।३।२८

श्री सचिव,
आर्थिक मामिला मन्त्रालय,
धनगढी, कैलाली ।

विषयः प्रदेश सञ्चित कोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले सुदूरपश्चिम प्रदेश सञ्चित कोषको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू (अनुसुची १४) को लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएका २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, मन्त्रालयगत बजेट तथा खर्च विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान, आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. प्रदेश सञ्चित कोषको आर्थिक विवरण तयार गर्दा नगदमा आधारित लेखा प्रणालीको आधारमा स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छ । तर वित्तीय विवरणमा समेट्नु पर्ने सबै सुचना, कारोबार समेट्न सकेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.४९ करोड ५८ लाख ५६ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.२ करोड २८ लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१५ करोड ५ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ३४ लाख ८२ हजार र पेस्की बाँकी रु.२६ करोड ८९ लाख ९९ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समिति तर्फ रु.२७ करोड ६६ लाख २५ हजार बेरुजु देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रु.६४ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२४ करोड ५१ लाख ८१ हजार, नियमित गर्नुपर्ने रु.५७ लाख १७ हजार र पेस्की बाँकी रु.१ करोड ९२ लाख ७० हजार रहेको छ।

३. प्रदेश सरकारले स्थिर सम्पत्तिको अवस्था आर्थिक विवरणमा खुलासा गरेको छैन। सम्पतिको बिस्तृत विवरण खुलासा नगरेको कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन।

४. प्रदेश सरकारको लागि रु.८ अर्ब ७ करोड ६८ लाख समानीकरण अनुदान प्राप्त भएको मध्ये रु.५ अर्ब ४४ करोड ४० लाख २५ हजार खर्च भई रु.२ अर्ब ६३ करोड २७ लाख ७५ हजार प्रदेश सञ्चित कोषमा बाँकी रहेको छ। कोषमा रकम बाँकी रहँदा कार्यक्रम संचालनमा असर पर्न गएको छ।

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np

५. संघीय सरकारबाट प्रदेश सरकारको लागि रु.५ अर्ब ५७ करोड ९१ लाख ७७ हजार सशर्त अनुदान, रु.४८ करोड ५० लाख विशेष अनुदान र रु.१ अर्ब २६ करोड २९ लाख समपूरक अनुदान समेत रु.७ अर्ब ३२ करोड ७० लाख ७७ हजार अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म खर्च हुन नसकी रु.२ अर्ब ३५ करोड ९६ लाख ७८ हजार बचत रहेको छ। उक्त रकम संघीय संचितकोषमा फिर्ता भएको छ। सर्शत अनुदान पनि खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा प्रभाव पर्न गएको छ।

६. प्रदेश सरकारको श्रोतबाट वित्तीय हस्तान्तरण मार्फत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान ८८ स्थानीय तहलाई रु.२ अर्ब ५३ करोड १४ लाख ७० हजार निकासा गरेको छ। उक्त रकम मध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयले २०७८ आषाढ मसान्त सम्मको स्थानीयतहबाट खर्च नभई बाँकी रहेको रु.१९ करोड २४ लाख २६ मध्ये रु. १८ करोड ९ लाख ७९ हजार प्रदेश सञ्चित कोषमा फिर्ता भएको छ। फिर्ता हुन बाँकी रु.१ करोड १४ लाख ४७ हजार प्रदेश सञ्चितकोषमा दाखिला गर्नु पर्दछ।

७. प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको प्रदेश सञ्चित कोषको आर्थिक विवरणमा खर्च स्रोत तर्फ संघीय अनुदान स्रोतबाट रु. १० अर्ब ४१ करोड २७ लाख ५२ हजार खर्च देखाएकोमा कार्यालयको वार्षिक प्रतिवेदनको सि.नं. ४.४ मा कुल खर्च रु. १० अर्ब ४१ करोड १४ लाख २४ हजार उल्लेख गरेको हुँदा रु.१३ लाख २८ हजार फरक परेको छ ।

८. ऐन नियम परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग,बजेट व्यवस्थापन र श्रोत सुनिश्चितता, राजस्व असुली, अवण्डा बजेट, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिबाट भएको कार्य, अनुदान वितरण तथा अनुगमन, महामारी व्यवस्थापन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन्।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम सम्पन्न गरिएको छ। सञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसंग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ। प्रदेश मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरू प्रदेश सञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेसामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(वामदेव शर्मा अधिकारी)
उप-महालेखापरीक्षक

परिच्छेद-१

लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण** - यो वर्ष प्रदेश मातहतका १४७ सरकारी निकायको (४ निकायको बक्यौता रु.३५ करोड १२ लाख ५१ हजार) समेत रु.३३ अर्ब ५० करोड ४५ लाख ८६ हजार र समिति तथा अन्य संस्था १६ को रु.१ अर्ब ९९ करोड ३२ लाख ५९ हजार समेत रु.३५ अर्ब ४९ करोड ७८ लाख ४५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण **अनुसूची १(क)** मा उल्लेख छ ।

लेखापरीक्षण गरिएका निकाय र विषय	सङ्ख्या	रकम (रु.हजारमा)
१. सरकारी कार्यालय	१४७	३३,५०,४५,८६
२. समिति तथा अन्य संस्था	१६	१,९९,३२,५९
जम्मा	**१६३**	**३५,४९,७८,४५**

१. **सरकारी निकाय** - यो वर्ष सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

क्र.सं.	कारोवार	लेखापरीक्षण सम्पन्न		
		२०७७।७८ को रकम	बक्यौता	जम्मा
१.	विनियोजन	२१,४६,८०,९७	३१,४७,२९	२१,७८,२८,२६
२.	राजस्व	९,१३,३२,२५	२२,०६	९,१३,५४,३१
३.	धरौटी	१,९९,७०,७७	२,८८,२७	२,०२,५९,०४
४.	अन्य (विविध)	५५,४९,३६	५४,८९	५६,०४,२५
जम्मा		**३३,१५,३३,३५**	**३५,१२,५१**	**३३,५०,४५,८६**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छः

२. **समिति र अन्य संस्था** - यो वर्ष बक्यौता १ समेत १६ समिति र अन्य संस्थाको रु.१ अर्ब ९९ करोड ३२ लाख ५९ हजारको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण **अनुसूची ३ र ४** मा उल्लेख छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयनको स्थिति**

३. **प्रदेश बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ को सञ्चित कोषबाट व्यय हुने रकमको बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक/क्षेत्र	२०७७/०७८		
	बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	**१६०७९८४३**	**१०३५२७८४**	**६४.३८**
पुँजीगत खर्च	**१८३५१४८५**	**१२४९०७२२**	**६८.०६**
फिर्ता	**०**	२,३५,९६,७८	
अन्तरसरकारी हस्तान्तरण	२,८२,९१,१२	२,५३,१४,७०	८९.४८
वित्तीय व्यवस्था	३०,००,००	०	
जम्मा	**३४४३१३२८**	**२२८४३५०६**	**६६.३४**

- अन्तर सरकारी वित्तीय हस्तान्तरणतर्फ रु.२ अर्ब ८२ करोड ९१ लाख बजेट अनुमान गरिएकोमा रु.२ अर्ब ५३ करोड १४ लाख खर्च भै विनियोजित रकमको ८९.४८ प्रतिशत खर्च भएको छ । उक्त रकम माथिको चालु खर्चमा समावेश गरिएको छ ।
- प्रदेश लेखा नियन्त्रक कार्यालयले देखाएको कुल खर्च रु.२२ अर्ब ९६ करोड ८२ लाख ७४ हजार मध्ये लेखापरीक्षण बक्यौता रहेको रु.१२ करोड ४७ लाख ६८ हजार घटाई यथार्थ खर्च कायम गरिएको छ ।

४. **खर्चको स्थिति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश स्थित मन्त्रालय, आयोग र निकायको खर्च विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय	चालु			पुँजीगत		
		बजेट	खर्च	खर्चको प्रतिशत	बजेट	खर्च	खर्चको प्रतिशत
१	प्रदेश सभा सचिवालय	१५,७४,१२	१२,७६,४३	८१.०९	४,०४,९६	३,७६,७३	९३.०३
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	४४,४६,२१	१२,४४,३७	२७.९९	११,४५,६६	४,००,३७	३४.९५
३	आर्थिक मामिला मन्त्रालय	५,३१,६०,८८	२,५८,०९,३६	४८.५५	१,८६,८९,४६	९६,३०	०.५२
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३३,०७,९३	२५,२७,३१	७६.४	३१,२४,७२	२२,३९,४७	७१.६७
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१५८८०६३	१०६६१५७	६७.१३	११६६६२७	९८२२९०	८४.२०
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२,८७,५३,०१	२,३२,५०,८८	८०.८६	४८,२९,३४	३१,१३,४५	६४.४७
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३७७५५२	२७७७६६	७३.५७	११९२१९६५	९१०३४४७	७६.३६
८	सामाजिक विकास मन्त्रालय	४,९२,३०,१७	३,५६,६०,१०	७२.४४	२३,८८,९८५	१,७३,२९,३५	७२.५४
९	प्रदेश लोकसेवा आयोग	१,६४,४५	१,०७,८५	६५.५८	३,३५,५५	३,२६,९२	९७.४३
१०	मुख्य न्यायाधिवक्ताको कार्यालय	१,९१,७६	१,१६,१४	६०.५७	१३,१७	७,४८	५६.८
११	प्रदेश नीति तथा योजना आयोग	३,१३,७५	९६,१७	३०.६५	१,९६,२५	१,५९,७८	८१.४२
	जम्मा	१६०७९८४३	१०३५२७८४	६४.३८	१८३५१४८५	१२४९०७२२	६८.०६

- प्रदेशको चालु खर्च रु.१० अर्ब ३५ करोड २८ लाखमध्ये रु.२ अर्ब ५३ करोड १४ लाख स्थानीय तहलाई प्रदान गरिएको वित्तीय हस्तान्तरणतर्फको खर्च आर्थिक मामिला मन्त्रालयमा देखाइएको छ ।
- प्रदेश लेखा नियन्त्रक कार्यालयले देखाएको कुल खर्च रु.२२ अर्ब ९६ करोड ८३ लाखमध्ये उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको रु.२ करोड ३ लाख र भौतिक पूर्वाधार विकास मन्त्रालयको रु.१० करोड ४५ लाख समेत गरी लेखापरीक्षण बक्यौता रहेको रु.१२ करोड ४८ लाख घटाई यथार्थ खर्च कायम गरिएको छ ।

५. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार २०७७।७८ को वार्षिक बजेट रु.३४ अर्ब ६४ करोड ५० लाख रहेको छ । सोमा संघीय सरकारको अनुदान रु.१५ अर्ब ४० करोड ३९ लाखमध्ये रु.१० अर्ब ४१ करोड २७ लाख खर्च गरेको छ । प्रदेश सरकारले संघबाट प्राप्त राजस्व र आफ्नो आन्तरिक स्रोत समेतबाट रु.१२ अर्ब ५५ करोड ५५ लाख व्यहोरेको छ ।

६. **संघलाई बजेट** - प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकार अन्तर्गतका २४ कार्यालयको लागि चालुतर्फ रु.२० करोड ५८ लाख ३२ हजार र पुँजीगततर्फ रु.२० करोड ६२ लाख ७१ हजार गरी कुल रु.४१ करोड २१ लाख ३ हजार बजेट निकासा भई खर्च भएको छ। यसको विवरण **अनुसूची-१२** मा संलग्न छ ।

७. **राजस्व असुली** - सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन गर्न २०७७।७८ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्र भित्रको विभिन्न विषयमा कर लगाउने र उठाउने सम्बन्धमा कर तथा राजस्व संकलन र राजस्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गरेको छ । यस व्यवस्थाबाट रु.८ अर्ब ५२ करोड ८९ लाख २३ हजार असुल भएको छ।

(रु. हजारमा)

शीर्षक	लक्ष्य	रकम	असुली प्रतिशत
कर राजस्व	८३५९१३०	७८०८६६४	९३.४१
गैर कर राजस्व	१२१५००	३१२४४७	२५७.१६
अन्य तथा गत वर्षको नगद मौज्दात	१०५९३६०३	४०७८१२	३.८५
जम्मा	**१९०७४२३३**	**८५२८९२३**	**४४.७१**

७.१. प्रदेश सरकारले २०७७।७८ मा प्राप्त गरेको राजस्व रु.९ अर्ब १३ करोड ६८ लाख रहेको छ । प्रदेश सरकारले वनक्षेत्रको रोयल्टी वापत रु.७ करोड ९४ लाख र सवारी साधन करबाट रु.५२ करोड ८५ लाख असुल गरेकोमा सवारी साधन करतर्फ रु.३१ करोड ९२ लाख प्रदेश सञ्चितकोषमा आम्दानी देखाएको छ।

७.२. प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने कार्य आर्थिक मामिला मन्त्रालयको रहेको छ। साथै प्रदेशले बनाएको कानुन बमोजिम प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था छ । सो अनुसार घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना समेतबाट यो वर्ष असुल गरेको राजस्वको विवरण अनुसूची-८ मा उल्लेख छ ।

८. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

क्र.सं.	अनुदानको विवरण	बार्षिक बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान	६३,००,००	६३,००,००	१००
२	सशर्त अनुदान	६९,९१,१२	६४,७५,७१	९२.६२
३	विशेष अनुदान	५०,००,००	४७,८०,६०	९५.६१
४	समपूरक अनुदान	१,००,००,००	७७,५८,३९	७७.५८
	जम्मा	**२,८२,९१,१२**	**२,५३,१४,७०**	**८९.४८**

प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत यो वर्ष ८८ स्थानीय तहमा रु.२ अर्ब ५३ करोड १५ लाख हस्तान्तरण गरेको छ । हस्तान्तरित अनुदानमध्ये समपूरक अनुदानको रकम सबैभन्दा बढी रहेको छ । उल्लिखित हस्तान्तरित रकम प्राप्त गरेका सबै स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ ।

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २(ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानी, नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतितपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.७७ करोड २४ लाख ८१ हजार रहेको छ । सो बेरुजु अंकको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति तथा अन्य संस्था	जम्मा बेरुजु	कुल बेरुजुको प्रतिशत
जम्मा बेरुजु	**४९५८५६**	**२७६६२५**	**७७२४८१**	**१००**
१. असुल गर्नुपर्ने	२२८५४	६४५७	२९३११	**३.७९**
२. नियमित गर्नुपर्ने	**२०४००३**	**२५०८९८**	**४५४९०१**	**५८.८९**
• अनियमित भएको	५३४८२	५७१७	५९१९९	**७.६६**
• प्रमाण कागजात पेश नभएको	१५०५२१	२४५१८१	३९५७०२	५१.२२
• जिम्मेवारी नसारेको	-	-	-	-
• शोधभर्ना नलिएको	-	-	-	-
३. पेस्की	**२६८९९९**	**१९२७०**	**२८८२६९**	**३७.३२**
• कर्मचारी पेस्की	-	-	-	-
• अन्य पेस्की	२६८९९९	१९२७०	२८८२६९	३७.३२
• प्रतीतपत्र पेस्की	-	-	-	-
• संस्थागत पेस्की	-	-	-	-

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९ र १०** मा उल्लेख छ ।

२. **अद्यावधिक बेरुजु -** गत वर्ष सम्म रु.१ अर्ब २३ करोड ३ लाख १० हजार बेरुजु रहेकोमा यो वर्ष रु.४५ करोड ३१ लाख ७१ हजार सम्परीक्षण भई रु.७७ करोड ७१ लाख ३९ हजार बाँकी रहेको र यो वर्ष रु.७७ करोड २४ लाख ८१ हजार थप भई जम्मा बेरुजु रु.१ अर्ब ५४ करोड ९६ लाख २० हजार कायम भएको छ ।

(रु. हजारमा)

क्र.सं.	**विवरण**	**गत बर्षसम्मको कुल रकम**	**यो वर्षको रकम**	**जम्मा रकम**
१	प्रदेश सरकारी निकायको बेरुजु	७२०३७०	४९५८५६	१२१६२२६
२	समिति तथा अन्य संस्था	५६७६९	२७६६२५	३३३३९४
	जम्मा	**७७७१३९**	**७७२४८१**	**१५४९६२०**

यस सम्बन्धी विवरण **अनुसूची -११** मा रहेको छ ।

३. **बेरुजु विश्लेषण** - प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

३.१. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३७ मा लेखापरीक्षणबाट औँल्याइएको बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौंट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको हुने व्यवस्था छ । सोही ऐनको दफा ३५ मा औँल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौंट गर्ने र फर्स्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पूरा गर्दा समेत २०७७।७८ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची -१३** मा समावेश गरिएको छ ।

३.२. सरकारी कार्यालय र अन्य संस्था/समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रु.हजारमा)

क्र.सं.	**मन्त्रालय/निकायको नाम**	**लेखापरीक्षण अङ्क**	**बेरुजु रकम**	**कुल बेरुजुको प्रतिशत**	**ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत**
१	सामाजिक विकास मन्त्रालय	६,५८३,६९८	३८२९५८	४९.५८	५.८२
२	भौतिक पूर्वाधार विकास मन्त्रालय	११,३६८,१२५	२७४९०४	३५.५९	२.४२
३	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२,७१४,७४९	६१३२०	७.९४	२.२६
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	५२२,१५७	२५९५७	३.३६	४.९७
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३,०२६,८१३	२४९३६	३.२३	०.८२
६	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२२६,५३२	१८२५	०.२४	०.८१
७	प्रदेश सभा सचिवालय	१७०,०६५	५८१	०.०८	०.३४
८	आर्थिक मामिला मन्त्रालय	१०,८०३,८३९	०	०.००	०.००
९	मुख्य न्यायाधिवक्ताको कार्यालय	१२,५८७	०	०.००	०.००
१०	प्रदेश नीति तथा योजना आयोग	२५,६२४	०	०.००	०.००
११	प्रदेश लोकसेवा आयोग	४३,६५६	०	०.००	०.००
	जम्मा	**३५,४९७,८४५**	**७७२४८१**	**१००.००**	**२.१८**

सरकारी कार्यालयतर्फ सामाजिक विकास मन्त्रालय बढी बेरुजु हुने मन्त्रालय तथा निकायको क्रममा पहिलो स्थानमा रहेको, भौतिक पूर्वाधार विकास मन्त्रालय दोस्रो, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तेस्रो र आन्तरिक मामिला तथा कानुन मन्त्रालय चौथो स्थानमा रहेको छ ।

३.३. यो बर्ष प्रदेश अन्तर्गतका १६३ निकायको लेखापरीक्षण गरेकोमा ८८ निकायमा लगती बेरुजु देखिएन।

३.४. यो बर्ष प्रदेश अन्तर्गतका १६३ निकायको १ हजार ३४७ दफा बेरुजु देखिएकोमा ९७३ दफा सैद्धान्तिक र ३७४ दफा लगती बेरुजु कायम भएको छ ।

३.५. प्रदेश सरकारी कार्यालयतर्फ गतवर्षसम्मको पेस्की रु.३६ करोड ६० लाख ७७ हजार बाँकी रहेकोमध्ये रु.२७ करोड ९३ लाख २५ हजार (७६.३० प्रतिशत) फर्स्यौट भई बाँकी रु.८ करोड ६७ लाख ५२ हजार र यो वर्ष थप रु.९२ करोड १३ लाख २३ हजार समेत कुल पेस्की रु.१ अर्ब ८० लाख ७५ हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.६५ करोड २३ लाख २४ हजार र म्याद नाघेको पेस्की रु.२६ करोड ८९ लाख ९९ हजार रहेको छ । सोमध्ये कर्मचारीतर्फ रु.१४ लाख १५ हजार (०.१५ प्रतिशत), मोबिलाइजेशनतर्फ रु.२३ करोड ८८ लाख ६१ हजार (९६.७३ प्रतिशत) र अन्य पेस्की रु.२ करोड ८७ लाख २३ हजार (३.१२ प्रतिशत) रहेको छ ।

त्यस्तै समिति, अन्य संस्थातर्फ गत वर्ष सम्मको पेस्की रु.५ लाख ९४ हजार बाँकी रहेकोमा र यो वर्ष थप रु.२ करोड ७५ लाख ६४ हजार समेत कुल पेस्की रु.२ करोड ८१ लाख ५८ हजार बाँकी रहेको छ । यो वर्ष थप भएकोमध्ये म्याद ननाघेको पेस्की रु.८२ लाख ९४ हजार र म्याद नाघेको पेस्की रु.१ करोड ९२ लाख ७० हजार रहेको छ । सोमध्ये कर्मचारी पेश्की रु.६ लाख ४० हजार (२.२७ प्रतिशत), मोबिलाइजेशन पेस्की रु.१ करोड ८१ लाख ८० हजार (६४.५६ प्रतिशत) र अन्य पेश्की रु.४ लाख ५० हजार (१.६० प्रतिशत) रहेको छ । पेस्की बाँकीको अध्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ ।

३.६. सरकारी कार्यालय तथा समिति एवम् अन्य संस्थासमेतबाट लेखापरीक्षणको क्रममा असुल गर्नुपर्ने देखिएकोमध्ये लेखापरीक्षणको क्रममा रु.७६ लाख १५ हजार, प्रतिक्रियाको क्रममा रु.१० लाख १५ हजार र सम्परीक्षणको क्रममा रु.१ करोड ६८ लाख १७ हजारसमेत गरी रु.२ करोड ५४ लाख ४७ हजार असुल भएको छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा उल्लेख छ ।

३.७. सरकारी कार्यालय, समिति एवम् अन्य संस्थासमेत १४ निकायको रु.१३ लाख ९६ हजार अग्रिम कर कट्टि गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-७** मा उल्लेख छ ।

३.८. प्रदेश कार्यालयतर्फ लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
२०७५	२६१९०५	५९५९	२.२८	५९५९	२.२८
२०७७	२२८२४८६८	८८२८७४	३.८७	४९२७८७	२.१६
२०७८	२६७७७६१०	५७५१५७	२.१५	४३०१०१	१.६१
२०७९	३५४९७८४५	७७२४८१	२.१८	४८४२१२	१.३६

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणबाट देखिएको प्रमुख व्यहोरा

१. **लेखापरीक्षण बक्यौता** - प्रदेश सरकार अन्तर्गत २ निकायको विनियोजन रु.१२ करोड ४७ लाख ६८ हजार, राजस्वतर्फको रु.८ हजार, धरौटी तर्फको रु.७४ लाख ५६ हजार समेत रु.१३ करोड २२ लाख ३२ हजारको लेखापरीक्षण बक्यौता रहेको छ । विस्तृत विवरण ***अनुसूची -२(क)*** मा उल्लेख छ ।

२. **ऐन नियमको पालना** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायहरूले सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गर्न गर्नुपर्ने काममध्ये प्रदेशका निकायहरूले कतिपय खरिद कार्यमा खरिद योजना तयार नगर्ने, योजना अधुरो राख्ने, मालसामान वा निर्माण कार्यको प्याकेज नवनाउने, कम अवधिको जमानत लिने, परामर्शदाता माथि निर्भर रहने, प्रगतिका आधारमा ५० प्रतिशत पेस्की दिनुपर्नेमा पूरै पेस्की दिने, भेरिएसन आदेश स्वीकृत नगराई काम गराउने, निर्माण व्यवसायीको ढिलाईको कारण काम नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने, सम्झौता वमोजिम काम शुरु नगर्ने, वीचैमा काम छोड्ने, सम्झौता अनुसार कार्य प्रगति नगर्ने, निर्माण व्यवसायीको जमानत जफत गरी बाँकी काम गर्न लाग्ने रकम असुल नगर्ने र निर्माण स्थलको तयारी वेगर बोलपत्र प्रकाशन गर्ने जस्ता कार्य गरेको छ ।

यसैगरी नर्म्स वेगर परामर्श सेवा, डिजाइन र निर्माण प्रक्रियाबाट गरिने निर्माण कार्यको लागत अनुमान तयार गर्ने, बोलपत्रबाट गर्नु पर्ने काम टुक्रा पारी सोझै खरिद वा निर्माण गर्ने, उपभोक्ता समितिबाट रु.१ करोड भन्दा बढी लागत अनुमानको काम गराउने,उपभोक्ताको योगदान कम गराउने, योजना हस्तान्तरण नगर्ने, समयमा पेस्की फर्स्यौट नगर्ने, कार्य स्वीकार प्रतिवेदन तयार नगर्ने, सम्झौताको म्याद थप गर्दा मूल्य समायोजनमा पर्ने व्ययभारलाई विचार नगर्ने, भुक्तानी गर्दा ५० प्रतिशत र २०७८।२।१५ देखि ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा नगरी पूरै भुक्तानी दिने गरेको देखियो । ऐन र नियममा उल्लिखित व्यवस्थाको पालना गरी कार्यसम्पादन गर्नुपर्दछ।

३. **वार्षिक नीति तथा कार्यक्रम** - सुदूरपश्चिम प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयहरूलाई प्राप्त कार्य जिम्मेवारीहरू प्राथमिकताको आधारमा आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकार गठन भएको ४ वर्ष भन्दा बढी अवधिमा सरकार गठन पश्चात तुरुन्त गर्नुपर्ने प्रदेश निजामती सेवा ऐन, नियम तर्जुमा, सार्वजनिक सेवा वितरण र गुणस्तर मापदण्ड निर्धारण, स्थानीय तहका कर्मचारीहरूको कानुन तर्जुमा, कार्यसम्पादन करार कार्यान्वयन, विद्यालयहरूको पाठ्यक्रम सुधार, प्रदेश प्रहरी सञ्चालन, प्रदेश भित्रका सडक सुरक्षा मापदण्ड तर्जुमा तथा कार्यान्वयन लगायतका कार्यहरू हालसम्म गरेको देखिएन।

४. **सेवा प्रवाह** – सुदूरपश्चिम प्रदेशको २०७७/७८ को बजेट वक्तव्यको बुँदा १७३ देखि १७७ सम्ममा उल्लिखित सुशासन र सार्वजनिक सेवा प्रवाह अन्तर्गत हेलो मुख्यमन्त्री कार्यक्रमलाई निरन्तरता दिने,

राजनीतिज्ञ एवं कर्मचारीमा सदाचार एवं सुशासनको कार्य संस्कृति प्रवर्द्धन गर्ने, कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको क्रममा प्रदेश र स्थानीय तहबाट भएका खर्च लगायत अन्य संघ संस्थाले गरेको खर्चको विवरण पारदर्शी बनाइने, प्रदेश अर्न्तगतका निकायबाट सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत, समय र उपलब्धि समेतका सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने, नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने, उच्च व्यवस्थापन तहमा कार्यसम्पादन करार गर्ने उल्लेख गरेकोमा ती विषयहरू कार्यान्वयन गरेको देखिएन ।

प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, घुम्ती सेवा प्रदान गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई संयन्त्रको व्यवस्था मिलाई कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

५. **दरबन्दी र पदपूर्ति** – यो प्रदेश २०७४ मा स्थापना भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति गर्नुपर्नेमा प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहतका कार्यालयमा कुल २ हजार ६९९ दरबन्दी स्वीकृत भएकोमा १ हजार ६०८ पदपूर्ती भई १ हजार ९१ पद रिक्त रहेका छन् । रिक्त दरबन्दी पदपूर्ति नहुँदा कार्यसम्पादनमा प्रत्यक्ष प्रभाव परेको छ । दरबन्दी अनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाई कार्यसम्पादन गर्नुपर्दछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट संगठन सर्भेक्षणको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलालेखसँग २०७६।८।२३ मा रु.१९ लाख ९२ हजार भुक्तानी दिने गरी सम्झौता गरेको थियो । उक्त प्रतिष्ठानले तयार गरेको प्रतिवेदन संघीय मन्त्रालयले तोकेको संरचना अनुसार नभएको भनी कार्यालयबाट पुनः आफै ओ एण्ड एम गरी पारित गरेको देखिन्छ । संगठन संरचना, दरवन्दी व्यवस्था र कार्य विवरण तयारी गर्ने विषय संगठनको आन्तरिक कार्य हो । यस्तो कार्यमा संगठनमा कार्यरत जनशक्ति परिचालन गरी अपनत्व लिनुपर्नेमा बाह्य परामर्शदाताबाट कार्य गराउनु औचित्यपूर्ण छैन । ओ एण्ड एम गर्दा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई भुक्तानी गरेको रकमबाट अपेक्षित लाभ प्राप्त भएको देखिदैन । बजेट खर्च गर्नु पूर्व अधिकतम लाभ हुने नहुने यकिन गरेर मात्र खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६. **प्रादेशिक विकास समस्या समाधान समिति** – बजेट वक्तव्य २०७७/७८ को बुँदा नं १९२ मा प्रादेशिक विकास योजना तथा कार्यक्रमहरूको कार्यान्वयनमा देखिने नीतिगत समस्या समाधान गर्न माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा प्रत्येक तीन-तीन महिनामा बैठक बस्ने गरी प्रादेशिक विकास समस्या समाधान समिति गठन गर्ने उल्लेख भएकोमा गठन भएको देखिदैन। साथै बजेट कार्यान्वयनको सिलसिलामा देखिने समस्या समाधानका लागि आर्थिक मामिला मन्त्रीको संयोजकत्वमा प्रत्येक दुई-दुई महिनामा बैठक बस्ने र बजेट कार्यान्वयन अनुगमन निर्देशन समिति गठन गरी बजेट कार्यान्वयनमा सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतलाई समग्र रूपमा जिम्मेवार बनाउने उल्लेख भएकोमा सो समिति समेत गठन भएको छैन । बजेट वक्तव्यको कार्यान्वयन हुनुपर्दछ ।

७. **प्रदेश समन्वय परिषद** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा एक प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । उक्त परिषद्ले बैठक सम्बन्धी कार्यविधि

आफैंले निर्धारण गरे बमोजिम हुने व्यवस्था भए पनि कार्यविधि निर्धारण गरेको देखिएन । परिषद्को यो वर्ष २०७७।९।२८ मा बसेको एकमात्र बैठकले २० निर्णय र ५ प्रतिबद्धता गरेको छ । बैठकले गरेका निर्णयमा कोभिड-१९ को व्यवस्थापनमा सहकार्य र समन्वय गर्ने, प्रदेश र स्थानीय सरकार बीचको वित्तीय सम्बन्धलाई थप सरल र प्रभावकारी बनाउने, बेरुजूको अवस्थामा सुधार ल्याउने, कर्मचारीको अभाव पूर्तिका लागि नेपाल सरकारलाई अनुरोध गर्ने, यस बर्ष सम्पन्न गर्नुपर्ने योजनाको कार्यतालिका बनाई जेठमसान्तमा सम्पन्न गर्न प्रयास गर्ने लगायतका निर्णय गरेको छ । परिषद्को कार्यविधि तयार गरी आवश्यकता अनुसार बैठक बसी प्रदेश र स्थानीय तहको सेवा प्रवाहलाई थप बिश्वसनीय, प्रभावकारी र जनमुखी बनाउन परिषद्ले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

८. **बजेट अवण्डा तथा रकमान्तर** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १० बमोजिम निकायहरूले बजेट प्रस्ताव गर्दा सोही ऐनको दफा ५ बमोजिम प्रस्तावित योजना कार्यक्रमको क्रियाकलापगत विवरण र सो को प्रति इकाई लागतसमेतको आधारमा तयार भएको मध्यकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने योजना, क्रियाकलाप र लागतसमेत खुलाई आगामी आर्थिक बर्षको बजेट अनुमान गर्नुपर्दछ । उक्त ऐनले बजेट अवण्डा राख्ने सम्बन्धमा स्पष्ट व्यवस्थासमेत नगरेको अवस्थामा आर्थिक मामिला मन्त्रालयले पुँजीगत भैपरीमा एकमुष्ट रु.१ अर्ब ५२ करोड ९६ लाख अवण्डा राखेकोमा वर्षान्तसम्म खर्च गरेको छैन । कार्यक्रम स्वीकृत गरेर कार्ययोजना बनाई समयमा कार्यसम्पादन गर्नुपर्नेमा मन्त्रालयमा नै बजेट अवण्डा राखी खर्च नगरेको विषय औचित्यपूर्ण देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

यो वर्ष मन्त्रालयहरू र मातहतले गरेको खर्च रु.२२ अर्ब ९६ करोड ८२ लाख मध्ये रु.४ अर्ब ९२ करोड १५ लाख अर्थात २१.४२ प्रतिशत रकमान्तर गरेको छ । रकमान्तर गर्दा पुष्टयाँई वेगर पटके निर्णयका आधारमा बजेट थप हुने गरेको, विभिन्न कार्यक्रममा रकमान्तर गर्दा बजेट कार्यान्वयनको चरणमा समयावधिको कारणले हतारमा काम गर्दा गुणस्तरमा समेत प्रभाव पर्ने र खर्चको उपलव्धि पनि सार्थक हुन सक्ने देखिँदैन । असार २५ गते पश्चात सञ्चित कोषबाट रु.२ अर्ब २९ करोड ४५ हजार अर्थात कुल खर्चको ९.९७ प्रतिशत खर्च भएको छ । रकमान्तरसमेतबाट आर्थिक बर्षको अन्त्यमा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९. **आन्तरिक लेखापरीक्षण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ । सबै कार्यालयको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी एकैपटक आन्तरिक लेखापरीक्षण प्रतिवेदन जारी गरेको छ । यो वर्ष प्रदेश अन्तर्गतका ९ जिल्ला स्थित १८८ कार्यालयहरूको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.८६ लाख ६४ हजार, अनियमित रु.८८ लाख ९३ हजार, म्याद नाघेको पेस्की बाँकी रु.८ करोड ८० लाख ३४ हजार तथा म्याद ननाघेको पेस्की रु.५७ करोड २० लाख ३३ हजारलाई सैद्धान्तिक बेरुजु कायम गर्दा बाँकी रहने रु.१० करोड ५५ लाख ९१ हजार लगती बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म सम्पूर्ण बेरुजु नियमानुसार फर्स्यौंट तथा सम्परीक्षण भएको देखिएन । कानुनमा भएको व्यवस्था अनुसार

प्रदेश अन्तर्गतका सबै कार्यालयहरूले आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजुहरू समयमै फर्स्यौंट गर्नुपर्दछ ।

१०. **कार्यसम्पादन करार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागीय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख वा जिम्मेवार व्यक्तिले विभागीय प्रमुखसँग आवश्यक प्रतिफल सूचकसहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको बजेट बक्तव्य २०७७।७८ को बुँदा नं १७७ मा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने व्यहोरा उल्लेख छ । उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिनेछ भनी उल्लेख गरे पनि प्रदेश मन्त्रीहरूले प्रदेश सचिवसँग र प्रदेश सचिवले सम्बन्धित कार्यालय प्रमुखसँग कार्यसम्पादन करार गरेको पाइएन। ऐन र बजेट बक्तव्यमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

११. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४६ मा वित्तीय उत्तरदायित्व जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिता अनुसार गर्नुपर्ने कामको कार्यान्वयन अवस्था देखिने अभिलेख मन्त्रिपरिषद्को कार्यालय लगायत अन्य मन्त्रालयले अद्यावधिक गरेका छैनन्। योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवं लेखा उत्तरदायी अधिकृत र विनियोजित बजेट लक्षित उद्देश्य अनुरुप खर्च गर्न नसकेमा सोको जिम्मेवारी निकाय प्रमुख, लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्रीले लिनुपर्ने उल्लेख छ ।सो अनुसार जिम्मेवारी र जवाफदेहिताको पालना भएको देखिएन । सुदूरपश्चिम प्रदेशमा यो वर्ष विनियोजन बजेटको ६६.३० प्रतिशत मात्र खर्च भएको अवस्था छ । ऐनको व्यवस्था अनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन पालना गर्नु गराउनु पर्दछ ।

१२. **कार्यक्रममा दोहोरोपना** - संघ, प्रदेश र स्थानीय तहले सीप तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । श्रम, शिक्षा, कृषि, पशु, युवा सहकारी जस्ता निकायहरूले सरोकारवालालाई दिने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रुपमा सञ्चालन भएको देखिन्छ । तीन वटै सरकारी निकायबीच समन्वय गरी दोहोरो नपर्ने गरी तालिम कार्यक्रमलाई व्यवस्थित गर्नुपर्दछ ।

१३. **लेखा दाखिला** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ दफा २५(२) बमोजिम लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक बर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नु पर्ने व्यवस्था छ । मुख्यमन्त्रीको कार्यालयलगायत सबै मन्त्रालयले २०७७।७८ को एकीकृत वित्तीय विवरण २०७८।१२।२५ सम्म तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेस गरेका छैनन्। सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस हुने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१४. **दिगो विकास लक्ष्यको कार्यान्वयन** - दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक तथा स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयार गरेको छैन । राष्ट्रिय योजना आयोगको मार्गदर्शन अनुसार प्रदेशस्तरमा लक्ष्य कार्यन्वनयको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन । आवश्यक संस्थागत व्यवस्था गरी प्रादेशिक नीति तथा कार्यक्रममा दिगो विकास लक्ष्यको आन्तरिकिकरण हुनुपर्दछ ।

१५. **अनुगमन मूल्याङ्कन** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, प्रदेश सरकार र मातहतबाट सम्पादित कामको अनुगमन र मूल्याङ्कन प्रदेश मन्त्रालयहरूले गर्नुपर्नेमा अनुगमन मूल्याङ्कनको सूचाङ्क तयार गरी नीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गरेको छैन । अनुगमन मूल्याङ्कनको अभावमा कार्यान्वयनमा देखिएका समस्या र यसले पारेको असर सम्बन्धमा जानकारी प्राप्त गरी आवश्यक सुधार गर्न नसकिने भएकोले यसतर्फ ध्यान दिनुपर्दछ ।

१६. **संघीय कार्यालयलाई अख्तियारी** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्रको नीति निर्माण, कार्यान्वयन र व्यवस्थापन गरी कार्यसम्पादन गर्ने कार्य प्रदेश सरकारको हो । प्रदेश सरकारले घोषणा गरेका कार्यक्रमहरू स्रोतको कारणले सम्पन्न हुन नसकेको अवस्था छ भने अर्कोतर्फ २४ संघीय कार्यालयलाई रु.६७ करोड ५० लाख २० हजार बजेट विनियोजन गरेको रकममध्ये ती निकायले रु.४१ करोड २१ लाख ३ हजार खर्च गरेकोमध्ये आर्थिक मामिला, आन्तरिक मामिला तथा कानुन र सामाजिक विकास मन्त्रालय मातहतका कार्यालयलाई दिएको रकम खर्च नभएको अवस्थामा वर्षान्तमा प्रदेश सञ्चित कोषमा दाखिला हुने नै देखिए तापनि सामाजिक विकास मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गतका ६ स्वायत्त निकायलाई निकासा दिएको रकम रु.३५ करोड ५२ लाख ६ हजारमध्ये खर्च नभएको रकम यकिन गरी फिर्तासमेत गराउने व्यवस्था मिलाउनु पर्दछ ।

१७. **सम्पर्क कार्यालय** - प्रदेश सरकारले भौगोलिक र प्रादेशिक सन्तुलनका लागि सबै सामाजिक विकास तथा पूर्वाधारसँग सम्बन्धित निर्देशनालयहरू डोटी जिल्लामा राख्ने निर्णय गरेको छ। डोटी जिल्लामा रहेका स्वास्थ्य, शिक्षा, कृषि, पशुपन्छी र यातायात पूर्वाधार समेत ५ निर्देशनालयहरूले कैलाली जिल्लामा सम्पर्क कार्यालय खोली ४ कार्यालयको लागि दुई लाख पाँच सय का दरले १२ महिनाको रु.२४ लाख ६ हजार भाडा भुक्तानी गरेको छ । प्रदेश सरकार अन्तर्गतकै प्रदेश वन र उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको कार्यालय कैलाली जिल्लामा स्थापना गरी सञ्चालन गरेको छ । डोटी जिल्लामा कार्यालय नखोल्ने तथा प्रदेश सरकारको सहमति बेगर सम्पर्क कार्यालय खोली प्रदेश सरकारलाई थप व्ययभार पार्ने कार्य नियन्त्रण गर्न सम्बन्धित कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

१८. **अनुदान** – प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्यमा प्रदेश सरकारबाट वितरण हुने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता वृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरिने उल्लेख भएकोमा

हालसम्म सो सम्बन्धी नीति तथा कानुन निर्माण गरेको देखिएन । यो बर्ष प्रदेश मातहतका विभिन्न निकायले अनुदान नीति बेगर सामाजिक सेवा अनुदानबाट रु.१ अर्ब २० करोड ९४ लाख तथा व्यवसायलाई सहायता रु.७ करोड १९ लाख ३६ हजार अनुदान खर्च लेखेका छन । अनुदान वितरण गर्दा तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, वितरित अनुदानको प्रभावकारी रुपमा अनुगमन र मूल्याङ्कन नहुने अवस्था छ। अनुदान रकम वितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनी आश्वस्त हुने अवस्था देखिएन । बजेट बक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरी अनुदान दिँदा उत्पादनमा बृद्धि हुने, राजस्वमा योगदान पुग्ने, रोजगारी तथा स्वरोजगारीमा बृद्धि हुने एवं लक्षित वर्ग लाभान्वित हुने तथा अन्य व्यक्ति वा संस्थालेसमेत सो कार्यक्रमको अनुसरण गर्ने मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ ।

१९. **कार्यक्रममा दोहोरोपना** - प्रदेश मन्त्रालय र मातहत कार्यालयले गर्ने जस्तै मठ मन्दिर निर्माण र मर्मत सुधारका कार्य संघ र स्थानीय तहले पनि गर्ने गरेका छन । यस्तो प्रकारले काम गर्दा एउटै कामका लागि तीनै तहका सरकारबाट बजेट तथा कार्यक्रमको व्यवस्था भई खर्च भएको अवस्था छ। यस्तो अवस्था नआउनका लागि प्रदेश मन्त्रालयले संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्यका लागि मन्त्रालयबाट आवश्यक पहल हुनुपर्दछ । सोको लागि संघ तथा स्थानीय तहबाट सञ्चालित योजनाको प्रगति विवरण प्राप्त गरी दोहोरोपना न्यूनिकरणका लागि आवश्यक पहल गरेको छैन ।

स्यालो ट्यूववेलबाट भूमिगत पानी मुख्यरुपमा सिँचाइ गर्ने प्रयोजनका लागि गरिन्छ । यस्तो काम संघीय सरकार मातहतको भूमिगत जलश्रोत विकास समितिले गर्ने गरेकोमा प्रदेश सरकार मातहतको भूमिगत जलस्रोत सम्बन्धी प्राविधिक नै नभएको कृषि ज्ञान केन्द्र, धनगढीले पनि सञ्चालन गरी २६९ स्यालो ट्युवेलमा रु.२ करोड १४ लाख ८५ हजार खर्च गरेको देखियो । डिप ट्युववेल र पावर स्यालोको काम भने यस प्रदेशमा मुख्यरुपमा प्रदेश सरकार मातहतको भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजनबाट हुने गरेको देखिन्छ । उल्लिखित सबै प्रकारको काम स्थानीय तहबाट पनि हुने गरेकोमा धनगढी उप-महानगरपालिकालेमात्र ७५ स्यालो ट्युववेलको काम गरेको देखिन्छ।

एकै प्रकारको काम विभिन्न निकायबाट गर्दा प्रशासनिक खर्च बढाउने, भूमिगत सिँचाईले पुऱ्याएको सेवाको तथ्याँङ्क सहित अद्यावधिक अवस्थाको जानकारी भरपर्दो रुपमा प्राप्त नहुने, एउटै कामको दुई वा सो भन्दा बढी कार्यालयबाट गराउँदा एउटै कामका लागि विभिन्न कार्यालयबाट भुक्तानी पाउने अवस्था समेत आउने हुँदा भूमिगत जलस्रोत सिँचाइको काम एकै निकायबाट गराउन तीनै तहका सरकारको स्पष्ट नीति तथा कार्यक्रम हुन आवश्यक देखिन्छ । यस प्रदेश सरकारले समन्वय र सहकार्यको लागि सम्बन्धित निकायबीच सम्पर्क हुने संयन्त्र विकास गरी बजेट तथा कार्यक्रममा हुनसक्ने दोहोरोपना न्यूनिकरणका लागि आवश्यक पहल गर्नुपर्दछ ।

२०. **प्रगति प्रतिवेदन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक कार्यालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने, नियम ९० मा अनुसूची १३ बमोजिमको ढाँचामा वार्षिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने, नियम ९१ मा वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । सबै मन्त्रालय र कार्यालयहरूले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरूमा भएको भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी प्रगति

विवरण र प्रतिवेदन तयार गरेको नदेखिएकोले निर्धारित ढाँचामा आवधिक र बार्षिक प्रगति प्रतिवेदन तयार गरी सोको विश्लेषण, समीक्षा र अनुगमन हुनुपर्दछ ।

२१. **सरकारी सम्पत्तिको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४(१) मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने र उपनियम (२) मा प्रत्येक कार्यालयले कार्यालयमा रहेको सवारी साधनको लगत तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । प्रदेश मन्त्रालय र मातहतका निकायले नियमानुसार सरकारी घरजग्गाको लगत र सवारीसाधनको लगत अद्यावधिक गरेको नदेखिएकोले नियमानुसार लगत अद्यावधिक गर्नुपर्दछ ।

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३, अनुसूची १ को ३ (५) ले प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने जिम्मेवारी आर्थिक मामिला मन्त्रालयलाई तोकेको छ । सङ्घीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिँचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण भएको तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी लगत तयार गर्ने कार्य भएको पाइएन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ।

२२. **कोभिड-१९ व्यवस्थापन कोष -** सुदूरपश्चिम प्रदेश कोरोना भाईरस (कोभिड १९) रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ बमोजिम स्थापित कोषको सञ्चालन आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गरेको छ। गत बर्ष उक्त कोषमा रु.१ करोड ६ लाख ७५ हजार रहेकोमा यो बर्ष विभिन्न स्रोतबाट रु.१५ करोड ४६ लाख ७४ हजार आम्दानी भएकोमा कोषबाट सामाजिक विकास मन्त्रालय र अन्य निकायलाई रु.१४ करोड २९ लाख २१ हजार निकासा गरी रु.२ करोड २४ लाख २८ हजार मौज्दात बाँकी देखिन्छ । विपद् कोष छुट्टै सञ्चालन गरेको अवस्थामा कोभिड कोषको परिचालन यस मन्त्रालयको कार्य क्षेत्रभित्र रहेको र मन्त्रालयमा सो सम्बन्धी जनशक्ति अभावमा खर्चको उच्चतम उपयोग भएको छ भनी आश्वस्त हुन सकिएन। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

२२.१. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७(३) मा खर्च गर्दा खर्चको बिल, भरपाई तथा अन्य कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारको २०७७।१०।१३ को निर्णयले एक मन्त्री, एक सांसद र एक सर्वसाधारण व्यक्तिको कोभिड संक्रमित भई हवाई उद्दार गर्दा भएको खर्च रु.२७ लाख ९० हजार निकासा भएको छ । कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ मा कोषको रकम आर्थिक सहयोग उपलब्ध गराउने गरी खर्च गर्ने व्यवस्था गरेको छैन। कोरोना भाईरस परिचालन समितिको २०७७।११।२९ को निर्णय अनुसार घुमन्ते भूमिहिन वादी समुदायलाई आर्थिक सहयोग उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय कैलालीलाई रु.९ लाख ८४ हजार निकासा गरेको छ। कोभिड रोकथाम तथा नियन्त्रणको लागि खर्च गर्नुपर्ने रकम आर्थिक सहयोग भनी नगदै वितरण गर्नु नियमसम्मत देखिएन ।

२२.२. कोरोना भाईरस (कोभिड-१९) रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६ को दफा १४ मा कोषबाट खर्च गरेको कार्यको अनुगमन गर्न समिति गठन गर्नसक्ने व्यवस्था छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयलाई रु.२५ लाख, धनगढी उप महानगरपालिकालाई रु.२० लाख, नौ जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालयलाई रु.९४ लाख, पत्रकार महासंघ डडेल्धुरालाई रु.५ लाख, सशस्त्र प्रहरी बल नं.७ बैद्यबाहिनी गण मुख्यालयलाई रु.५ लाख र सामाजिक विकास मन्त्रालयलाई रु.११ करोड ७६ लाख निकासा गरेकोमा सोको अनुगमन गरी प्रगति प्रतिवेदन लिई खर्च र प्रगतिको विश्लेषण गरेको छैन । मन्त्रालयले खर्च लेखेको रकम उद्देश्य अनुसारको काममा खर्च गरी बचत रकम फिर्ता भए नभएको यकिन गरेको छैन । निर्देशिका अनुसार खर्चको अनुगमन गरी बाँकी रकम कोषमा फिर्ता गराउनुपर्दछ।

मन्त्रालय र निकायगत व्यहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश सभा गठन भएको छ । प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट ५३ जना सदस्य छनोट भई प्रदेश सभा गठन भएको छ । प्रदेश सभाले जनताका अपेक्षा एवं आवश्यकता अनुसार प्रदेश कानुनहरू निर्माण, सरकार गठन र नियन्त्रण गर्ने जस्ता कार्यहरू गर्दै आएको छ । संविधानको अनुसूची बमोजिम ९ जिल्ला समावेश गरी सुदूरपश्चिम प्रदेशको गठन भएको छ ।

यो वर्ष सचिवालयको विनियोजन रु.१६ करोड ५३ लाख १६ हजार, राजस्व रु.४ लाख ४४ हजार, धरौटी रु.४२ लाख ९७ हजार र अन्य कारोवार रु.८ हजारसमेत रु.१७ करोड ६५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **विधेयक पारित** - सुदूरपश्चिम प्रदेश सभाको हालसम्म आठ अधिवेशन सम्पन्न भई कूल ५६ विधेयक पारित भएको छ। प्रदेश सभाको सातौं अधिवेशन २०७७।१०।२६ मा शुरु भई २०७८।१।७ मा अन्त्य भएको छ। अधिवेशन अवधिभर २० दिनमा २१ बैठक कूल १५ घण्टा ५९ मिनेट बसेको छ। अधिवेशन अवधिमा ९ विधेयक दर्ता भई ८ पारित भएको छ। प्रदेश कार्यसम्पादनको लागि आवश्यक पर्ने कानुन समयमा नै बनाउनुपर्दछ ।

२. **सचिवको नियुक्ति** - सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको सचिव र सचिवालय व्यवस्था सम्बन्धी ऐन, २०७५ को दफा ८ मा प्रदेश सभा सचिवको नियुक्ति हुँदा ४५ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्ने व्यवस्था छ । प्रदेश सभाले २०७६।२।२८ मा सचिवमा नियुक्ति गरेको एक व्यक्ति नियुक्ति मितिमा नै ६० वर्ष पूरा भइसकेको र निजको २०७८।१०।१ मा राजिनामा स्वीकृत भए पनि यो वर्ष सेवा सुविधा बापत रु.६ लाख ८८ हजार भुक्तानी भएको छ । यसमा प्रदेश सभाको प्रचलित ऐन अनुसार गर्नुपर्ने देखिन्छ ।

३. **बैठक खर्च** - सरकारी खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ अनुसार सरकारी खर्च गर्दा मितव्ययिता अपनाउनु पर्दछ । सचिवालयका पदाधिकारी तथा कर्मचारीको बैठक भत्तामा रु.३८ लाख ६ हजार खर्च गरेको छ । सचिवालयको मुख्य कार्य नै कानुन निर्माण गर्ने हो । कार्यालय समयमा हुने नियमित बैठकमा यस प्रकारको बैठक भत्ता खर्च लेख्नु नियमसम्मत देखिएन ।

४. **कार्यक्रममा दोहोरो खर्च -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (५) मा स्वीकृत कार्यक्रमभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । सचिवालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सञ्चालित तीन कार्यक्रममा सहभागीलाई खाना, खाजा, कोठा भाडा, स्टेशनरी खर्च, गाडी भाडा, ईन्धन तथा अन्य विविध खर्च उपलब्ध गराई कार्यक्रममा सहभागी गराएको उल्लेख गरी पुनः रु.५ लाख ८१ हजार दैनिक भ्रमण भत्तासमेत प्रदान गरेको देखियो । कार्यक्रममा सहभागीहरूको सम्पूर्ण खर्च भुक्तानी दिए पछि पुनः दैनिक भ्रमण भत्ता दिएकोले दोहोरो परेको रकम यकिन गरी असुल हुनुपर्दछ ।

५. **समितिको बैठक र छलफल -** प्रदेश सभाले नेपालको संविधानको धारा १९३ अनुसार प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित बनाउन, सरकारलाई सभाप्रति उत्तरदायी एवं जवाफदेही बनाउन र सरकारले सम्पादन गरेका काम कारवाहीको अनुगमन एवं मूल्याङ्कन गरी निर्देशन तथा राय सल्लाह दिन विषयगत समिति गठन गर्नसक्ने व्यवस्था छ । सभाले विभिन्न पाँच समिति गठन गरे तापनि ती समितिहरूको नियमित बैठक बसी समिति गठनको उद्देश्य अनुसारको कार्यसम्पादन भएको देखिएन । संसदीय समितिहरूको क्रियाशिलताले नै समग्र प्रदेश सभाका कार्य सञ्चालनमा सघाउ पुग्ने हुदा विषयगत समितिले आफुले गरेको कार्य एवं विभिन्न सरोकारवाला निकायवाट प्राप्त प्रतिवेदन उपर छलफल गरी निर्देशन दिने, अनुगमन गर्ने र सो प्रतिवेदनको कार्यान्वयनमा पारदर्शिता कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६. **पदाधिकारीको सेवा सुविधा** - प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(१) मा पदाधिकारी तथा सदस्यले निर्वाचित भई सपथग्रहण भएको मितिदेखि ऐनको अनुसूचि १ र २ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा सुविधा पाउने व्यवस्था छ। ऐनको व्यवस्था अनुसार सचिवालयले यो वर्ष सभामुख, उपसभामुख तथा प्रदेश सभा सदस्य गरी कुल ४६ पदाधिकारीको सेवा सुविधा तथा सचिवालय खर्च समेतमा रु.७ करोड ९० लाख भुक्तानी गरेको छ। पदाधिकारी सुविधामध्ये सभामुख, उपसभामुख, प्रतिपक्षी दलको नेता, मुख्य सचेतक, प्रदेश सदस्यको पारिश्रमिक र सुविधामा विभिन्न प्रदेशमा फरकपना देखिएको छ। प्रदेशका निर्वाचित पदाधिकारीले पनि संघीय सरकारसँग समन्वय गरी सुविधामा एकरुपता कायम गर्न पहल गर्नुपर्दछ।

७. **सवारी साधन सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ६ मा सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक र समितिको सभापतिलाई मात्र सवारी साधन सुविधा उपलब्ध गराउने व्यवस्था छ। प्रदेश मन्त्रिपरिषद्ले उक्त ऐनको अनूसुचि संशोधन गरेर सत्ता पक्षको सचेतक/ विपक्षी दलको प्रमुख सचेतकलाई समेत सवारी सुविधा उपलब्ध गराउने निर्णय गरेपनि ऐनको दफा ६ मा सवारी सुविधा पाउने पदाधिकारीमा ती दुई पद समावेश गरेको छैन । यो वर्ष २ पदाधिकारीको लागि दुई एस.यु.भी गाडी खरिदमा रु.१ करोड ६ लाख र दुई हलुका सवारी चालकको २ महिनामा रु.९० हजार पारिश्रमिक भुक्तानी गरेको छ । कानुनमा व्यवस्था नभएको सुविधा उपलब्ध गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- **बेरुजु स्थिति-** सचिवालयको लेखापरीक्षणबाट यो वर्ष रु.१८ लाख २३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१२ लाख ४२ हजार फर्स्यौंट भई रु.५ लाख ८१ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यालयको कार्यक्षेत्रमा प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृती तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मातहत समेत २ कार्यालयको विनियोजन रु.८ करोड ९९ लाख १३ हजार, राजस्व रु.१ लाख ७५ हजार, धरौटी रु.११ लाख ८३ हजार, कार्य सञ्चालन कोष रु.६ करोड ७ लाख २ हजार समेत रु.१५ करोड १९ लाख ७३ हजार र अन्य २ संस्थातर्फको विनियोजन रु.७ करोड ४५ लाख ५९ हजारसमेत रु.२२ करोड ६५ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन् :

१. **नियमावलीको कार्यान्वयन** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा यस कार्यालयलाई तोकिएका २३ कार्यमध्ये मूख्यरुपमा प्रदेश प्रमूखको निर्देशन कार्यान्वयन र प्रतिवेदन तयार नगरेको, प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जूमा र कार्यान्वयन नभएको, गाउँपालिका तथा नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थासम्बन्धी कानुन तर्जूमा नभएको जस्ता कार्यक्रम कार्यान्वयन भएका छैनन् । मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न प्रदेशस्तरको ऐन निर्माण गर्ने, प्रदेश सरकारको सुशासन नियमावली तर्जुमा गर्ने, प्रशासन सुधार सम्बन्धी ऐन, नीति, नियम तर्जुमा, मानव संशाधन विकास योजना तर्जुमा, प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तर्जुमा र अभिलेख व्यवस्थापन, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण लगायतको कार्य हुन बाँकी रहेको छ । नियमावलीले तोकेका विषयहरूको कार्यान्वयन तालिका बनाई कार्यसम्पादन गर्नुपर्दछ ।

२. **नीति तथा कार्यक्रम** - प्रदेश सभामा प्रस्तुत नीति तथा कार्यक्रमहरूमध्ये संघीयता कार्यान्वयनका बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने, प्रदेशबाट प्रवाह हुने सेवालाई सरल, सहज तथा नतिजा उन्मुख बनाउनको लागि नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गर्ने, प्रदेश सरकार र स्थानीय तहबाट निर्मित कानुनहरूमा एकरूपता, सामन्जस्यता र अन्तर सम्बन्ध कायम गर्ने, प्रदेश तथ्याङ्कका लागि अन्य निकायसँग आश्रित हुनुपर्ने अवस्थाको अन्त्य गर्न प्रदेशस्तरमा संरचनागत व्यवस्था गर्ने, जिल्ला समन्वय समितिलाई स्थानीय तहको कार्यसम्पादनस्तरको समन्वय र अनुगमन गर्ने एकाईको रूपमा विकास गर्ने आदि कार्यहरू कार्यान्वयन भएको देखिएन । उल्लिखित विषयमा सुधार गर्नुपर्दछ ।

३. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको बजेट बक्तव्य २०७७।७८ मा उल्लिखित व्यहोरामध्ये राजधानी पूर्वाधार विकास कार्यलाई प्रभावकारी बनाउन वातावरणीय प्रभाव मूल्यांकन, विस्तृत परियोजना प्रतिवेदन लगायतको कार्य गर्न पुँजीगत अनुदान समेत कुल रु.२ करोड ७४ लाख विनियोजन गरे पनि काम नभएको, दार्चुला जिल्लाको सिमावर्ती ब्यास गाउँपालिकामा संघीय सरकार र स्थानीय तहको समन्वयमा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य जस्ता सामाजिक विकास र सहज सार्वजनिक सेवा उपलब्ध गराई प्रदेश सरकारको उपस्थितिको अनुभूति सहितको एकीकृत विकास गर्दै जान रु.५ करोड बजेट विनियोजन गरेको भए पनि काम नभएको, प्रदेशमा समायोजन भएका

कर्मचारीहरूको एकीकृत सूचना व्यवस्थापन प्रणाली निर्माण गरी सोको अभिलेख व्यवस्थित गरिने, सञ्चालित आयोजना तथा कार्यक्रमको गुणस्तर, लागत, समय र उपलब्धि समेतका सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिने जस्ता विषय कार्यान्वयनमा नआएको अवस्था छ । बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

४. **विनियोजन दक्षता -** यो वर्ष कार्यालयलाई रु.५५ करोड ९१ लाख ८७ हजार बजेट विनियोजन भएकोमा रु.१६ करोड ४४ लाख ७७ हजारमात्र खर्च भएको छ। पुर्णरुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा वित्तीय कार्यसम्पादन २९.४१ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ। कार्ययोजना बनाई कार्यक्रम कार्यान्वयन गरी विनियोजन दक्षता बढाउनुपर्दछ।

५. **शासकीय सुधार -** प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन कार्यालयले अन्य मन्त्रालय र मातहतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था, एकद्धार सेवा प्रणाली कार्यान्वयन, सेवाको गुणस्तर सुधारको लागि उपयुक्त उपायको अवलम्वन, सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर लगायतको अनुगमन गरी प्रदेशको शासकीय अवस्था र सुशासनको सम्बन्धमा जानकारी हुनेगरी प्रगति विवरण तयार गरेको छैन । उल्लिखित विषयमा सुधार गर्नुपर्दछ ।

यस आर्थिक वर्ष मन्त्रिपरिषद्को ३४ बैठक सञ्चालन भई विभिन्न १४६ निर्णय गरेकोमा कार्यालयले मन्त्रिपरिषदबाट भएका निर्णयहरू कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन। मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनको अनुगमनको व्यवस्था मिलाउनुपर्दछ।

६. **गुरुयोजना -** प्रदेश सरकार स्थापना भएको ४ वर्ष भएको छ । प्रदेश सरकार मातहत रहने कार्यसञ्चालनस्तरका निकायको अद्यापि स्थापना हुँदै छन् । प्रदेश सरकारले केन्द्रीय सरकारसँग समन्वय गरेर प्रदेश राजधानी तथा जिल्लाको लागि आवश्यक जग्गा तथा पूर्वाधारको आकलन गरी निर्माण एवं व्यवस्थापनको गुरुयोजना बनाएको छैन । प्रदेश सरकारको लागि आवश्यक स्रोत साधन, जग्गा व्यवस्थापन एवं पूर्वाधारको गुरुयोजना तर्जुमा गरी सोही अनुसार नीतिगत रुपमा सम्बोधन गरेर कार्यसम्पादन प्रक्रिया अगाडि बढाउनुपर्दछ ।

७. **राजधानी तयारीमा ढिलाई -** कैलाली जिल्लाको गोदावरी नगरपालिकामा प्रदेश राजधानी राख्ने निर्णय सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले २०७५।६।१२ मा गरेको थियो। उक्त निर्णय पश्चात प्रदेश मन्त्रिपरिषद्को २०७५।१०।१७ को निर्णयले गोदावरी नगरपालिकाको तेघरीभित्र पर्ने ३० लाख ७ हजार २३७ वर्गमिटर वन क्षेत्र प्राप्त गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई एक शाखा अधिकृतबाट पत्राचार गरेको देखियो। प्रदेश राजधानी निर्माण गर्न राजधानी भौतिक पूर्वाधार विकास परियोजना गठन गरी २०७७।९।१३ मा क्षेत्रीय वन निर्देशकलाई कार्यकारी निर्देशक तोकेकोमा २०७७।१०।७ को निर्णयले भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवलाई तोक्ने निर्णय गरेको देखिन्छ । उक्त परियोजनाका लागि १० अस्थाई कर्मचारीको दरबन्दी स्वीकृत गरी पदपूर्तिका लागि विज्ञापनसमेत गरेकोमा विज्ञापन रद्द गरेको छ। राजधानी स्थापनाको लागि बिस्तृत आयोजना अध्ययन प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कनका लागि एक कन्स्ट्रक्सन एण्ड कन्सल्ट प्रा.लि.बाट काम

गराई रु.८ लाख २५ हजार भुक्तानी गरी सोही अनुरुप पूर्वाधार निर्माणको काम अगाडि बढाउन नेपाल सरकारको सैद्धान्तिक सहमति माग गरी २०७८।१।८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको देखिन्छ। राजधानी स्थापनाको निर्णय गरेको करिब ४ वर्षको समय सकिँदा पनि सो सम्बन्धी प्रक्रिया अघि बढेको छैन । चुरे पहाडसँग जोडिएको उक्त जंगल क्षेत्र विभिन्न वन्यजन्तुको जैविक मार्ग भएको भन्दै बिरोधका कार्यक्रमसहित सर्वोच्च अदालतमा मुद्दा समेत दर्ता भएको अवस्था छ । प्रदेश सरकारले प्राथमिकतामा राखी राजधानी व्यवस्थापनको कार्य अगाडि बढाउनुपर्दछ ।

८. **सम्पर्क कार्यालय** - सुदूरपश्चिम प्रदेश सरकारले यस प्रदेशमा भौगोलिक र प्रादेशिक सन्तुलनका लागि आवश्यक निर्देशनालयहरू डोटी जिल्लामा राख्ने निर्णय गरेको छ । प्रदेश सरकार मातहतका डोटी जिल्लामा रहेका स्वास्थ्य, शिक्षा, कृषि, पशुपन्छी र यातायात पूर्वाधार समेत ५ निर्देशनालयले कैलाली जिल्लामा सम्पर्क कार्यालय खोली ४ कार्यालयको लागि दुई लाख एक हजार मासिक भाडा भुक्तानी गरेको छ।

त्यस्तै प्रदेश सरकार अर्न्तगतको प्रदेश वन, उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय डोटी जिल्लामा नखोली कैलाली जिल्लामा राखेर कार्यक्रम सञ्चालन गरेको देखियो । अन्य निर्देशनालय डोटी जिल्लामा खोलिएकोमा उक्त निर्देशनालय यस जिल्लामा रहनु पर्ने नीतिगत निर्णय तथा प्रदेश सरकारको सहमति रहेको पाइएन । प्रदेश सरकारको निर्णय अनुसार निर्देशनालयहरू डोटीमा राख्ने निर्णय भइसकेपछि कैलालीमा निर्देशनालयस्तरका कार्यालय राखेर व्ययभार बढाउने कार्यमा नियन्त्रण एवं सम्बन्धितलाई जिम्मेवार बनाइ सुधार हुनुपर्दछ ।

९. **भवन निर्माण** - निजामती कर्मचारीका सन्ततिका लागि डोटी जिल्लास्थित दिपायलमा आवासीय विद्यालय भवन निर्माणका लागि रु.२ करोड ३९ लाख ५६ हजारको कार्य २०७८ जेठसम्ममा सम्पन्न गर्ने गरी एक निर्माण व्यबसायीसँग २०७६।९।१ मा सम्झौता भएको छ । चौथो रनिङ्ग बिलसम्म रु.२ करोड २८ लाख ९९ हजार भुक्तानी भए पनि २०७८।५।१५ सम्म कार्य सम्पन्न भएको छैन । सो कार्यको म्याद थप नभएको, पी.एस.आइटमबाट बीमा बापत पेस गरेको बिलभन्दा रु.३७ हजार बढी भुक्तानी दिएको, बीमा गर्दा निर्माण अवधि सुरु भए देखि त्रुटी सुधार गर्ने अवधिसम्मका लागि गर्नुपर्नेमा दुई महिना अवधिको लागिमात्र गरेको, कार्यसम्पादन जमानतको अवधि त्रुटी सुधार गर्ने अवधिसम्मका लागि हुनुपर्नेमा २०७९।३।३१ सम्म मात्र रहेको र ठेक्का सम्झौता अनुसार गुणस्तर परीक्षण गरेको देखिंएन। त्यस्तै नियमन, अनुगमन, मूल्याङ्कन र समन्वय गर्ने जिम्मेवारी भएको यो कार्यालयले विषयगत मन्त्रालयबाट सम्पादन हुने कार्यक्रम समेत आफैंले सञ्चालन गरेको उचित देखिएन । सम्झौता अनुसार काम सम्पन्न गरी कार्य स्वीकार प्रतिवेदन पेस हुनुपर्दछ ।

उक्त आवाशिय विद्यालयलाई व्यवस्थापन खर्च भनी यस बर्ष रु.५० लाख अनुदान दिएकोमा खर्चको पुष्टयाई हुने कागजात वेगर भुक्तानी दिएको र अनुदान दिँदा कार्यविधि, कार्यक्रम र खर्चको पुष्टयाई हुने कागजात पेस नभएकोले खर्च नियमित देखिएन । कार्यविधि, कार्यक्रम र खर्चको पुष्टयाई बेगर दिएको अनुदानको अनुगमन तथा नियमन गरी विधिसम्मत खर्च भएको सुनिश्चित हुनुपर्दछ ।

१०. **मर्मत सुधार** - यो वर्ष कार्यालयले विनियोजित बजेटबाट रु.१० लाख ८६ हजारको मर्मत सुधारका काम गरेको छ । प्रदेश सरकार मातहतको शहरी विकास तथा भवन निर्माण कार्यालय कैलालीबाट मुख्यमन्त्रीको निवास र कार्यालय मर्मतका लागि ५ प्याकेज सोझै र ५ प्याकेज सिलबन्दी दरभाउपत्र समेत रु.१ करोड २८ लाख ९१ हजारको मर्मत सुधारको कार्य गरेको देखियो । एउटै कार्यालयका लागि दुई निकायबाट कुल रु.१ करोड ३९ लाख ७६ हजारको मर्मत सुधारको काम गराएको र सो कार्य यो वर्ष पनि जारी छ । घर जग्गाको स्वामित्व यातायात कार्यालयको नाममा रहेको, कार्यालयको आफ्नै स्वामित्वको संरचना नभएको अवस्थामा अत्यावश्यक मर्मत सम्भार कार्यलाई बार्षिक खरिद योजनामा समाबेश गरी प्रतिस्पर्धा कायम हुने गरी बोलपत्रको माध्यमबाट खरिद गरी मितव्ययिता कायम गराउनुपर्दछ ।

११. **उपचार खर्च** - प्रदेश सरकारले आर्थिक सहायता तथा उपचार खर्च दिने निर्णय गर्दा मापदण्ड तर्जुमा गरी सोही अनुसार निर्णय गर्नुपर्नेमा प्रदेश मन्त्रिपरिषद्को निर्णय अनुसार रु.२५ लाख ९८ हजार उपचार खर्च तथा राहत पाउने गरी पटके निर्णयको आधारमा आर्थिक मामिला मन्त्रालयले अर्थ विविध शीर्षकबाट निकासा दिएको छ । उपचार खर्च तथा राहत रकम वितरण गर्दा स्पष्ट कार्यविधि तथा मापदण्ड तयार गरी आर्थिक सहायता तथा उपचार खर्च निकासा तथा भुक्तानी दिने व्यवस्था हुनुपर्दछ।

१२. **प्रदेश समन्वय परिषद** - संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तर सम्बन्धलाई व्यबस्थित गर्न प्रत्येक प्रदेशस्तरमा एक प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ । परिषद्को २०७७।९।२८ मा बसेको एकमात्र बैठकले २० निर्णय र ५ प्रतिबद्धता गरेको छ ।बैठकले गरेका निर्णयमा कोभिड-१९ को व्यवस्थापनमा सहकार्य र समन्वय गर्ने, प्रदेश र स्थानीय सरकार बीचको वित्तीय सम्बन्धलाई थप सरल र प्रभावकारी बनाउने, बेरुजूको अवस्थामा सुधार ल्याउने, कर्मचारीको अभाब पूर्तिका लागि नेपाल सरकारलाई अनुरोध गर्ने, यस बर्ष सम्पन्न गर्नुपर्ने योजनाको कार्यतालिका बनाई जेठमसान्तमा सम्पन्न गर्न प्रयास गर्ने लगायतका निर्णय गरे पनि यस्ता समस्याहरू यथावत् रहेकाले प्रदेश र स्थानीय तहको सेवा प्रवाहलाई थप बिश्वसनीय, प्रभावकारी र जनमुखी तथा समन्वयकारी बनाउन परिषद्ले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

१३. **दिगो विकास लक्ष्यको कार्यान्वयन** - दिगो विकास लक्ष्य (सन २०१६ - २०३०) को कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीय तहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा विभिन्न मार्गदर्शनहरू उपलब्ध गराएको छ । राष्ट्रिय लक्ष्य गन्तव्य र सूचकलाई सम्बोधन हुने गरी प्रादेशिक लक्ष्य, गन्तव्य र सूचकहरू तोकी सोही अनुसार संस्थागत प्रबन्ध, तथ्याङ्क व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने उल्लेख भएकोमा प्रदेशस्तरमा लक्ष्य कार्यान्वयनको सम्बन्धमा निर्देशक समिति तथा समन्वय समिति गठन भएको छैन ।

प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक प्रभावकारी कार्यान्वनको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणाली कार्यान्वयनमा नल्याएकोले अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्वचालित, व्यवस्थित र नियमित बनाउनुपर्दछ ।

१४. **घुम्तीकोष अनुगमन -** दीगो विकासको लक्ष्य पुरा गर्ने आधारको लागि गरिबी तथा भोकमरी उन्मुलन आधारभूत विषय रहेको छ । साविकमा संघीय सरकारले गरिबी निवारण कोष मार्फत कार्यक्रम सञ्चालन गरिरहेकोमा मुलुकमा ३ तहका सरकार बनेपछि गरिबी निवारण गर्ने जिम्मेवारी साझा अधिकारकै सूचिमा रहेको छ । गरिबी निवारण कोष विघटन हुँदा चालू रहेको घुम्ति कोषहरू स्थानीय तहमार्फत सहकारीमा हस्तान्तरण गर्ने उल्लेख गरे पनि प्रदेश सरकारले आफ्नो प्रदेश मातहत रहेका घुम्ति कोषको अवस्था, सहकारी संस्थाहरूमा हस्तान्तरण भएको र यस्ता कोषहरू चक्रिय रुपमा सञ्चालनमा रहेको अभिलेख अद्यावधिक गर्ने, अनुगमन गर्ने कार्यको थालनी गरेको देखिएन । स्थानीय तहहरूमा रहेका घुम्ति कोषको अभिलेख अद्यावधिक गराई यस्ता कोषमा रहेको रकम गरिबी निवारण हुने कार्यमा परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५. **दरबन्दी र पदपूर्ति** - यो प्रदेश २०७४ सालमा स्थापना भएपछि प्रदेश लोकसेवा आयोगको स्थापना, आयोगको लागि चाहिने कानुन निर्माण, प्रदेश निजामती सेवा ऐन तथा नियमावली निर्माण र पाठ्यक्रम तर्जुमा गरी प्रदेश दरबन्दीका रिक्त पदहरू पदपूर्ति गर्नुपर्नेमा प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालय मातहतका कार्यालयमा कुल २ हजार ६९९ दरबन्दी स्वीकृत भएको छ । स्वीकृत दरबन्दीमध्ये १ हजार ६०८ पदपूर्ति भई १ हजार ९१ रिक्त छन । दरबन्दी रिक्त हुँदा कार्यालयको कार्यसम्पादनमा प्रभाव परेको छ । सो आयोग मार्फत शीघ्र पदपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१६. **संघीय कार्यालयलाई अख्तियारी** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश भित्रको नीति निर्माण, कार्यान्वयन र व्यवस्थापन गरी कार्यसम्पादन गर्ने कार्य प्रदेश सरकारको हो । प्रदेश सरकारले घोषणा गरेका कार्यक्रमहरू स्रोतको कारणले सम्पन्न हुन नसकेको अवस्था छ भने अर्कोतर्फ २४ संघीय कार्यालयलाई रु.६७ करोड ५० लाख २० हजार बजेट विनियोजन गरेको रकममध्ये ती निकायले रु.४१ करोड २१ लाख ३ हजार खर्च गरेकोमध्ये आर्थिक मामिला, आन्तरिक मामिला तथा कानुन र सामाजिक विकास मन्त्रालय मातहतका कार्यालयलाई दिएको रकम खर्च नभएको अवस्थामा वर्षान्तमा प्रदेश सञ्चित कोषमा दाखिला हुने नै देखिए तापनि सामाजिक विकास मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गतका ६ स्वायत्त निकायलाई निकासा दिएको रकम रु.३५ करोड ५२ लाख ६ हजारमध्ये खर्च नभएको रकम यकिन गरी फिर्तासमेत गराउने व्यवस्था मिलाउनु पर्दछ ।

१७. **अनुदान** - प्रदेश सरकारबाट वितरण हुने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमासमेत गरिने भनि आर्थिक बर्ष २०७७।७८ को बजेट बक्तव्यमा उल्लेख भएकोमा हालसम्म सो सम्बन्धि कानुन बनेको देखिएन । यो बर्ष प्रदेश मातहतका विभिन्न कार्यालयले अनुदान नीति बेगर सामाजिक सेवा अनुदानबाट रु.१ अर्ब २० करोड ९४ लाख १० हजार तथा व्यबसायलाई सहायताबाट रु.७ करोड १९ लाख ३६ हजार अनुदान खर्च लेखेका छन । अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, वितरित अनुदानको पनि प्रभावकारीरुपमा अनुगमन र मूल्याङ्कन नहुने अवस्था छ। अनुदान रकम वितरण गरेकै आधारमा सबै काम सम्पन्न भई वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अवस्था देखिएन । बजेट बक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरी अनुदान दिँदा उत्पादनमा बृद्धि हुने, राजस्वमा योगदान पुग्ने, रोजगारी तथा स्वरोजगारीमा

बृद्धि हुने एवं लक्षित वर्गको रुपमा रहने अन्य व्यक्ति वा संस्थालेसमेत सो कार्यक्रमको अनुसरण गर्ने मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ ।

- **बेरुजु स्थितिः** यो बर्ष मन्त्रालय र मातहतका ४ निकायहरूमा देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन् ।

➢ सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट यो वर्ष रु.१३ लाख ७५ हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेको छ यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ ।

➢ समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट यो वर्ष रु.४ लाख ५० हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेको छ जसमध्ये म्याद नाघेको पेश्की रु.४ लाख ५० हजार रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

आर्थिक मामिला मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्र सँगको साझेदारी एवम् समन्वय र सहकार्य सम्बन्धी नीति, योजना, मापदण्ड बनाउने र सोको कार्यान्वयन गरी प्रदेशको आर्थिक क्षेत्रको विकास र प्रभावकारी वित्त व्यवस्थापन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत १२ कार्यालयको विनियोजन रु.२ अर्ब ५९ करोड ७ लाख ९१ हजार, राजस्व रु.८ अर्ब २० करोड १ लाख २७, धरौटी रु.१७ लाख ९४ हजार र कार्यसञ्चालन कोषतर्फको रु.१ करोड ११ लाख २७ हजारसमेत रु.१० अर्ब ८० करोड ३८ लाख ३९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।यस मन्त्रालयको विनियोजन अंकमा प्रदेश सरकारले स्थानीय तहलाई दिएको अनुदान रु.२ अर्ब ५३ करोड १४ लाख समेत समावेश छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कानुन तर्जुमा** - सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले आफ्ना कार्य जिम्मेवारी सम्पादन गर्न प्रदेश सरकारले हालसम्म ५ ऐन, ५ नियमावली, ३ कार्यविधि, २ मापदण्ड निर्माण गरेको र १ नियमावली मस्यौदाको क्रममा रहेको उल्लेख छ । नियमावलीले तोके अनुसार प्रदेश वित्त सन्तुलन, राजस्व प्रशासन, सार्वजनिक खर्च व्यवस्थापन र तथ्याङ्क, सूचना प्रणाली सम्बन्धी ऐन, कानुन तथा नीति तर्जुमा नगरेको भनी गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत छ । आवश्यक सबै ऐन, कानुन तथा नीति तर्जुमा गरी मन्त्रालयको काम कारवाहीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२. **आयव्यय स्थिति** - यो बर्ष गत वर्षको मौज्दात, राजश्व बाँडफाँट, प्रदेश राजश्व र संघीय सरकारको अनुदानसमेत कुल रु.३१ अर्ब ४६ करोड ८५ लाख ६ हजार प्राप्त भएको देखिन्छ । उक्त रकमबाट रु.१० अर्ब ३६ करोड ६२ लाख ९८ हजार चालु खर्च र रु.१२ अर्ब ६० करोड १९ लाख ७६ हजार पुँजीगत खर्चसमेत कुल रु.२२ अर्ब ९६ करोड ८२ लाख ७४ हजार खर्च भई संघीय सरकारलाई अनुदान फिर्ता पठाएको रकम रु.२ अर्ब ३५ करोड ९६ लाख ७८ हजार घटाउँदा रु.६ अर्ब १४ करोड ५ लाख ५४ हजार बचत रहन गएको छ ।

३. **बजेट कार्यान्वयन** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य, नीति र नीति आयोगको मार्गदर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोतसमेतलाई मध्यनजर राखी बजेट बनाउनुपर्ने व्यवस्था छ । मन्त्रालयले तयार गरेको विगत ३ बर्षको बजेट, खर्च र वचतको अवस्था निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

आर्थिक वर्ष	आय व्यय अनुमान	वास्तविक आय	वास्तविक व्यय	फिर्ता तथा समायोजन	बचत
२०७५।७६	२५०६५६१४	२२११६४३१	१४१६३३९१	१८४७२८८	६१०५७५२
२०७६।७७	२८१६२०३५	२५६८९४७४	१७६११९८८	५०१४१४	७५७६०७२
२०७७।७८	३४६४४९९९	३१४६८५०६	२२९६८२७४	२३५९६७८	६१४०५५४

बजेट अनुमानको तुलनामा २०७५।७६ मा ५६.५० प्रतिशत, २०७६।७७ मा ६२.५३ प्रतिशत र २०७७।७८ मा ६६.२९ प्रतिशत खर्च भई तीन वर्षमा औषतमा करिव ६१.७७ प्रतिशतमात्र खर्च भएको छ । बजेट अनुमान कै हाराहारीमा आय प्राप्त भएको तर खर्च न्यून भएको कारण प्रत्येक वर्ष उल्लेख्य रकम बचत रहेको छ । खर्च गर्ने दक्षता वृद्धि नभएको कारण बजेट यथार्थमा आधारित भएको देखिएन । खर्च गर्ने दक्षता बढाई बजेटलाई यथार्थपरक बनाउनुपर्दछ ।

४. **संघीय अनुदान -** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ अनुसार २०७७।७८ नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदान प्राप्ति, खर्च र बाँकीको स्थिति देहायअनुसार छन्:

(रु.हजारमा)

खर्च शिर्षक	बजेट	निकासा	खर्च	बाँकी
समानीकरण अनुदान	८,०७,६८,००	८,०७,६८,००	५,४४,४०,२५	२,६३,२७,७५
सशर्त अनुदान	५,६७,६०,६६	५,५७,९१,७७	३,९१,६९,१४	१,६६,२२,६३
विशेष अनुदान	४८,५०,००	४८,५०,००	३०,७६,४९	१७,७३,५१
समपुरक अनुदान	१,२६,२९,००	१,२६,२९,००	७४,२८,३६	५२,००,६४
जम्मा	**१५,५०,०७,६६**	**१५,४०,३८,७७**	**१०,४१,१४,२४**	**४,९९,२४,५३**

वित्तीय समानीकरण लगायतको अनुदान रु.१५ अर्ब ४० करोड ३८ लाख ७७ हजार निकासा प्राप्त भएकोमा रु.१० अर्ब ४१ करोड १४ लाख २४ हजार अर्थात ६७.५९ प्रतिशत खर्च भएको छ । समानीकरण अनुदान रु.८ अर्ब ७ करोड ६८ लाखमध्ये रु.५ अर्ब ४४ करोड ४० लाख २५ हजार खर्च भई रु.२ अर्ब ६३ करोड २७ लाख ७५ हजार वचत रहेको छ । सशर्त, समपूरक र विशेष अनुदानवापत खर्च हुन नसकेको रु.२ अर्ब ३५ करोड ९६ लाख ७८ हजार संघीय सञ्चित कोषमा फिर्ता भएको छ । प्रदेश सरकारले स्वीकृत बजेट समेत खर्च गर्न नसकेको देखिँदा कार्यसम्पादनस्तरमा सुधार गरी खर्चको दक्षता अभिवृद्धि गर्नुपर्दछ।

५. **कार्यक्रम कार्यान्वयन** - सुदूरपश्चिम प्रदेशको वार्षिक बजेटमा उदघोष भएका विभिन्न कार्यक्रममध्ये मुख्यरुपमा सवारी साधन, इन्धन, मर्मत लगायतका अन्य सार्वजनिक सेवाको खरिदमा मापदण्ड बनाई लागु नगरेको, अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा नगरेको, प्रदेशमा वित्तीय पहुँच विस्तार गर्न संघीय सरकार र नियामक संस्थाहरूसँगको समन्वय र सहकार्यमा प्रदेशका नागरिकलाई आधुनिक वित्तीय प्रणालीसँग आवद्ध नगरेको, प्रदेशको प्रथम आवधिक योजना तर्जुमा नभएको, कोभिड-१९ जस्ता महामारीजन्य रोग संक्रमण रोकथाम एवं नियन्त्रण गर्न भएको बन्दाबन्दीको कारण व्यवसाय गुमाएका उद्यमी एवं नवउद्यमीलाई बैङ्क तथा वित्तीय संस्थासँगको सहकार्यमा साना तथा मझौला व्यवसाय सञ्चालन गर्न आवश्यक पूँजी सहुलियत दरमा उपलब्ध गराउने गरी पुनर्कर्जाको कार्यक्रम कार्यान्वयन नभएको र प्रदेश सार्वजनिक संस्थानहरूमा प्रदेश सरकारको तर्फबाट गर्नुपर्ने शेयर तथा ऋण लगानी वापत रु.३० करोड विनियोजन गरेकोमा लगानी नभएको अवस्था छ । बजेट वक्तव्य तथा कार्यक्रममा समावेश गरेका कार्यक्रमहरूलाई कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

६. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन** – सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २० मा प्रगति समीक्षा प्रतिवेदन समेतका आधारमा समग्र प्रदेशको बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्यांकन गरी आर्थिक मामिला मन्त्रालयले अर्ध वार्षिक र वार्षिक

रुपमा राजस्व असुली, वैदेशिक अनुदान एवं ऋणको प्राप्ति र परिचालन, प्रदेश सरकारका नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयन अवस्था समेतको मूल्यांकन गरी आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र सार्वजनिक गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.३४ अर्ब ६४ करोड ५० लाख बजेट विनियोजन भएकोमा रु.२२ अर्ब ९६ करोड ८३ लाख मात्र खर्च भएको छ । सबै मन्त्रालयको खर्च र भौतिक प्रगतिको मूल्यांकन गरी आर्थिक मामिला मन्त्रालयले वार्षिक प्रतिवेदन सार्वजनिकीकरण गरेको छैन ।तोकिए अनुसार प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

७. **रकमान्तर** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ अनुसार स्वीकृत बजेटको रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर गर्ने कार्य आर्थिक मामिला मन्त्रालयको हुने व्यवस्था छ । वार्षिक बजेट तथा कार्यक्रमले निर्दिष्ट गरेको क्रियाकलापलाई मन्त्रालयले कार्यक्रममा समावेश गरेपछि सोही अनुसार कार्यान्वयन गर्नुपर्नेमा तदनुसार नगरी निश्चित आधार बेगर मन्त्रालय स्वयंले पटकपटक रकमान्तर गरेको व्यहोरा औचित्यपूर्ण छैन। यो वर्ष मन्त्रालयहरू र मातहतले गरेको खर्च रु.२२ अर्ब ९६ करोड ८२ लाख मध्ये रु.४ अर्ब ९२ करोड १५ लाख अर्थात २१.४२ प्रतिशत रकमान्तर गरेको देखियो । वर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने तथा पुष्ट्याई वेगर बजेट थप गरी विभिन्न कार्यक्रममा रकमान्तर गर्दा बजेट कार्यान्वयनको चरणमा समयावधिको कारणले खर्चको उपलव्धी पनि सार्थक हुन सक्ने देखिँदैन । अतः संसदीय जानकारी बाहिर गई रकमान्तर गर्ने कार्य तत्काल नियन्त्रण हुनुपर्दछ ।

८. **विनियोजन दक्षता -** यो वर्ष मन्त्रालयलाई रु.७ अर्ब १८ करोड ५० लाख बजेट विनियोजन भएकोमा रु.२ अर्ब ५९ करोड ५ लाख मात्र खर्च भएको छ। पूर्णरुपले वार्षिक कार्यक्रम सञ्चालन हुन नसक्दा वित्तीय कार्यसम्पादन ३६.०५ प्रतिशत रहन गई विनियोजन दक्षता न्यून देखिएको छ। कार्यक्रम कार्यान्वयनको कार्ययोजना बनाई विनियोजन दक्षता बढाउनुपर्दछ।

९. **अनुदान वितरण** – प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्यमा वितरण गरिने अनुदानलाई नतिजा एवं उत्पादनसँग आबद्ध गरी अनुदानको प्रभावकारिता बृद्धि गर्न सोलाई मार्गदर्शन गर्ने गरी अनुदान सम्बन्धी एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गर्ने समेत उल्लेख भएकोमा हालसम्म सो सम्बन्धी नीति तथा कानुन निर्माण गरेको देखिएन । यो वर्ष मन्त्रालयले एक महासंघलाई रु.६ लाख र एक मंचलाई रु.५ लाखसमेत जम्मा रु.११ लाख अनुदान उपलव्ध गराएको छ । त्यस्तै प्रदेश सरकारका अन्य सरकारी निकायले पनि विभिन्न प्रयोजनका लागि अनुदान उपलव्ध गराउने गरेका छन्। अनुदान नीति बेगर अनुदान वितरण गर्दा तोकिएको उदेश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चितता नहुने जोखिम रहन्छ । अनुदान दिएको रकमबाट उत्पादनमा हुने वृद्धि, राजस्वमा पुग्ने योगदान, रोजगारी तथा स्वरोजगारीमा हुने वृद्धि एवम् लक्षित वर्ग लाभान्वित हुने तथा अन्य व्यक्ति वा संस्थाले समेत सो कार्यक्रमको गर्ने अनुशरणलाई मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ।

१०. **स्वरोजगार कोष -** सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ बमोजिम पुँजी, सीप एवं लगानीका स्रोतको अभाव भएका बेरोजगार जनशक्तिलाई सीप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान दिनको लागि श्रमप्रतिको सम्मान गर्ने

जनशक्ति निर्माण गर्दै बिना धितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउन र सुदूरपश्चिम प्रदेशमा गरिवी निवारण तथा आर्थिक समानता कायम गर्न प्रदेश सरकारले २०७५।७६ मा रु.१ अर्बको कोष खडा गरेको छ । यो वर्ष पनि कोषको कार्यसञ्चालनका लागि रु.४० करोड बजेट विनियोजन गरेकोमा रु.१६ लाख १७ हजार खर्च गरेको छ । कोष स्थापनाको लागि रकम निकासा गर्दा वार्षिक खरिद योजना, नगद प्रवाह विवरण, उपलब्धिमापक सूचक, कार्यान्वयन तालिका र कार्ययोजना सहित कार्यक्रम समावेश नै नगरी एकमुष्ठ रकम छुट्याएको देखियो। कोषले निकासा प्राप्त गरेको रकमलाई अधिकतम प्रतिफल प्राप्त हुने गरी कोष सञ्चालनको कार्ययोजना बनाएको छैन। बचत रकम परिचालन गर्दा 'क' वर्गका वाणिज्य बैंकहरूको यो वर्षको निक्षेप संकलनको औषत लागत ९.९६ प्रतिशत भए पनि आवधिक वचतमा १० प्रतिशतसम्म व्याज भुक्तानी दिने गरेका छन् तर यो कार्यक्रमबाट राष्ट्रिय बाणिज्य बैंकमा रु.१ अर्ब निक्षेप राख्दा कोषले कल डिपोजिटमा व्याज लिने व्यवस्थासमेत मिलाएको छैन ।

विगत वर्ष नै निकासा प्राप्त भएको रु.१ अर्ब मध्ये यस वर्ष कुनै खर्च नगरी पुरै रकम मौज्दात रहेकाले कोष सञ्चालनको औचित्य देखिएन । निकासा भएको रकम तत्काल फिर्ता गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

११. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ८८ स्थानिय तहलाई समानीकरण अनुदान रु.६३ करोड, सशर्त अनुदान रु.६४ करोड ७५ लाख ७० हजार, विशेष अनुदान रु.४७ करोड ८० लाख ६० हजार र समपुरक अनुदान रु.७७ करोड ५८ लाख ३९ हजारसमेत रु.२ अर्ब ५३ करोड १४ लाख ७० हजार अनुदान उपलव्ध गराएको छ । सशर्त, समपूरक र विशेष गरी रु.१ अर्ब ९० करोड १४ लाख ७० हजार निकासा भएकोमा रु.१ अर्ब ७० करोड ९० लाख ४४ हजार अर्थात निकासाको ८९.८८ प्रतिशत खर्च भएको छ । खर्च नभएको रु.१९ करोड २४ लाख २६ हजारमध्ये विभिन्न पालिकाबाट रु.१८ करोड ९ लाख ७९ हजार फिर्ता भई रु.१ करोड १४ लाख ४७ हजार फिर्ता हुन बाँकी देखिएकोले उक्त रकम यथाशीघ्र फिर्ता प्राप्त गर्नुपर्ने देखिन्छ ।

१२. **राजस्वको लेखाङ्कन** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २१ मा विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप नगदमा आधारीत हुने व्यवस्था छ । राजस्वको लेखाङ्कन गर्दा राजस्व व्यवस्थापन सूचना प्रणालीमा जम्मा देखिएका रकमलाई आधारमानी तयार गरेको छ । यो वर्ष प्रदेश विभाज्य कोषमा गतवर्षको मौज्दात र यो वर्ष प्राप्त समेत जम्मा भएको सवारी साधन कर रु.५६ करोड ४० लाख मध्ये रु.५३ करोड २० लाख विभाजन गरी प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर गरेको र रु.३ करोड २० लाख मौज्दात रहेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार रु.१९ अर्ब ७ करोड ४२ लाख राजस्व प्राप्त हुने अनुमान भएकोमा रु.८ अर्ब ५२ करोड ८९ लाख अर्थात अनुमानको ४४.७१ प्रतिशत राजस्व प्राप्ति भएको छ । अनुमानको तुलनामा न्यून राजस्व प्राप्त भएको सम्बन्धमा समीक्षा र विश्लेषण गरी लक्ष्य अनुसार असुली गर्ने कार्यमा मन्त्रालयले ध्यान दिनुपर्दछ ।

१३. **बजेट अवण्डा** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा १६ मा विनियोजन ऐन अनुसार विनियोजित रकम ७ दिनभित्र बाँडफाँट गरिसक्नुपर्ने व्यवस्था छ । बजेट स्वीकृत भएपछि मन्त्रालयले कार्यक्रमको आधारमा निकासा दिई खर्च गर्नुपर्नेमा मन्त्रालयले पुँजीगत भैपरीमा एकमुष्ट भैपरी आउने विकास कार्यक्रम उल्लेख गरी रु.१ अर्ब ५२ करोड ९६ लाख अवण्डा राखेकोमा वर्षान्तसम्म खर्च गरेको छैन । प्रदेश सरकारका विभिन्न पूर्वाधारजन्य कार्यक्रमको लागि कार्यक्रम स्वीकृत गरेर कार्ययोजना बनाई समयमा कार्यसम्पादन गरी लक्षित वर्गमा प्रतिफल पुऱ्याउने कार्य गर्नुपर्नेमा मन्त्रालयमा नै बजेट अवण्डा राखी खर्च नगर्नु औचित्यपूर्ण देखिएन।

१४. **सम्पतिको एकीकृत विवरण** – सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला मन्त्रालयलाई तोकेको छ । संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य नभएको भनी बिगतदेखि औल्याउँदै आएकोमा स्थिति यथावत् छ । मातहत कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१५. **अनुगमन -** गत वर्षको प्रतिवेदनमा स्थानीय तहमा हस्तान्तरित अनुदान रकममध्ये खर्च नभई बाँकी रहेको रकमको लेखा राख्नुपर्ने, वर्षान्तमा खाता बन्द गर्नुपर्ने लगायतका व्यहोरा औल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिएकोले प्रतिवेदनमा उल्लिखित व्यहोराको कार्यान्वयन हुनुपर्दछ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश

१६. **प्रदेश सञ्चितकोष** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २२(१) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको सञ्चित कोषको एकीकृत लेखा तयार गर्नुपर्ने व्यवस्था छ । ऐनको व्यवस्था अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयले सुदूरपश्चिम प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण तयार गरी निम्नानुसार पेस गरेको छ ।

(रू. हजारमा)

(क) प्राप्ति	गत वर्षको रकम	यो वर्षको रकम
१. गत वर्षको मौज्दात जिम्मेवारी	६१००७५२	७,५३,५७,०५
२. राजस्व	६२५७६७३	८,५२,८९,२४
२.१ कर राजस्व	५९१८८५३	७,८०,८६,६५
२.२ अन्य राजस्व	२७७०४१	३१,२४,४७
२.३ संघीय सरकारतर्फको राजस्व बाँडफाँट भई प्राप्त हुने रोयल्टी रकम प्रदेश सञ्चित कोषमा दाखिला हुन बाँकी	-४५०९८	०
२.४ गत वर्षको नगद मौज्दात तथा बेरुजू	१०६८७७	४०,७८,१२
३. संघीय अनुदान	१३२८०९५१	१५,४०,३८,७७
३.१ समानीकरण अनुदान	७९५२४००	८,०७,६८,००
३.२ समपूरक अनुदान	५६६१००	१,२६,२९,००
३.३ सशर्त अनुदान	४४१२४५१	५,५७,९१,७७
३.४ विशेष अनुदान	३५००००	४८,५०,००
४. वित्तीय व्यवस्था		
५. अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम	-५०१४१४	-२,३५,९६,७८
६. चालु आर्थिक वर्षको सञ्चितकोषको खुद मौज्दात	-७५३५७०५	-६,१४,०५,५४

७. प्रदेश आकस्मिक कोष खाताको अल्या	५०००	०
जम्मा प्राप्ति	१७६०७२५७	२२,९६,८२,७४
(ख) भुक्तानी		०
१. चालु वर्षको भुक्तानी		०
१.१ सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च		०
१.२ विनियोजन ऐनद्वारा भएको खर्च (चालु)	८३२३६४१	१०,३६,६२,९८
१.३ विनियोजन ऐनद्वारा भएको खर्च (पुँजीगत)	९२८८३४८	१२,६०,१९,७६
१.४ बैंक समायोजन	-४७३२	
२. वित्तीय व्यवस्था भुक्तानी		
जम्मा भुक्तानी	१७६०७२५७	२२,९६,८२,७४
सञ्चित कोष मौज्दात	७,५३,५७,०५	६,१४,०५,५४

प्रदेश सञ्चित कोषको सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१६.१. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ११२ मा प्रदेश सञ्चित कोषको हिसाव राख्ने तथा राख लगाउने काम प्रदेश लेखा नियन्त्रक कार्यालयलाई तोकिएको छ । सुदूरपश्चिम प्रदेश सरकारको यो बर्षको सञ्चित कोष हिसावको आयतर्फ गतबर्षको बचत समेत रू.३१ अर्ब ४६ करोड ८५ लाखमध्ये खर्च रू.२२ अर्ब ९६ करोड ८२ लाख, संघीय सञ्चित कोषमा फिर्ता भएको रू.२ अर्ब ३५ करोड ९६ लाख घटाउँदा कोषको मौज्दात रु.६ अर्ब १४ करोड ५ लाख देखिन्छ।

१६.२. महालेखा नियन्त्रक कार्यालयको २०७६।४।१ को निर्णयमा २०७६।७७ को शुरु देखि नै तीनै तहका सरकारी निकायहरूको आर्थिक कारोवारको लेखाङ्कनमा नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित स्वीकृत फारामहरूको प्रयोग गरिने उल्लेख छ । महालेखापरीक्षकबाट स्वीकृत मूल प्रतिवेदन फारामहरूमा सञ्चित कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.न. २७१), बजेट तुलनात्मक विवरण र लेखा नीति तथा टिप्पणीहरू रहेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक आर्थिक विवरण तयार पारेता पनि म.ले.प.फा.न.२७१ को ढाँचामा तयार गरेको देखिएन । साथै बजेट तुलनात्मक विवरण र सबै लेखा नीति तथा टिप्पणीहरू प्रतिवेदनमा समावेश छैन । ऐनले निर्दिष्ट गरेको लेखाको ढाँचा तथा आधार अनुसार लेखाङ्कन हुनुपर्दछ ।

१६.३. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २२(४) मा प्रदेश मन्त्रालय अन्तर्गतको सम्पत्ति र दायित्वको लेखाङ्कन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने र सोही आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश अन्तर्गतको स्थिर सम्पत्तिको मूल्याङ्कन सहितको सम्पत्ति र दायित्वको लेखाङ्कन तथा प्रतिवेदन गरेको छैन । तोकिएका फारामहरूको प्रयोग गरी सम्पत्ति र दायित्वको एकीकृत वित्तीय विवरण तयार गर्नु पर्दछ ।

१६.४. प्रदेश सरकारको मन्त्रालयगत राजस्व आम्दानीको विवरण अनुसार रु.९ अर्ब १३ करोड ६८ लाख राजस्व आम्दानी भएकोमा प्रदेश सञ्चित कोषमा रु.८ अर्ब ५२ करोड ८९ लाख र प्रदेश विभाज्य कोषमा रु.६० करोड ७९ लाख आम्दानी बाँधिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-८** मा रहेको छ ।

१६.५. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा प्रत्येक कार्यालयले नेपाल सरकार अर्थ मन्त्रालय तथा आर्थिक मामिला मन्त्रालयबाट स्वीकृत राजस्व

वर्गिकरणको व्याख्या अनुसार लगती तथा हसवली राजस्वको लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सञ्चित कोषको एकीकृत आर्थिक विवरण अनुसार कर तथा गैर कर राजस्व रु.८ अर्ब १२ करोड ११ लाख प्राप्त भएको छ । प्राप्त रकममध्ये लगती तथा हसवली राजस्व यकिन गरी सोही अनुसार लेखा अद्यावधिक गर्नुपर्दछ ।

१७. **आन्तरिक लेखापरीक्षण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयले गर्ने र आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजुहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ । सबै कार्यालयको चौमासिक लेखापरीक्षण गरी प्रतिवेदन दिनुपर्नेमा सो नगरी एकैपटक प्रतिवेदन गरेको छ । यो वर्ष प्रदेश अन्तर्गतका ९ जिल्ला स्थित १८८ कार्यालयहरूको आन्तरिक लेखापरीक्षणबाट असुल गर्नुपर्ने रु.८६ लाख ६४ हजार, अनियमित रु.८८ लाख ९३ हजार, म्याद नाघेको पेस्की बाँकी रु.८ करोड ८० लाख ३४ हजार तथा म्याद ननाघेको पेस्की रु.५७ करोड २० लाख ३३ हजार देखाएकोमध्ये रु.१० करोड ५५ लाख ९१ हजार लगती बेरुजु कायम भएकोमा अन्तिम लेखापरीक्षण हुँदासम्म सम्पूर्ण बेरुजु नियमानुसार फर्स्यौंट तथा सम्परीक्षण भएको देखिएन । कानुनमा भएको व्यवस्था अनुसार प्रदेश अन्तर्गतका सबै कार्यालयहरूले आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजुहरू समयमै फर्स्यौंट गर्नुपर्दछ ।

१८. **सफ्टवेयरमा पहुँच -** महालेखा नियन्त्रक कार्यालयले लेखा राख्ने तथा प्रतिवेदन तयारी प्रयोजनका लागि एकल खाता कोष प्रणाली (टी.एस.ए), कम्प्युटरकृत सरकारी लेखा प्रणाली(सीगास), सार्वजनिक सम्पत्ति व्यवस्थापन (पाम्स), राजस्व व्यवस्थापन सूचना प्रणाली (रिम्स), स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारका कम्प्यूटरकृत प्रणाली लागू गरेको छ ।

प्रदेशहरूको हकमा संघीय सरकारको लेखा महालेखा नियन्त्रक कार्यालयले राखे जस्तै प्रदेशमा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई जिम्मेवारी दिएको छ ।लेखा राख्ने र प्रतिवेदन गर्ने प्रयोजनका लागि महालेखा नियन्त्रक कार्यालयले उल्लिखित प्रणालीको पूर्ण उपयोग गरी आवश्यकता अनुसार सम्बन्धित कार्यालयहरूलाई पनि पहुँच दिएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालय, कैलालीले कैलाली जिल्लाको कारोबारका लागिमात्र उल्लिखित कम्प्युटरकृत प्रणालीमा पहुँच लिइ कारोबार गरेको देखियो । प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा राख्ने र प्रतिवेदन गर्ने प्रयोजनका लागि प्रदेश अन्तर्गतका सबै जिल्लाको सूचनामा पहुँच राखी समयमै प्रदेश सरकारमा प्रतिवेदन बुझाउनु पर्दछ ।

१९. **चौमासिक खर्च** –सुदूरपश्चिम प्रदेशको समग्र चौमासिक खर्च अवस्था निम्नानुसार रहेको छ।

(रु. लाखमा)

शीर्षक	प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		असार		कुल खर्च
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	
चालु	१,१०,४७	१०.६६	२,६५,२७	२५.५९	६,६०,८९	६३.७५	३,६२,८२	३५.००	१०,३६,६३
पुँजीगत	९९,३९	७.८९	२,५५,९८	२०.३१	९,०४,८३	७१.८०	५,८८,४८	४६.७०	१२,६०,२०
जम्माः	**२,०९,८६**	**९.१४**	**५,२१,२५**	**२२.६९**	**१५,६५,७२**	**६८.१७**	**९,५१,३०**	**४१.४२**	**२२,९६,८३**

उल्लिखित तथ्याङ्क अनुसार चालू तथा पुँजीगततर्फ प्रथम चौमासिकमा ९.१४ प्रतिशत, दोस्रो चौमासिकमा २२.६९ प्रतिशत, तथा तेस्रो चौमासिकमा ६८.१७ प्रतिशत खर्च भएको देखिएकोले सञ्चित कोषमा तेस्रो चौमासिकमा खर्चको भार परेको देखिन्छ। वित्तीय सन्तुलन हुने गरी चौमासिक लक्ष्य बमोजिम खर्च हुनुपर्दछ ।

२०. **बर्षान्तको खर्च** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३४ मा प्रत्येक वर्षको असार २५ गतेभित्र प्रदेश अन्तर्गतका कार्यालयहरूले खाता वन्दी गर्नुपर्दछ । खाता वन्दी गरे नगरेको कार्य प्रदेश लेखा नियन्त्रक कार्यालयवाट अनुगमन गर्नुपर्दछ । असार २५ गते पश्चात सञ्चित कोषबाट रु.२ अर्ब २९ करोड ४५ हजार अर्थात कुल खर्चको ९.९७ प्रतिशत खर्च भएको छ । वर्षान्तमा खर्च गर्दा खरिद योजना अनुसार काम गर्न नसकिने, तोकिएको आयोजनामा खर्च नहुने, निर्मित संरचनाहरूको गुणस्तर सुनिश्चितता गर्न नसकिने र निर्माण तथा सुधार कार्यको प्रभावकारी अनुगमन नहुने जस्ता जोखिम रहेकोले खाताबन्दी पश्चात पनि रकम निकासा दिने कार्य बन्द गर्नुपर्दछ।

२१. **धरौटी** - धरौटीको एकीकृत वित्तीय विवरण अनुसार गत वर्षको जिम्मेवारी रु.१ अर्ब ४८ करोड ८८ लाख रहेकोमा यो वर्ष रु.५५ करोड ४१ लाख आम्दानी भई फिर्ता तथा सदरस्याहा समेत रु.२१ करोड ७० लाख खर्च भई रु.१ अर्ब ८२ करोड ५९ लाख मौज्दात रहेको छ ।

२२. **कार्यसञ्चालन कोष** - प्रदेश अन्तर्गत ९ जिल्लाका ९१ कार्यालयमा कार्यसञ्चालन कोष रहेको छ । गत वर्षको जिम्मेवारी रु.३० करोड ७ लाखमा यो वर्ष रु.७५ करोड २२ लाख आम्दानी भई रु.१ अर्ब ५ करोड २९ लाखमध्ये रु.८२ करोड १९ लाख खर्च भई रु.२३ करोड १० लाख मौज्दात रहेको छ ।

२३. **सञ्चित कोषबाट व्यय** - चालु खर्चतर्फ रु.१० अर्ब ३६ करोड ६३ लाख रहेकोमा पारिश्रमिक तथा सुविधामा रु.१ अर्ब ३१ करोड ४३ लाख, अनुदानतर्फ रु.३ अर्ब ७४ करोड ९ लाख तथा सामाजिक सुरक्षामा रु.१२ करोड ९७ लाख खर्च भएको छ भने पुँजीगत तर्फ रु.१२ अर्ब ६० करोड २० लाख अर्थात कुल बजेट खर्चको ५४.८७ प्रतिशत खर्च भएको छ । चालु खर्चलाई निश्चित सीमामा राखी पुँजीगत खर्च वृद्धि गरेर प्रदेश सरकारको पूर्वाधार तथा पूँजि निर्माणमा प्रभावकारिता ल्याउनुपर्दछ।

प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौति रहेका छन् । बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्युटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ ।

२४. **अनुगमन -** गत वर्षको प्रतिवेदनमा स्थानीय तहमा हस्तान्तरित अनुदान रकममध्ये खर्च नभई बाँकी रहेको रकमको लेखा राख्नुपर्ने, वर्षान्तमा खाता बन्द गर्नुपर्ने लगायतका व्यहोरा औल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिएकोले प्रतिवेदनमा उल्लिखित व्यहोराको कार्यान्वयन हुनुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्यमा सह प्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालयको विनियोजन रु.४७ करोड ६६ लाख ७८ हजार, राजस्व रु.४ लाख ६५ हजार, धरौटी रु.१ करोड १० लाख ७६ हजार र कार्य सञ्चालन कोष रु.३ करोड ३९ लाख ३८ हजार समेत रु.५२ करोड २१ लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्

१. **नीति तथा कार्यक्रम -** सुदूरपश्चिम प्रदेश (कार्य सञ्चालन) नियमावली, २०७४ अनुसार मन्त्रालयलाई तोकिएको कार्यमध्ये प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय, प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन, प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय, साइवर सुरक्षा अनुगमन जस्ता महत्वपूर्ण कार्य जिम्मेवारीहरू सम्पादन भएको पाइएन । मन्त्रालयलाई तोकिएका कामको कार्ययोजना बनाई कार्यसम्पादन गर्नुपर्नेमा तदनुसार कार्य भएको छैन । कार्य योजना र प्राथमिकता निर्धारण गरी तोकिएका कार्यसम्पादन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन** - सुदूरपश्चिम प्रदेशको २०७७।७८ को बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रममध्ये सूचना समन्वय ईकाई एवं नियन्त्रण कक्ष स्थापना, प्रदेशभित्रको जिल्ला प्रशासन कार्यालय र कारागारहरूको भौतिक पूर्वाधार विकास गरी व्यवस्थापन, सुधार गर्ने र गैर सरकारी संस्थाको नियमन, अनुगमन, समन्वय र अभिलेखिकरण लगायतका कार्यक्रम कार्यान्वयनमा आउन सकेको देखिएन। बजेटमा व्यवस्था भएको कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

संघीय सरकार मातहतको जिल्ला प्रशासन कार्यालय लगायतका कार्यालयहरूको भौतिक पूर्वाधार विकास तथा निर्माण गर्ने कार्यक्रमलाई बजेट वक्तव्यले समेटे पनि संविधानले प्रदेशको अधिकारको सूचीमा राखेका विषयहरूको कार्यान्वयनलाई प्राथमिकता दिई प्रदेश सरकारको सेवा सञ्चालनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३. **कानुन निर्माण -** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन कानुन तर्जुमा गरी प्रदेश सभाबाट प्रारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार ४२ ऐन, ९ नियमावली, १७ निर्देशिका, कार्यविधि, मापदण्ड, कार्ययोजना तयार गरेको छ । तर प्रदेश प्रहरी, कृषि, पशु, उच्च शिक्षा, वन तथा वातावरण आदि संग सम्बन्धित ३५ क्षेत्रका ऐन तथा नियमहरू तर्जुमा गरेको छैन । प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्न आवश्यक पर्ने कानुन निर्माण गर्नुपर्दछ।

४. **रकमान्तर -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानिय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको

उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुने गरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नुपर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी कार्यक्रम संशोधन गर्नसक्ने व्यवस्था रहेको छ।मन्त्रालयले यो वर्ष मन्त्रालय तथा मातहतका निकाय तथा कार्यालयहरूको शुरु बिनियोजित बजेट रु.९५ करोड ५७ लाख ३६ हजारमध्ये बजेट तथा कार्यक्रम संशोधन गरी रु.६६ लाख ४९ हजारको रकमान्तर गरी सोही बमोजिम बजेट खर्च गरेको छ।

५. **कोभिड -१९ व्यवस्थापन कोष -** सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (कोभिड-१९) रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ बमोजिम स्थापित कोषको सञ्चालन मन्त्रालयले गरेको छ। गत बर्ष उक्त कोषमा रु.१ करोड ६ लाख रहेकोमा यो बर्ष विभिन्न स्रोतबाट रु.१५ करोड ४६ लाख आम्दानी भएको छ।कोषबाट सामाजिक विकास मन्त्रालय र अन्य निकायलाई रु.१४ करोड २९ लाख निकासा गरी रु.२ करोड २३ लाख मौज्दात बाँकी देखिन्छ । विपद् कोष छुट्टै सञ्चालन गरेको अवस्थामा कोभिड कोषको परिचालनसमेत यो मन्त्रालयको कार्य क्षेत्रभित्र रहेको र सो सम्बन्धी जनशक्ति अभावमा खर्चको उच्चतम उपयोग भएको छ भनी आश्वस्त हुन सकिएन। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

५.१. प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७(३) मा खर्च गर्दा खर्चको बिल, भरपाई तथा अन्य कागजात सहित लेखा राख्नुपर्दछ । प्रदेश सरकारको २०७७।१०।१३ को निर्णयले एक मन्त्री, एक सांसद र एक सर्बसाधारण व्यक्तिको कोभिड संक्रमित भई हवाई उद्दार गर्दा भएको खर्च रु.२७ लाख ९० हजार निकासा भएको छ ।

कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७६ मा कोषको रकम आर्थिक सहयोग उपलब्ध गराउने गरी खर्च गर्ने व्यवस्था गरेको छैन। कोरोना भाईरस परिचालन समितिको २०७७।११।२९ को निर्णय अनुसार घुमन्ते भूमिहिन वादी समुदायलाई आर्थिक सहयोग उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय कैलालीलाई रु.९ लाख ८४ हजार निकासा गरेको छ। कोभिड रोकथाम तथा नियन्त्रणको लागि खर्च गर्नुपर्ने रकम आर्थिक सहयोग भनी नगदै वितरण गर्नु नियमसम्मत देखिएन ।

५.२. कोरोना भाईरस (कोभिड-१९) रोगको जोखिम नियन्त्रण उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६ को दफा १४ बमोजिम कोषबाट खर्च गरेको कार्यको अनुगमन गर्न समिति गठन गर्नसक्ने व्यवस्था छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयलाई रु.२५ लाख, धनगढी उप महानगरपालिकालाई रु.२० लाख, नौ जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालयलाई रु.९४ लाख, पत्रकार महासंघ डडेल्धुरालाई रु.५ लाख, सशस्त्र प्रहरी बल नं.७ बैद्यबाहिनी गण मुख्यालयलाई रु.५ लाख र सामाजिक विकास मन्त्रालयलाई रु.११ करोड ७६ लाख निकासा गरेकोमा सोको अनुगमन गरी प्रगति प्रतिवेदन लिई खर्च र प्रगतिको विश्लेषण गरेको छैन । मन्त्रालयले खर्च लेखेको रकम उदेश्य अनुसारको काममा खर्च गरी बचत रकम फिर्ता भए नभएको यकिन गरेको छैन । निर्देशिका अनुसार खर्चको अनुगमन गरी बाँकी रकम कोषमा फिर्ता गराउनुपर्दछ।

६. **विपद् कोष** - विश्वव्यापी फैलिएको कोरोना भाईरस रोगको जोखिमलाई नियन्त्रण गर्न आवश्यक उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ को नियम ६ बमोजिम मन्त्रालयमा विपद् कोष

स्थापना र परिचालन भएको छ । कोषको २०७७।७८ को आय-व्यय बमोजिम गत वर्षको मौज्दात रु.५० लाख, यो वर्ष प्रदेश सञ्चित कोषबाट प्राप्त आम्दानी रु.२ करोड ६० लाख समेत रु.३ करोड १० लाखबाट मन्त्रालय आफैंले ९ जिल्ला प्रशासन कार्यालयलाई रु.१ करोड ४२ लाख ४५ हजार, हवाई उद्दार खर्च रु.९ लाख २० हजार, कार्यालय सामान खरिद रु.६ लाख ६० हजार र विपद् कार्यक्रममा रु.३ लाख ४० हजार गरी जम्मा रु.१ करोड ६१ लाख ६५ हजार खर्च भई रु.१ करोड ४८ लाख ३५ हजार मौज्दात रहेको छ । जिल्ला प्रशासन कार्यालयबाट गरेका खर्च रकमको मन्त्रालयबाट अनुगमन तथा मूल्याङ्कन गरेको पाइएन । कार्यविधि बनाई खर्च गर्ने र खर्चको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

७. **घर जग्गा तथा सवारी साधनको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४(१) बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घरजग्गाको लगत तोकेको ढाँचामा राख्ने र उपनियम (२) मा कार्यालयमा रहेको सवारी साधनको लगत तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । प्रदेश सरकारले प्रयोग गरेको सरकारी घरजग्गा र सवारी साधनको लगत अद्यावधिक गरेको छैन । सरकारी स्रोत र साधनको स्वामित्व र अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

८. **सिन्डिकेट नियन्त्रण -** प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको जिम्मेवारी यस मन्त्रालयमा रहेको छ । प्रदेश भित्रको सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, यातायात क्षेत्रको सिन्डीकेट एवं कार्टेलिङ नियन्त्रण सम्बन्धी प्रदेश ऐन, नियम, कार्यविधि एवं मापदण्ड हालसम्म तर्जुमा हुन नसक्दा यातायात क्षेत्रको कार्टेलिङ र सिन्डीकेट नियन्त्रण हुनसकेको छैन। आवश्यक कानुन तर्जुमा गरी सिन्डिकेट नियन्त्रण गर्नुपर्दछ ।

९. **गैरसरकारी संघ संस्था -** प्रदेशभित्रका गैरसरकारी संघ संस्थाको अभिलेख र समन्वय गर्ने कार्य यस मन्त्रालयको हो । प्रदेशभित्र दर्ता भई सञ्चालनमा आएका गैर सरकारी संघ संस्थाको दर्ता, सञ्चालन, नवीकरण तथा नियमनका लागि आवश्यक ऐन तथा नियमावली तर्जुमा गरिसकेको छैन। संघीय सरकार मातहत रहेको उक्त कार्य प्रदेश सरकार अन्तर्गत हस्तान्तरण भई आएता पनि संघमा दर्ता, सञ्चालन, नवीकरण भएका गैर सरकारी संस्थाको अभिलेख प्रदेशमा अद्यावधिक र नियमन हुन सकेको छैन । प्रदेश भित्रका गैर सरकारी संघ संस्थाको दर्ता नवीकरणका लागि ऐन नियमावली तर्जुमा गरी सो अनुरूप अभिलेख अध्यावधिक गर्ने र सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

१०. **कार्यक्रम सञ्चालन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) मा स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नु पूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । मन्त्रालयले एक पत्रकार महासङ्घ प्रदेश समितिलाई विभिन्न स्थानमा क्षमता विकास सम्बन्धि काम गर्न भनि रु.१७ लाख ५७ हजार, एक पत्रकारीता सम्बन्धी सङ्गठनलाई रु.१० लाख २९ हजार र एक व्यक्तिमार्फत रु.१० लाख ४४ हजार समेत रु.३८ लाख ३० हजार भुक्तानी गरेकोमा उक्त कार्य सञ्चालन गर्न कार्यक्रम स्वीकृत तथा बजेट विनियोजन गर्नुको औचित्य पुष्टि गरेको छैन ।साथै उक्त कार्यक्रम सञ्चालन गर्ने नर्म्स तथा खर्चका प्रमाण कागजात समेत पेस गरेको छैन् । मन्त्रालयबाट वितरणमुखी यस्ता कार्यक्रम स्वीकृत गरी सञ्चालन गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

११. **अनुदान -** मन्त्रालयले १८ सञ्चारगृह तथा ३ पत्रकार महासङ्घ गरी २१ निजी क्षेत्रमा सञ्चालन भएका संस्थालाई जम्मा रु.१ करोड ४० लाख अनुदान वितरण गरेको छ । सञ्चार गृह तथा पत्रकार महासंघले प्राप्त गरेको अनुदान रकमको उपयोगको वित्तीय एवम् भौतिक प्रगतिको विवरण पेस नभएकोले अनुदानको उपादेयता सुनिश्चित गर्न सकिएन। राजस्व प्राप्तिमा योगदान नपुऱ्याउने र रोजगारीमूलक कार्यक्रम नभएका संस्थालाई अनुदान उपलब्ध गराएको विषय औचित्यपूर्ण देखिएन । निजी क्षेत्रका संस्थाहरूलाई अनुदान उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **अधिकार क्षेत्र** - नेपालको संविधानको धारा ५७ सँग सम्बन्धित अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय तहको संयुक्त तथा एकल अधिकार क्षेत्रको उल्लेख छ । संघको अधिकार क्षेत्रको काम संघीय कानुन तथा बजेट अनुसार खर्च गर्नुपर्नेमा शान्ति सुरक्षा र प्रदेश प्रहरी सम्बन्धमा प्रदेश कानुन नबनेको अवस्थामा नेपाल सरकारसँग समन्वय नगरी संघीय सरकार मातहतका विभिन्न निकायको कार्यक्रम सञ्चालन गर्न प्रदेश मन्त्रालय आफैंले सम्पादन गरेको र केही संघीय सरकार मातहतका कार्यालयलाई अख्तियारी दिएको देखियो । मन्त्रालयले पुँजीगत कार्यमा विनियोजन गरेको बजेटमध्ये प्रदेश प्रहरी मुख्यालय निर्माणका लागि रु.२३ करोड ७६ लाख ७ हजार, तीन प्रहरी चौकी निर्माणका लागि रु.५ करोड १० लाख २१ हजार समेत कुल रु.२८ करोड ८६ लाख २८ हजार भुक्तानी दिने गरी ठेक्का सम्झौता गरेको छ । त्यस्तै विभिन्न सवारी तथा अन्य उपकरण खरिदमा रु.५ करोड ४ लाख ३१ हजार खर्च गरेको छ। सोको अतिरिक्त ७ जिल्लाका संघीय प्रहरी कार्यालयको भवन निर्माणको लागि रु.८ करोड ६० लाख सम्बन्धित संघीय प्रहरी कार्यालयलाई अख्तियारी दिएको देखियो। प्रदेश सरकारको बजेटबाट संघीय कार्यालयहरूको भवन निर्माण तथा पूर्वाधार सुधारमा रु.४२ करोड ५० लाख ५९ हजार बजेट व्यवस्था गरेको प्रदेश बजेट सिद्धान्तविपरीत देखिन्छ । प्रदेश सरकारको सञ्चित कोषबाट हुने खर्च प्रदेश सरकारले सञ्चालन गर्ने कार्यक्रममा खर्च गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ ।

१३. **अनुगमन -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्य योजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने व्यवस्था छ । प्रदेश सरकारबाट २०७७/७८ मा यस प्रदेशमा रहेका ८ संघीय प्रहरी कार्यालयलाई रु.९ करोड ८६ लाख बजेट विनियोजन भएकोमा रु.५ करोड ४ लाख खर्च भएको पाईयो ।सम्झौता अनुसार काम भए नभएको सम्बन्धमा मन्त्रालयबाट नियमित अनुगमन गरेको प्रतिवेदन प्राप्त नभएकोले तोकिएको समयमा गुणस्तरयुक्त काम भए नभएको यकिन हुन सकेको छैन । बजेट निकासा प्रणालीमा सुधार एवम् भएको कार्यको गुणस्तरबारे नियमित अनुगमन गर्नुपर्दछ ।

१४. **मुख्यालय भवन निर्माण -** मन्त्रालयको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रदेश प्रहरी मुख्यालय भवन निर्माणको लागि बहुबर्षिय कार्यक्रम स्वीकृत गरी एक निर्माण व्यवसायीसँग २०८०।१।१८ मा काम सम्पन्न गर्ने गरी २०७८।१।१९ मा रु.२३ करोड ७६ लाख ७ हजारको सम्झौता गरेको छ। प्रदेश प्रहरीको स्थापना तथा सञ्चालनको आवश्यक कानुन तर्जुमा नहुँदै, मुख्यालय भवन निर्माणको ठेक्कापट्टाको प्रक्रिया मन्त्रालय आफैंले सञ्चालन गरेको छ। उक्त निर्माणका अतिरिक्त अन्य तीन प्रहरी कार्यालयको भवन निर्माणको कार्य पनि मन्त्रालय आफैंले सञ्चालन गरी यस बर्ष रु.५ करोड २ लाख १८ हजार खर्च गरेको छ। निर्माण प्रक्रिया शुरु गरेको मुख्यालय भवन निर्माण

स्थानको जग्गाको स्वामित्व प्रदेश सरकार मातहत रहेको छैन भने मन्त्रालयमा भवन निर्माण योजना कार्यान्वयन गर्न दक्ष प्राविधिक जनशक्तिसमेत रहेको छैन। यस प्रकारका निर्माण कार्य सञ्चालनस्तरका कार्यालयबाट गराई मन्त्रालय आफ्नो भूमिका र जिम्मेवारीमा केन्द्रित हुनुपर्दछ।

१५. **पूर्व निर्धारित क्षतिपूर्ति -** सम्झौताअनुसार तोकिएको समयमा कार्यसम्पन्न हुन नसक्ने जायज कारण भए कार्यसम्पन्न हुनुअगावै म्याद थपका लागि निवेदन पेस गर्नुपर्दछ । समयमा म्यादथप माग गरी म्याद थप नभई ढिला काम सम्पन्न गरे पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ । प्रहरी चौकी चौरपाटीको भवन निर्माणको लागि एक कन्स्ट्रक्सन प्रा.लिसँग रु.१ करोड ६४ लाख २४ हजार भुक्तानी दिने गरी २०७६।४।५ मा सम्झौता भएको छ । सम्झौता अनुसार २०७७।९।२ मा काम सम्पन्न हुन नसक्ने कारण जनाई २०७७।९।१ को निर्णयले ३ महिना २३ दिन म्याद थप भए पनि ७८ दिन ढिला गरी २०७८।३।१३ मा काम सम्पन्न गरेकोले सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशत प्रतिदिनका दरले रु.७ लाख २४ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने देखिन्छ।

१६. **सवारी साधन खरिद** - सुदूरपश्चिम प्रदेश सरकार (कार्यसञ्चालन) नियमावली, २०७४ वमोजिम यस मन्त्रालयवाट सम्पादन हुनुपर्ने ४१ कामहरूमध्ये १३ मात्र सम्पादन गरी २७ प्रकारका काम सम्पादन हुन नसकेको अवस्थामा कार्यसम्पादन नियमावलीमा उल्लेख नभएको जिल्ला प्रहरी कार्यालयसमेतका लागि वितरण गर्नेगरी सवारी साधन खरिद कार्यमा मन्त्रालय संलग्न भएको देखिन्छ। मन्त्रालयले यो वर्ष रु.५ करोड ४ लाख ४२ हजारमा मोटरसाइकल २१ र ४ पांग्रे १२ थान सवारी साधन खरिद गरेको छ । यो वर्षको पुँजीगत खर्च रु.३३ करोड ७५ लाख ७९ हजारमा सवारी साधन खरिदको अंश १५ प्रतिशत रहेको देखिन्छ। सवारी साधन आवश्यक पर्ने कार्यालय स्वयंले खरिद गर्न सक्नेमा मन्त्रालय स्वयं खरिदमा संलग्न हुनु उचित देखिएन। यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१७. **सी.सी.टी.भी. क्यामेरा खरिद -** पूर्व पश्चिम राजमार्ग अर्न्तगत कैलालीको चिसापानीदेखि कञ्चनपुरको गड्डाचौकीसम्म र कैलालीको अत्तरियादेखि त्रिनगरसम्मका मुख्य स्थानहरूमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने कार्यक्रम अनुसार ७ थान ४ एमपि पिटिजेड र १३१ थान ८ एमपि फिक्स क्यामेरा खरिद एवं जडान कार्यको लागि एक फर्मलाई रु.१ करोड ७१ लाख ३३ हजार भुक्तानी दिने गरी सम्झौता भएको देखिन्छ । उक्त भुक्तानी सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (२) मा उल्लिखित प्रक्रिया अनुसार मालसामानको लागत अनुमान तयार गर्नुपर्नेमा नेपाल टेलिकमका एक प्राविधिकलाई लागत अनुमान तयार गर्न जिम्मा दिएकोमा निजले तीन आपुर्तिकर्ताबाट दर रेट प्राप्त गरी सो दररेटको औसत दर कायम गरी रू.१ करोड ७५ लाख ५० हजार निर्धारण गरेकोले नियमावलीको व्यवस्था अनुसार दर कायम भएको देखिएन ।

१७.२. क्यामेरा र उपकरणहरू जडान भएपछि तोकिएको स्पेशिफिकेसन र गुणस्तर भएको भनि प्रमाणित गर्ने र जडान भएको स्थान समेत खुलाई कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्नमा सो अनुसार नगरेको र जिन्सी आम्दानी बाँधी लगत अधावधिक गरेको छैन। आवश्यक प्रक्रिया पुरा गरी कार्य स्वीकार प्रतिवेदन र जिन्सी लगत अद्यावधिक गर्नुपर्दछ ।

१७.३. राष्ट्रिय राजमार्गहरू संघीय सरकारको कार्य क्षेत्र भित्र रहेको छ । संघीय सरकार अन्तर्गत सडक विभागको सीमा क्षेत्र भित्र विद्युत प्राधिकरणको पोलमा सी.सी.टी.भी. क्यामरा जडान गरेको उल्लेख गरे पनि ती दुवै निकायको स्वीकृति लिएको देखिएन । क्यामरा जडान पश्चात यसको परिचालन गर्ने सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको स्वीकृति र जिल्ला प्रहरी कार्यालयमा अभिलेख राख्ने व्यवस्था कार्यान्वयन भएको छैन । जडान भएका १३१ सी.सी.टी.भी. जडान पश्चात मर्मत सम्भार समेत गरी दिगोपना कायम राख्ने सम्बन्धमा स्पष्ट नभएकोले सम्बन्धित निकायले अभिलेख राखी नियमित मर्मत सम्भार तथा दिगोपनाको सुनिश्चितता हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालयको लेखापरीक्षणबाट रु.२ करोड ५९ लाख ५७ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगरेकाले बाँकी रहेको छ । सो मध्ये रु.१ करोड ७३ लाख ५५ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा उद्योग, वाणिज्य, पर्यटन, वन तथा वातावरण सम्बन्धी कार्यका लागि आवश्यक नीति, कानुन, कार्यक्रम तथा योजनाहरू तयार गर्ने, उद्योग, वाणिज्य, पर्यटनको प्रवर्द्धन, विकास र नियमन, पर्यटन विकासको लागि योजना निर्माण, पूर्वाधार विकास, खानी तथा खनिज पदार्थको अन्वेषण, व्यवस्थापन तथा नियमन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापन सम्बन्धी नियमन र व्यवस्थापन, विज्ञान प्रविधि र वातावरण क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत २७ सरकारी कार्यालयको विनियोजन रु.२ अर्ब ४ करोड ७७ लाख २८ हजार, राजस्व रु.१२ करोड ८३ लाख ९ हजार, धरौटी रु.७५ करोड ६९ लाख ४२ हजार र कार्यसञ्चालन कोष रु.७ करोड ७७ लाख १ हजारसमेत रु.३ अर्ब १ करोड ६ लाख ८० हजार र समितितर्फ २ निकायको रु.१ करोड ६१ लाख ३३ हजारसमेत रु.३ अर्ब २ करोड ६८ लाख १३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावलीमा मन्त्रालयलाई ६२ विषयमा नीति, मापदण्ड तथा योजना तर्जुमा गर्ने र सहजीकरण तथा समन्वय गर्ने गरी कार्यक्षेत्र तोकिएको छ । सो मध्ये व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी नीति तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण, उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, प्रदेशस्तरमा वन व्यवस्थापन, जलवायू परिवर्तन अनुकूलन, ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन, उपभोक्ता अदालत गठन र सञ्चालन, पर्यटन प्रहरी व्यवस्थापन, करार, साझेदारी र एजेन्सीसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन लगायतका विषयमा कानुन, नीति तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन भएको देखिएन । तोकिए बमोजिमको कार्य जिम्मेवारी अनुसार कार्यसम्पादन हुनुपर्दछ ।

२. **बजेट कार्यान्वयन –** प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्यमा मन्त्रालयले सम्पादन गर्ने बुँदामध्ये प्रादेशिक वन, उद्योग, वाणिज्य, आपूर्ति, खनिज उद्योग र पर्यटन नीति तर्जुमा गर्ने, जलाधार स्रोतहरूको संरक्षण र व्यवस्थापन, सीमसार क्षेत्रको अभिलेखीकरण र वर्गीकरण, जैविक विविधताको अभिलेख र वनको नक्साङ्कन गर्ने, जडीबुटीको व्यवसायीक सङ्कलन, उत्पादन एवम् बजारीकरणका निमित्त प्रदेश सरकार, जडिबुटी विकास कम्पनी लिमिटेड सञ्चालन गर्ने उल्लेख गरेकोमा ती नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन ।

प्रदेशलाई औद्योगिकीकरणको दिशातर्फ उन्मुख गराउन संघीय सरकार र स्थानीय तहको सहकार्यमा "एक स्थानीय तह, एक औद्योगिक ग्राम" क्रमशः स्थापना गरिने, साईपाल, जेठी बहुरानी र अपि हिमाल आरोहण एवं साहसिक पर्यटनको पूर्वाधार विकास एवं प्रवर्द्धन गर्ने, प्रदुषण न्यूनीकरण र नियन्त्रण गर्न प्लास्टिकको प्रयोगमा नियन्त्रण एवं नियमन गरी वैकल्पिक स्थानीय सामग्रीको उपयोगलाई प्रोत्साहन गर्दै कैलाली र कञ्चनपुरमा वायुप्रदुषण मापन केन्द्रको स्थापना सम्बन्धी कार्यहरू कार्यान्वयन भएको पाइएन । बजेट बक्तव्यमा उल्लेख गरिएका नीति कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

३. **लेखा दाखिला -** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २५ ले तोके बमोजिम लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयसमेतको प्रत्येक आर्थिक बर्षको सम्पूर्ण आय व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ ।यस मन्त्रालयले लेखापरीक्षण समय २०७८।१२।२५ सम्म एकीकृत वित्तीय विवरण तयार गरी पेस गरेको छैन । सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस हुने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

४. **अनुगमन मूल्याङ्कन -** मन्त्रालयले कार्यक्रम केन्द्रित भई अनुगमन गर्नुपर्नेमा यस बर्ष अनुगमन मूल्याङ्कनका लागि मुख्यरुपमा दुई कार्यक्रमबाट रु.२५ लाख ६९ हजार खर्च गरेको छ । प्रदेश बाहिरका जिल्लामा गएको कामलाईसमेत स्पष्ट आधार प्रमाण बेगर अनुगमन मूल्याङ्कनमा गएको भनि भ्रमणका व्यहोरा उल्लेख गरी प्रतिवेदन दिएको आधारमा भुक्तानी दिने गरेको छ । अनुगमन मूल्याङ्कनबाट कार्यक्रम सञ्चालन एवं सेवा प्रवाहमा देखिएका कमि कमजोरी पहिचान गरी आगामी बर्ष सञ्चालन गरिने कार्यक्रमका लागि सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गरी राखु पर्नेमा भ्रमण खर्च फस्यौंट प्रयोजनका लागिमात्र भ्रमण प्रतिवेदन लिनेदिने कार्य भएको देखियो । यस्तो प्रकारले अनुगमन मूल्याङ्कन खर्च लेखु मनासिब देखिदैन । यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

५. **कार्यक्रममा दोहोरोपना** - मन्त्रालय र मातहत कार्यालयले गर्ने जस्तै मठ मन्दिर निर्माण र मर्मत सुधारका कार्य संघ र स्थानीय तहले पनि गर्ने गरेका छन । यस्तो प्रकारले काम गर्दा एउटै कामका लागि तीनै तहका सरकारबाट बजेट तथा कार्यक्रमको व्यवस्था भई खर्च भएको अवस्था छ। यस्तो अवस्था नआउनका लागि यस मन्त्रालयले संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्यका लागि मन्त्रालयबाट आवश्यक पहल हुनुपर्दछ । सोको लागि संघ तथा स्थानीय तहबाट सञ्चालित योजनाको प्रगति विवरण प्राप्त गरी दोहोरोपना न्यूनिकरणका लागि आवश्यक पहल गरेको छैन । यस प्रदेश सरकारले समन्वय र सहकार्यको लागि सम्बन्धित निकायबिच सम्पर्क हुने संयन्त्र विकास गरी बजेट तथा कार्यक्रममा हुनसक्ने दोहोरोपना न्यूनिकरणका लागि आवश्यक पहल गर्नुपर्दछ ।

६. **तीनै तहबाट एकै प्रकृतिका कार्यक्रम -** संघ, प्रदेश र स्थानीय तहले सीप तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । श्रम, शिक्षा, कृषि, पशु, युवा सहकारी जस्ता निकायहरूले सरोकारवालालाई दिने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रुपमा संचालन भएको देखियो । तीन वटै सरकारी निकायबीच समन्वय गरी दोहोरो नपर्ने गरी तालिम कार्यक्रमलाई व्यवस्थित गर्नुपर्दछ ।

७. **मझगाउँ विमानस्थल -** कञ्चनपुरमा निर्माण हुने मझगाऊँ विमानस्थलको स्तरोन्नति तथा कालोपत्रे गरी सञ्चालन गर्न भिमदत्त र दोधारा चादँनी नगरपालिकाले रु.१ करोड ५२ लाख, प्रदेश सरकारले २०७८।७९ मा रु.८ करोड ७५ लाख समेत रु.१० करोड २८ लाख नेपाल नागरिक उड्डयन प्राधिकरणमा पठाएपनि निर्माण कार्य अगाडि बढेको छैन । निर्माणको प्रारुप र कार्यक्रम स्वीकृत नहुँदै एवं विमानस्थलको लाभ लागत विश्लेषण पूर्व नै प्रदेश तथा स्थानीय तहबाट बजेट खर्च लेखेको औचित्यपूर्ण देखिएन ।

८. **लेखापरीक्षण** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३३ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा

कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । साविकमा संघीय सरकारको कार्य क्षेत्रमा रहेको खप्तड क्षेत्र विकास समिति हाल सुदूरपश्चिम प्रदेश सरकार मातहत रहेको छ । उक्त विकास समिति संघीय सरकार अर्न्तगत रहँदा सबै आय व्ययको लेखापरीक्षण गराउनु पर्नेमा आर्थिक बर्ष २०७२।७३ देखि लेखापरीक्षण गराएको देखिदैन । सुदूरपश्चिम प्रदेश सरकारबाट स्वीकृत खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५ बमोजिम उक्त समिति गठन भएपछि यो वर्ष रु.२ करोड २ लाख १० हजार निकासा गरेको छ । समितिमा प्रदेश सरकारबाट गएको बजेटमात्र नभई नेपाल सरकार, स्थानीय तह, अन्य विभिन्न श्रोत र समितिले आफैले उपलव्ध गराएको सेवाबाट पनि रकम प्राप्त हुने व्यवस्था रहेकोले संघीय सरकार मातहत रहँदा देखिको सबै आय-व्ययको वित्तीय विवरणहरू तयार गरी आन्तरिक लेखापरीक्षणसमेत गराई अन्तिम लेखापरीक्षण गर्न गराउन मन्त्रालयबाट समन्वय हुनुपर्दछ ।

९. **पर्यटकीय व्यबसाय दर्ता -** सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन नियमावली), २०७४ मा पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, च्याफ्टिङ्ग आदिको दर्ता अनुमति, नवीकरण र नियमन गर्ने उल्लेख भए अनुसार यस प्रदेशमा होम स्टे १३ दर्ता भएकोमा २ मात्र नवीकरण भएको, टुर्स एण्ड ट्राभल्स ४१ दर्ता भएकोमा १६ मात्र नवीकरण भएको र च्याफ्टिङ्ग १ दर्ता भएकोमा नवीकरण नै नभएको विवरण प्राप्त भएको छ । त्यसैगरी होटेल, रिसोर्ट, लज र गाइड सम्बन्धी व्यवसायी हालसम्म दर्ता नभएको देखिन्छ । दर्ता भएकामध्ये अधिकांश व्यवसायीको नवीकरण नभएको, प्रदेशमा पर्यटकीय स्तरका होटेल, रिसोर्ट र लज भए पनि दर्ता भएको नदेखिनुले अनुगमन मूल्याङ्कन पक्ष कमजोर रहेको अवस्था देखिन्छ । प्रदेशमा रहेका सबै प्रकारका पर्यटकीय व्यबसायलाई दर्ता, नवीकरण गरेरमात्र कारोवार गर्न लगाउने, कसैले दर्ता र नवीकरण नगरी कारोवार गरेको पाइए कानुन बमोजिम दण्ड जरिवाना गर्ने व्यवस्था हुनुपर्दछ ।

१०. **वन मुद्दाको अवस्था -** मन्त्रालयमा मातहतका ९ डिभिजन वन कार्यालयहरूमा गत वर्ष ७४ र यो वर्ष ५६ समेत १३० वन सम्बन्धी मुद्दा दर्ता भएकोमा २५ किनारा लागि १०५ मुद्दाहरू फर्स्यौंट हुन बाँकी देखिएको छ । कुल मुद्दाको १९ प्रतिशत मात्र फर्स्यौंट भई ८१ प्रतिशत मुद्दा फर्स्यौंट हुन बाँकी रहेको देखिन्छ। वन सम्बन्धी मुद्दाहरू फर्स्यौंटको कार्ययोजना बनाई फर्स्यौंट गरी सेवा प्रवाह र वन व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ।

११. **वन अतिक्रमण -** मन्त्रालयमा मातहतका ९ डिभिजन वन कार्यालयहरूमा गत वर्षसम्म २० हजार ४४६ हेक्टर र यो वर्ष थप ६५ हेक्टर समेत कुल २० हजार ५११ हेक्टर वन क्षेत्र अतिक्रमण भएकोमा २७ हेक्टर अतिक्रमण हटाइ २० हजार ४८४ हेक्टर अतिक्रमण भएको विवरण प्राप्त भएको छ । अतिक्रमित वन क्षेत्र पूर्ववत अवस्थामा पुऱ्याउनका लागि सरोकारवालाको सहयोग र समन्वयमा मन्त्रालयले कार्ययोजना बनाई मातहतका कार्यालय मार्फत वन क्षेत्रको संरक्षण गर्न ध्यान दिनुपर्दछ ।

१२. **उद्योग दर्ता तथा नवीकरण -** गत वर्षसम्म ३६ हजार ७०८ उद्योग दर्ता भएको मध्ये २ हजार २२४ मात्र नवीकरण भएको र थप ३ हजार ३०८ समेत यसै बर्ष नवीकरण गर्नुपर्ने भए पनि नवीकरण नगरी बसेको जानकारी मन्त्रालयले दिएको छ। दर्ता गरेर नवीकरण नगरेका व्यवसायी र

दर्ता नभई कारोवार भएका व्यबसायीको खोजी गरी कानुन बमोजिम व्यवसाय सञ्चालन गर्ने गराउने कार्य भएको छैन ।

मन्त्रालयले लेखापरीक्षणमा उल्लिखित व्यहोरा अनुसारको उद्योगको विवरण उपलव्ध गराए पनि मन्त्रालयबाट प्रकाशित वार्षिक प्रतिवेदनमा गत बर्षसम्म ३६ हजार १४५ मात्र उद्योग दर्ता भएको देखिएकोमा ५६३ को संख्यामा उद्योगको विवरण फरक परेको देखिएकोले मन्त्रालयको तथ्याङ्क विश्वसनीय देखिएन । तसर्थ मन्त्रालयले उद्योगहरूको यथार्थ र अद्यावधिक अभिलेख राखी कानुन बमोजिम व्यवसाय सञ्चालन गर्ने गराउने व्यवस्था हुनुपर्दछ ।

प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई

१३. **विद्युतीय खरिद -** विद्युतीय खरिद प्रणाली निर्देशिका, २०७४ को बुँदा ३५ मा साठी लाख रुपैयाँभन्दा बढीको सामान खरिद र रु.२ करोडभन्दा बढीको निर्माण कार्य गराउँदा सार्वजनिक खरिद अनुगमन कार्यालयले सञ्चालनमा ल्याएको विद्युतीय खरिद प्रणालीको मात्र प्रयोग गर्नुपर्ने तर आवश्यक ठानेमा जतिसुकै रकमको खरिद गर्दा उक्त प्रणाली प्रयोग गर्न सकिने व्यवस्था अनुसार कार्यालयले यो वर्ष निर्माण कार्यका ४ मध्ये ३ ठेक्का विद्युतीय खरिदको प्रयोग गर्दा लागत अनुमानभन्दा ३७.०८ देखि २७.८२ प्रतिशत घटी कबोल भई सम्पन्न भएका छन् । विद्युतीय खरिद माध्यम नअपनाएको ठेक्का लागत अनुमानभन्दा १.६८ प्रतिशतमात्र घटी कवोल अर्थात् रु.२८ लाख ६३ हजारमा सम्झौता भएको छ । प्रतिस्पर्धाको दृष्टिकोणले इ-विडिङ्गबाट ठेक्का व्यवस्थापन हुँदा मितव्ययी समेत देखिएकोले ई-विडिङ्गबाट खरिद गर्ने कार्य पूर्ण रुपमा लागू गर्नुपर्दछ ।

१४. **टुक्रे योजना** - पर्यटन विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको साझा सूचीमा पर्ने कार्यक्रम हो। स-साना बजेट भएका कार्यक्रम जनताको माग तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहबाटै गर्दा गराउदा प्रभावकारी हुन्छ । स्थानीय स्तरबाटै कार्यान्वयन गर्न सकिने, अनुगमन मूल्याङ्कन गर्न सहज हुने, टुक्रे र स-साना कार्यक्रम पनि प्रदेश सरकारले सञ्चालन गरेको देखियो। प्रदेश सरकार मातहत रहेको कार्यालयले लागत/लाभ विश्लेषणबाट उपयुक्त नदेखिने ६८ योजनाका लागि रु.१ लाख ५० हजार देखि रु.५ लाखसम्मका टुक्रे योजनामा उपभोक्ता समितिमार्फत कुल रु.३ करोड १३ लाख ९४ हजार खर्च गरी प्रदेशबाटै काम सम्पन्न गरेको छ । साझा सूचीमा परेका कार्यमध्ये स-साना र टुक्रे कार्यक्रम स्थानीय तहबाट सम्पादन गर्ने गरी प्रदेशको कार्यसम्पादनमा सुधार हुनुपर्दछ ।

१५. **कार्य क्षेत्र -** सुदूरपश्चिम प्रदेशमा पर्यटन विकास कार्यक्रम सञ्चालनका लागि प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाईको कार्यालय धनगढीमा रहेको छ । उक्त कार्यालयलाई यस प्रदेश भरीको काम गर्ने कार्य क्षेत्र तोकेको भए पनि कैलाली र कन्चनपुरका कार्यक्रम मात्र कार्यान्वयन गरी अन्य जिल्लाको कार्यक्रम सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालयमार्फत गराउने गरेको छ । एकै प्रकारका काम दुई कार्यालयबाट गराउनु मनासिब देखिदैन । प्रशासनिक खर्च समेत कम हुने र निर्माणसँग सम्बन्धित प्राविधिक भएकै कार्यालयबाट काम गराउन तालुक निकायको ध्यान जान जरुरी देखिन्छ ।

१६. **पर्यटन प्रवर्द्धन -** संघ प्रदेश र स्थानीय तहको जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना बाँडफाँट तथा वर्गीकरण मापदण्ड, २०७६ को बुँदा नं १.२ मा संस्कृति पर्यटन तथा नागरिक

उड्डयन तर्फ प्रदेशको अधिकार क्षेत्रमा प्रदेश स्तरका पर्यटन पूर्वाधार, भाषा, लिपि संस्कृति, ललितकला र धार्मिक सम्पदा संरक्षण, प्रदेश संग्रहालय र संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन कार्य प्रदेशको कार्यक्षेत्रभित्र पर्ने उल्लेख छ । तर यस कार्यालयले पर्यटन प्रवर्द्धनकालागि सञ्चालन गरेका १५८ योजनामध्ये ८६ मन्दिर निर्माण तथा घेरबारमा रु.५ करोड ७७ लाख १५ हजार खर्च गरेकोमा रु.१० लाखभन्दा घटीका ८० योजना रहेका छन् । पर्यटन प्रवर्द्धनका अन्य ७२ योजनामध्ये ६७ योजना रु.१० लाखभन्दा घटीका योजना सञ्चालन गरेको देखिन्छ । प्रदेश तहबाट योजना निर्माण तथा कार्यान्वयन गर्दा ठूला र पर्यटन प्रवर्द्धनमा उल्लेखनीय प्रभाव पार्ने योजना कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्नेमा कार्यालयबाट स-साना आयोजना सम्पादन गरेको कारण लागत प्रभावी र औचित्यपूर्ण देखिएन ।

१७. **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता हेभी मेसिन प्रयोग गर्न नसक्ने व्यवस्था छ । कार्यालयले विविध जटिल प्राविधिक पक्ष समावेश भएका पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समिति मार्फत् गराई यो वर्ष रु.१३ करोड ६४ लाख ३१ हजार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत यस्ता कार्य गराउनु कानुनसम्मत देखिएन। अतः हेभी मेसिन प्रयोग हुने यस्ता कार्य बोलपत्रको माध्यमबाट खुल्ला प्रतिस्पर्धा हुने गरी सम्पादन गर्नुपर्दछ ।

डिभिजन वन कार्यालय

१८. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८ मा वार्षिक दश लाख रुपैँयाभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, कैलालीले ७ वृक्षारोपण कार्यक्रम सञ्चालन गरी रु.१ करोड १३ लाख ९ हजार खर्च गरेकोमध्ये रु.६६ लाख ५५ हजारको पोल तथा मेस वायर कर्मचारीमार्फत सोझै खरिद गरी निजहरूले पेस गरेको बिल तथा भरपाईको आधारमा भुक्तानी गरेको छ । ऐन र नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धाबाट मितव्ययिता कायम हुने गरी खरिद गर्नुपर्नेमा कर्मचारीमार्फत सौझै सामान खरिद गरी भुक्तानी दिने कार्य नियमसम्मत देखिएन।

१९. **वर्षान्तमा कार्यक्रम सञ्चालन -** सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ७४(१) मा सरकारी कामकाजको निमित्त पेस्की लिनु पर्दा गर्नुपर्ने कार्य तथा रकमको विवरण पेस गर्नुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय, कैलालीले बृक्षारोपण सम्बन्धी १५ कार्यक्रम सञ्चालन गर्न कार्यालयका कर्मचारीहरूलाई वर्षान्तमा (२०७८।३।२० पश्चात्त) कार्यक्रम सञ्चालनको लागि रु.१ करोड ८५ लाख ४९ हजार पेस्की दिइ असारभित्रै फस्यौंट गरेको छ। वर्षान्तमा कार्यक्रम सञ्चालनको लागि पेस्की दिँदा गर्नुपर्ने कार्य तथा आवश्यक पेस्कीको विवरण पेस नगरी कार्यक्रमका लागि व्यवस्था भएको सबै रकम पेस्की दिएर हतारमा काम सम्पन्न गरी पेस्की फस्यौंट गर्ने कार्य विश्वसनीय देखिएन । जसबाट कार्यक्रमको उद्देश्य अनुसार प्रभावकारीरुपमा कार्यक्रम सञ्चालन भएको छ भनि आश्वस्त हुने अवस्था छैन । वृक्षारोपण तथा बिरुवाको अवस्था छानविन गरी यथार्थता यकिन गर्नुपर्दछ ।

२०. **हाइटेक नर्सरी निर्माण -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत, स्थानीय बजारमा प्रचलित भाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले २ हाईटेक नर्सरी निर्माणको लागि रु.५२ लाख ९६ हजार लागत अनुमान स्वीकृत गर्दा उल्लिखित आधारमध्ये प्रचलित वजार मूल्य अन्तर्गत, स्थानीय फर्महरूसँग दररेट माग गरी सोको औषतको आधारमा लागत अनुमान तयार गरेको छ । सो निर्माण कार्यको लागि रु.४६ लाख ४९ हजार भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था अनुसारको अन्य आधारबिना लागत अनुमान तयार गर्दा लागत अनुमान यथार्थपरक तथा मितव्ययी कायम भएको मान्न सकिएन। साथै हाईटेक नर्सरीबाट उत्पादित विरुवाको वितरण र वृक्षारोपणको अवस्था खुलाएको छैन । नर्सरीबाट उत्पादित विरुवाको प्रभावकारी उपयोग हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट रु.२ करोड ५१ लाख ३९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२ लाख ३ हजार फर्स्यौट गरी रु.२ करोड ४९ लाख ३६ हजार बाँकी रहेको छ। सो मध्ये रु.८ लाख ६० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची**- **९** मा रहेको छ ।
  - समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची**-**१०** मा रहेको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ३० कार्यालयको विनियोजन रु.२ अर्ब ६३ करोड ६४ लाख ३३ हजार, राजस्व रु.१ करोड ७२ लाख ६३ हजार, धरौटी रु.४ करोड ३ लाख १० हजार र कार्यसञ्चालन कोष रु.२ करोड ७ लाख ४३ हजारसमेत रु.२ अर्ब ७१ करोड ४७ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरूमध्ये कृषि औद्योगिकीरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, कृषि उपज, कृषि तथा पशुपन्छी जन्य पदार्थ र पशु उत्पादन सामग्री र बीउबिजन तथा नश्ल सम्बन्धी सेवा र प्रविधि गुणस्तर निर्धारण, प्रादेशिक खाद्य सुरक्षा र खाद्य गुणस्तर, कृषि तथा पशुपन्छी बीमा, कृषि तथा पशुपन्छीजन्य औषधि, विषादी र सुक्ष्म पोषणयुक्त वस्तुको उपयोग र व्यवस्थापन, जग्गा नापजाँच, भू-उपयोग तथा चक्लाबन्दी नीति तथा कार्यान्वयन, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेख व्यवस्थापन, भूमिहिन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा, चरवा आदिको बसोबास र जीविकोपार्जन, सुरक्षित बसोबास, गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, गरिब घरपरिवार पहिचान, सामाजिक, सुरक्षा र संरक्षण, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशीक मापदण्ड निर्धारण र नियमन लगायतका कार्य भएको पाइएन । कार्य जिम्मेवारीका कार्य गर्न नीति कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट कार्यान्वयन** - प्रदेश सरकारको २०७७।७८ को बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रममध्ये भू-उपयोग नीति र कृषि तथा पशुपन्छी विकास गुरुयोजना तयार, पालिकाहरूमा कोल्ड च्याम्बर निर्माण, सञ्चालन र हस्तान्तरण, सामुदायिक गौशाला व्यवस्थापन, सुधारीएको नश्ल सहितको दुधालु भैँसी उत्पादन, जलवायू मैत्री कृषि प्रणालीको विकास गरी आयोजनाको रुपमा सञ्चालन, कृषि तथा पशुपन्छी यान्त्रीकरण कार्यक्रम सञ्चालन, उखु हार्भेष्टर मेसिन खरिद, नमूना ग्रामिण ह्याचरी स्थापना तथा विपन्न गरिब परिवार तथा पर्यटन क्षेत्रमा ग्रामिण कुखुरा पालन सहयोग कार्यक्रम सञ्चालन र व्यवसायीक खेती तथा पशुपालन गर्ने कृषकलाई अनुदान उपलब्ध गराउँदा भौचर प्रणालीमार्फत भुक्तानी गर्ने लगायतका कार्यक्रम घोषणा भएपनि कार्यान्वयनमा आउन सकेको देखिएन। बजेटमा व्यवस्था भएको कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

३. **कार्यक्षेत्र बाहिरको काम -** अछाम र डोटी जिल्लामा वृहद् उत्पादनस्थल छनोट गरी सिँचाई, विद्युत् संकलन केन्द्रजस्ता पूर्वाधार निर्माण कार्यक्रम सञ्चालनको लागि रु.१ करोड ४० लाख, स्यालो ट्युबवेल वितरण कार्यक्रमको लागि रु.५ करोड र ९ जिल्लामा साना सिँचाई कार्यक्रम तथा सिञ्चित क्षेत्रमा वृद्धि गरी कृषि बालीको उत्पादकत्व वृद्धि गर्न साना तथा मझौला लिफ्ट सिँचाई मर्मतको लागि मन्त्रालय अन्तर्गत बजेट विनियोजन भई कार्यक्रम सञ्चालन गरेको छ। नियमावलीको अनूसुचीमा तोकिए बमोजिम यस मन्त्रालयको कार्य विभाजनमा नपर्ने उल्लिखित कार्यक्रमहरू सञ्चालन

गर्न मन्त्रालय तथा मातहतका निकायमा दक्ष जनशक्तिको दरबन्दी नरहेको तथा अन्य मन्त्रालय तथा निकायसँग दोहोरो हुने गरी कार्यक्रम सञ्चालन भएकोले सञ्चालित कार्यक्रमको प्रभावकारीतामा विश्वस्त हुन सकिएन । जिम्मेवारीमा नतोकिएको कार्यक्रम सञ्चालनको लागि बजेट बिनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४. **खरिद योजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। वार्षिक रु.१० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना र बार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने ब्यवस्था भएपनि विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४ करोड ६४ लाख ६६ हजारको खरिद गर्दा वार्षिक खरिद गुरु योजना बनाएको देखिएन । ऐन तथा नियमावली बमोजिम खरिद गुरु योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

५. **वर्षान्तको खर्च** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३४(क) मा फ्रिज नहुने भनि तोकिएका उपशीर्षकहरूको हकमा बाहेक साल तमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडी सम्बन्धित कार्यालयहरूले भुक्तानी दिनुपर्ने रकमहरू भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आषाढ २५ गतेपश्चात रु.२१ करोड ६० लाख २१ हजार अर्थात कुल खर्चको ८.१९ प्रतिशत निकासा तथा खर्च गरेको छ। बर्षान्तमा कुल खर्चको ८.१९ प्रतिशत रकम खर्च भएको अवस्थाले विनियोजन दक्षता, गुणस्तर तथा खर्चको प्रभावकारीतामा आश्वस्त हुन सकिएन।

६. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा स्वीकृत कार्यक्रमलाई संशोधन गर्नुपरेमा लागत नबढ्ने गरी आवश्यक संशोधन गर्नसक्ने व्यवस्था रहेको छ। यो वर्ष मन्त्रालय तथा मातहतका कार्यालयहरूको शुरु बिनियोजित बजेट रु.५ अर्ब ५१ करोड २० लाखमध्ये बजेट तथा कार्यक्रम संशोधन गरी कुल रु.८४ करोड ९५ लाखको रकमान्तर गरी खर्च गरेको छ। शुरु बजेटको १५.४१ प्रतिशत रकम बर्षान्तमा रकमान्तरको निर्णय गरी बजेट तथा योजना संशोधनमार्फत कार्यक्रम कार्यान्वयन गरेको विषय औचित्यपूर्ण देखिएन । असामान्य अवस्थामा बाहेक प्रदेश सभाले स्वीकृत गरेको बजेटको अधिनमा रहेर खर्च गर्नुपर्दछ ।

७. **घर जग्गा तथा सवारी साधनको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घरजग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घरजग्गाको लगत तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । त्यस्तो घरजग्गा आफ्नो नाउँमा वा अन्य कुनै कार्यालयको नाउँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त गराउनुपर्ने, उपनियम (२) मा कार्यालयमा रहेको सवारी साधनको लगत तोकेको ढाँचामा राख्नुपर्नेमा प्रदेश सरकारले प्रयोग गरेको सरकारी घरजग्गा र सवारी साधनको लगत अद्यावधिक गरेको छैन । सरकारी स्रोत र साधनको स्वामित्व र अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

८. **विविध कोष** - बाली तथा पशु धन बीमा कोष स्थापना गरी कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकारबाट यस वर्ष रु.२ करोड प्राप्त भएकोमा कार्यक्रम सञ्चालन नभई उक्त रकम विविध कोषमा जम्मा गरेकोले निष्कृय रहेको छ । कोषमा रहेको रकमको उपयोग नभएकोले उक्त रकम प्रदेश सञ्चित कोष फिर्ता गर्नुपर्दछ ।

९. **अनुदान** - प्रदेश सरकारको २०७७।७८ को बजेट बक्तव्यमा एकीकृत अनुदान नीति तथा कानुन निर्माण गरेर अनुदान दिने उल्लेख छ। यो वर्ष मन्त्रालय र मातहतका १८ कार्यालयले कार्यक्रम शीर्षकमा रू.१ अर्ब ९८ करोड ६१ लाख खर्च गरेको देखिन्छ । सो खर्चमध्ये अधिकांश खर्च कृषि उपकरण, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया लगायत कार्यक्रममा अनुदान नीति र कानुन बेगर अनुदान दिएको छ । संघीय सरकारको प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना लगायत स्थानीय तहले समेत त्यस्ता कार्यक्रमहरूमा अनुदान दिएको अवस्था छ । अनुदान वितरण गर्दा तोकिएको उद्देश्य अनुसार प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान नपाउने, पाए पनि उच्चतम सदुपयोगको सुनिश्चितता नहुने जोखिम रहने र वितरीत अनुदानको प्रभावकारी रुपमा अनुगमन र मूल्यांकन नहुने अवस्था छ । अनुदानको उचित उपयोग भए नभएको सम्बन्धमा अनुगमन र मूल्याकंन गरी अनुदानलाई एकद्वार प्रणाली मार्फत प्रवाह हुने व्यवस्था मिलाउनुपर्दछ ।

१०. **कार्यक्रम सञ्चालन** - मन्त्रालयले प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनको लागि रु.१० करोड, कृषि उत्पादन र पशुपन्छी पालन गरी बिक्री वितरण र प्रतिफलमा आधारित अनुदान कार्यक्रममा रु.५ करोड, कृषि तथा पशुपन्छी विकास स्वरोजगार कार्यक्रमको लागि रु.१५ करोड, दूध उत्पादन तथा डेरी विकासको लागि यान्त्रीकरण अनुदान सहयोग कार्यक्रमको लागि रु.१ करोड ५० लाख र पशुपन्छी तथा मत्स्य सम्बन्धी यान्त्रीकरण सहयोग कार्यक्रमको लागि रु.२ करोड गरी कुल रु.३३ करोड ५० लाख कृषक तथा लाभग्राहीलाई अनुदान वितरण गरेको छ। मन्त्रालय तथा मातहतको निकायमा अनुदान वितरणको लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क, छनोटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरिएको छैन। वास्तविक तथा प्राथमिकता प्राप्त कृषक तथा लाभग्राहीले अनुदान पाएको, एकै व्यक्तिले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन । रोजगारी अभिवृद्धि हुने, उत्पादन वृद्धि हुने, नमूनामूलक हुने र राजस्वमा योगदान पुग्ने नीति बनाएर मात्र अनुदान वितरण गर्नुपर्दछ ।

११. **कृषि मल अनुदान** - कैलाली र कञ्चनपुर जिल्लाका कृषि रासायनिक मल अनुदान कार्यक्रममा एमोनियम सल्फेट, सिङ्गल सुपर फस्फेट वितरण गर्न ७० सहकारी संस्थालाई मल अनुदान दिएको छ। अनुदानका लागि मन्त्रालयले साल्ट ट्रेडिङ्ग कर्पोरेशनसँग सम्झौता गरी रु.७१ लाख ३६ हजार भुक्तानी गरेको छ । संघीय सरकारले मल खरिदमा अनुदान दिने अवस्थामा प्रदेशले पनि छुट्टै सम्झौता गरी मल अनुदान दिएको मनासिब देखिएन । यो कार्यक्रममा ७५० कृषकलाई सहकारी मार्फत् वितरण गरेको भरपाई बमोजिम न्युनतम ५० बोरा देखि अधिकतम ५०० बोरा मल दिएको देखिन्छ । सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने कार्यविधि तयार नगरेको, मलको गुणस्तर नाँपजाँच नभएको र वितरणको आधार तयार नगरेको सम्बन्धमा अनुगमन गरी मल वितरण एवं प्रयोग प्रभावकारी भएको सुनिश्चित हुनुपर्दछ ।

१२. **घरजग्गा रजिष्ट्रेशन शुल्क** - सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७७ ले घरजग्गा रजिष्ट्रेशन शुल्क असुली स्थानीय तहले संकलन गर्ने उल्लेख गरेपनि स्थानीय तहले सङ्कलन गरेका छैनन् । मालपोत कार्यालयहरूले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्कको ४० प्रतिशतले हुन आउने रकम रु.३३ करोड ९४ लाख ९२ हजार प्रदेश लेखा नियन्त्रक कार्यालयले आम्दानी देखाएको छ । मन्त्रालयबाट उक्त आम्दानी सम्बन्धमा कार्यालयगत अभिलेख राखी प्राप्त हुनुपर्ने तथा प्राप्त भएको रकम सम्बन्धमा

अनुगमन समेत गरी प्राप्त हुनुपर्ने राजस्व र सो रकमको आर्थिक विवरण समेत पेस भएको छैन । राजस्वको हिसाब मन्त्रालयले पेस गरी आम्दानी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

१३. **लागत अनुमान -** प्रदेश स्तरमा पशुपन्छी रोग नियन्त्रण सहयोग कार्यक्रम अन्तर्गत भ्याक्सिनेसन बक्स तथा भ्याक्सिनेसन सामग्री खरिदको लागि मन्त्रालयले २०७७।९।२७ मा एक फर्मसँग रु.१ करोड १२ लाख ५० हजारमा खरिद गर्ने गरी सम्झौता गरेको छ। सामग्री खरिदको लागत अनुमान रु.१ करोड २१ लाख ७० हजार स्वीकृत भएकोमा, सामग्री खरिद वापत फर्मलाई रु.१ करोड ११ लाख ६५ हजार भुक्तानी भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले चालु वा अघिल्ला बर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको बास्तविक लागत, स्थानीय बजारमा प्रचलित भाउ, अन्य बजारको प्रचलित दरभाउलाई आधार लिनुपर्ने व्यवस्था छ। मन्त्रालयले भ्याक्सिनेसन बक्स तथा भ्याक्सिनेसन र एप्रोन लगायतका सामग्री खरिदको लागि लागत अनुमान तयार गर्न तीन फर्मसँग मात्र सामग्रीको प्राविधिक स्पेसिफिकेसन नखुलाई तथा अन्य आधार नलिइ प्राप्त दरको औसतको आधारमा लागत अनुमान तयार गरेको छ । नियमावलीको व्यवस्था अनुसार अन्य आधारबिना लागत अनुमान तयार गर्दा लागत यथार्थपरक तथा मितव्ययी भएको छ भनी आश्वस्त हुन सकिएन ।

१३.२. मन्त्रालयले तीन फर्मसँग दररेट माग गर्दा एप्रोनको प्राविधिक स्पेसिफिकेसनमा डिस्पोजेबल मात्र उल्लेख छ। सो बमोजिम एप्रोनको लागत अनुमान कायम गर्दा रु.५०८।-, रु.७३४।- र रु.२ हजार ७६८ को तीन दर प्राप्त भएकोमा औषत मूल्य रु.१ हजार ३३७ कायम गरी कुल ४ हजार ५०० थान एप्रोनको लागत रु.६० लाख १७ हजार स्वीकृत गरेको छ। एकै प्राविधिक स्पेसिफिकेसन बमोजिम तीनै फर्महरूले एप्रोनको मूल्य पेस गरेकोमा न्यूनतम दररेट पेस गर्ने फर्मको भन्दा रु.२ हजार २६० बढी दर पेस गर्ने फर्मको मूल्य समेतबाट औषत कायम गर्दा लागत अनुमान अस्वभाविक रुपमा बढी कायम भएको देखिन्छ । सोही लागत अनुमानलाई आधार मानी बोलपत्रको माध्यमबाट छनौट भएको फर्मसँग सम्झौता गरी कार्यालयले एप्रोन बापत रु.५२ लाख ७८ हजार भुक्तानी गरेको छ। लागत अनुमान तयार गर्दा पेस भएको न्यूनतम दररेटभन्दा रु.८२८। प्रति थान बढी दर कायम गरी लागत अनुमान स्वीकृत भई सोही बमोजिम खरिद कार्य गर्दा कुल रु.३७ लाख २९ हजार व्ययभार बढ्न गएको छ । यस्तो व्ययभार बढाई खरिद गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ।

१३.३. प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयलाई कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन जस्ता जिम्मेवारी तोकेको छ। प्रदेश अन्तर्गत नौ जिल्लामा सञ्चालन हुने भ्याक्सिनेसन कार्यक्रमको लागि मातहत कार्यालयमा बजेट खर्चको अख्तियारी प्रदान नगरी मन्त्रालय आफैंले सामग्री खरिद गरी जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालयलाई हस्तान्तरण गरेको छ। यस प्रकारका जिल्लास्तरमा कार्य गराई मन्त्रालयले नियमन, समन्वय र अनुगमनकारी भूमिका र जिम्मेवारीमा केन्द्रित हुनुपर्दछ।

१४. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२(२) अनुसार कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा आवश्यकता अनुसार परामर्श सेवाको

लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले रु.४२ लाख ८८ हजारको कार्य ९ प्याकेजमा विभाजन गरी रु.४२ लाख १७ हजारको परामर्श सेवा खर्च गरेको छ । विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनोट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । साथै उल्लिखित कार्यका लागि परामर्श सेवा टुक्रा पारी खरिद गरेको नियमसम्मत देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

१५. **बीउ पूँजी अनुदान** - कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ अन्तर्गत प्रदेशका ११ विद्यालयलाई प्रति विद्यालय रु.९ लाखका दरले रु.९९ लाख बीउ पूँजी अनुदान वितरण गरेको पाईयो । वर्षान्तमा ११ विद्यालयमात्र छनोट गरी रकम निकासा गरेको कारण कार्यक्रम कार्यान्वयन भए नभएको यकिन गर्न सकिएन । बीउ पूँजी कार्यक्रम कार्यान्वयन अवस्थाको निरीक्षण तथा अनुगमन गरेर स्रोतको प्रभावकारी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।

कृषि ज्ञान केन्द्रहरू

१६. **गैर कृषि संस्थालाई अनुदान -** कृषि ज्ञान केन्द्रको उद्देश्य कृषि क्षेत्रमा नयाँ आविष्कार एवं नवीन प्रबिधि र खोजको प्रवर्द्धन गरी कृषिमा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने रहेको छ । कृषि ज्ञान केन्द्र, डडेल्धुराले २०७७।७८ मा कृषि क्षेत्रभन्दा पृथक पृष्ठभूमि भएको बचत तथा ऋण सहकारी संस्थालाई भवन निर्माण कार्यको लागि रु.१० लाखको सम्झौता गरी कन्टिन्जेन्सी रु.४० हजारसमेत रु.८ लाख ६८ हजार खर्च लेखेको छ । मुनाफा आर्जन गर्ने गैर कृषिमूलक संस्थालाई दिएको अनुदान फिर्ता लिनुपर्दछ ।

१७. **निजी फर्मलाई अनुदान** - सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को बुदा नं. ७ बमोजिम तोकिएको प्रक्रिया पुरा भएकासँग सम्झौता गरी अनुदान दिन सकिने व्यवस्था छ । कृषि ज्ञान केन्द्र, कन्चनपुरले निजी नाफामूलक उद्योगलाई व्यक्तिको नाममा कायम रहेका जग्गामा भवन निर्माणको लागि अनुदान दिन बजेटमा व्यवस्था गरी मूल्याङ्कित रकमको ५० प्रतिशतले हुने रू.५४ लाख ५३ हजार अनुदान दिएको छ । व्यक्तिगत रुपमा फाईदा हुने गरी निजी फर्मलाई अनुदान दिन मिल्ने नदेखिएकोले भुक्तानी दिनेलाई जिम्मेबार बनाई भुक्तानी रकम असुल गर्नुपर्दछ ।

१८. **अनुदान सहयोग -** मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को बुँदा नं ३ मा कृषि ज्ञान केन्द्रको माग तथा प्राविधिक उपयुक्तताको आधारमा पुँजीगततर्फ न्युनतम ६० प्रतिशत र चालुतर्फ अधिकतम ४० प्रतिशत आफै वा समिति मार्फत निर्माण वा खरिद गराई हस्तान्तरण गर्ने र अन्य चालु क्रियाकलापहरू जस्तै मल, बिषादी, हर्मोन खरिद, ज्यामी, ज्याला, श्रम, इन्धन आदि जस्ता क्रियाकलापमा समुदायको १०० प्रतिशत लगानी हुने ब्यवस्था छ । तर कृषि ज्ञान केन्द्र, कन्चनपुरले ११ नमुना कृषि समुहलाई चालु प्रकृतिका सामग्रीहरूमा समेत रु.२५ लाख ७१ हजार अनुदान दिएको कानुनसम्मत देखिएन।

१९. **काममा दोहोरोपन -** स्यालो ट्यूववेलबाट भूमिगत पानी मुख्यरुपमा सिँचाइ गर्ने प्रयोजनका लागि गरिन्छ । यस्तो काम संघीय सरकार मातहतको भूमिगत जलश्रोत विकास समितिले गर्ने गरेकोमा प्रदेश सरकार मातहतको भूमिगत जलस्रोत सम्बन्धी प्राविधिक नै नभएको कृषि ज्ञान केन्द्र, धनगढीले पनि सञ्चालन गरी २६९ स्यालो ट्युवेलमा रु.२ करोड १४ लाख ८५ हजार खर्च गरेको देखियो ।

डिप ट्युववेल र पावर स्यालोको काम प्रदेश सरकार मातहतको भूमिगत जलस्रोत तथा सिँचाई विकास डिभिजनबाट हुने गरेको देखिन्छ । उल्लिखित सबै प्रकारको काम स्थानीय तहबाट पनि हुने गरेकोमा धनगढी उप-महानगरपालिकालेमात्र ७५ स्यालो ट्युववेलको काम गरेको देखिन्छ ।

एकै प्रकारको काम विभिन्न निकायबाट गर्दा प्रशासनिक खर्च बढाउने, भूमिगत सिँचाईले पुऱ्याएको सेवाको तथ्याङ्क सहित अद्यावधिक अवस्थाको जानकारी भरपर्दो रुपमा प्राप्त नहुने, एउटै कामको दुई वा सो भन्दा बढी कार्यालयबाट गराउँदा एउटै कामका लागि विभिन्न कार्यालयबाट भुक्तानी पाउने अवस्था समेत आउने हुँदा भूमिगत जलस्रोत सिँचाइको काम एकै निकायबाट गराउन तीनै तहका सरकारको स्पष्ट नीति तथा कार्यक्रममा समन्वय हुनुपर्दछ ।

२०. **लागत सहभागिता -** स्यालो ट्युववेल सामग्री खरिद तथा आपूर्ति गर्ने कार्यमा सम्झौता अनुसार जनसहभागिता जुटाइ कार्य गर्नुपर्नेमा कृषि ज्ञान केन्द्र, धनगढीले सम्झौता गरेका ४ ठेक्का मध्ये २ ठेक्कामा रु.३१ लाख ९८ हजार लागत सहभागिता वेगर नै फरफारक गरेको र बाँकी २ सम्झौताका कार्य सम्पन्न हुनसकेको छैन । उपभोक्ताको लागत सहभागिता समावेश गरी कार्य सम्पन्न भएको देखिने प्रमाण पेस गरी स्यालो ट्युबवेल जडान भएको सुनिश्चित हुनुपर्दछ ।

भेटेरीनरी तथा पशु अस्पतालहरू

२१. **अनुगमन निरीक्षण -** कोरोना प्रभावित तथा विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७७ को बुँदा १०(१) अनुसार सञ्चालित कार्यक्रमको अनुगमन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित केन्द्र तथा समितिको हुने उल्लेख छ। यस सम्बन्धी व्यहोरा निम्नानुसार छन्:

२१.१. भेटेरीनरी तथा पशु अस्पताल दार्चुलाले यो वर्ष युवा लक्षित कार्यक्रममा छनोटमा परेका १५२ युवालाई गाई, भैंसीका लागि प्रति युवा रु.६० हजार र भेडा, बाख्रा, कुखुरा पालन व्यवसाय सञ्चालनको लागि प्रति युवा रु.४० हजारका दरले कुल रु.४० लाख ४२ हजार अनुदान दिएको देखियो । अनुगमन निरीक्षण बेगर नगद रकम वितरण गरेकै आधारमा वितरित रकमको उच्चतम सदुपयोग भएको छ भनि बिश्वस्त हुने अवस्था छैन । कार्यक्रम सञ्चालनको यथार्थता यकिन गरी अनुदान उपयोगको सुनिश्चितता हुनुपर्ने र अनुदान वितरणमा नियन्त्रण हुनुपर्दछ।

२१.२. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कैलालीले मापदण्ड अनुसार गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा खरिद तथा गोठ निर्माण र सुधार तथा माछा पोखरी निर्माणका लागि ३९९ व्यक्तिलाई रु.१ करोड ७१ लाख ३० हजार अनुदान उपलव्ध गराएको छ । अनुदान उपलव्ध गराउँदा मापदण्ड अनुसार सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निरीक्षण तथा अनुगमन गर्ने र कार्यसम्पन्न भएको निवेदन प्राप्त भएपछि सम्बन्धित विषयका प्राविधिकहरूले स्थलगत रुपमा निरीक्षण गरी कार्यसम्पन्न प्रतिवेदन पेस गर्न लगाउनु पर्ने व्यवस्था भए तापनि तदअनुसार अनुगमन र प्रतिवेदन पेस भएको छैन । मापदण्डका व्यवस्था पालना गरी अनुदान वितरण गरेको र वितरित रकमबाट अनुकरणीय काम गरेको, उत्पादन वृद्धि एवम् राजस्व योगदान र रोजगारी सिर्जना गरेको सुनिश्चित हुनुपर्दछ ।

२२. **लागत साझेदारी** - भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कैलालीले लम्कीचुहा, टिकापुर र घोडाघोडी नगरपालिकासँग सहकार्यको लागि सम्झौता गरेकोमा संघीय सशर्त कार्यक्रमबाट रु.१० लाख, स्थानीय तहबाट रु.१० लाख, भेटेरीनरी तथा पशु विज्ञ केन्द्रबाट रु.१० लाख र कृषक समूहबाट रु.१० लाख गरी रु.४० लाखको कार्यक्रम सञ्चालन गरेकोमा निर्देशिकाले तोके अनुसार

लागत अनुमान तयार गरेको छैन । कार्यालयले सबैको लागत सहभागिताको अभिलेख नराखी आफ्नो अंशको मात्र लेखाङ्कन गरी हिसाव राखेको छ । अतः कार्यालयले कार्यक्रम निर्देशिकाले तोकेको नर्म्स तथा विधिबाट कार्यक्रम भए नभएको सम्बन्धमा छानविन गरी यकिन हुनुपर्दछ ।

२३. **नमूना गाँउ -** मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ९ मा सञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरू र कार्यक्रमको कुल लागतको आधारमा पुँजीगत सुधार अन्तर्गत न्यूनतम ६० प्रतिशत र चालु खर्च अन्तर्गत बढिमा ४० प्रतिशत अनुदान रकम खर्च गर्नुपर्ने उल्लेख छ । भेटेरीनरी तथा पशु अस्पताल, कैलालीले यो कार्यक्रमबाट विभिन्न ९ कृषक समुहलाई रु.३ करोड १५ लाख २५ हजार अनुदान दिएको छ । वितरण गर्दा निर्देशिकाले तोके अनुसार नियमित अनुगमन गरी कार्यसम्पादन स्थितिको बारेमा यकिन गरेको छैन । यस्तो अवस्थामा नगद रकम अनुदान बाँडेकै आधारमा तोकिएको उदेश्य अनुसार काम भएको छ भनी विश्वस्त हुने अवस्था छैन । प्रदेश सरकारले घोषणा गरेको अनुदान सम्बन्धी कानुनको आधारमा लक्षित वर्ग छनोट गरेर उत्पादनमा वृद्धि, स्वरोजगारीको सिर्जना, राजस्वमा योगदान समेत पुग्ने गरी अनुदान वितरण गर्नुपर्दछ ।

२४. **छनौट र अनुदान** - भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कैलालीले अनुदान र कार्यक्रम सञ्चालनका लागि विभिन्न ६२ संस्थालाई रु.१२ करोड ७७ लाख ५४ हजार अनुदान दिएको छ । उक्त रकममध्ये मासु प्रशोधन उद्योग स्थापना गरी सञ्चालनका लागि कुल लागतको ५० प्रतिशतसम्म वा बढीमा रु.५० लाखसम्म अनुदान दिने प्रस्ताव माग गरेकोमा प्राप्त २ प्रस्ताव मूल्याङ्कन गर्दा एक पशु बधशालाले ७६ र एक मासु पसलले ८१ अंक प्राप्त गरेको भनी मासु पसललाई रु.४८ लाख ५४ हजार अनुदान भुक्तानी दिएको छ। प्रस्ताव मूल्याङ्कन गर्दा पशु बधशालसम्बन्धी काम २०६६ देखि गर्दै आएका व्यवसायीको अनुभव, मासु सम्बन्धी तालिमको अनुभव भन्दा पनि २०७७ असोजमा मात्र व्यवसाय दर्ता गरेको एक मासु पसललाई उच्च अंक दिएको छ । अनुदान दिने प्रयोजनका लागि यथार्थ मूल्याङ्कन नगरी अंक दिएको निजी व्यवसायकोरुपमा दर्ता भएको फर्मलाई अनुदान दिएको औचित्यपूर्ण देखिएन ।

- **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहतका कार्यालयको लेखापरीक्षणबाट रु.८ करोड ३९ लाख २२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२ करोड २६ लाख २ हजार फर्स्यौंट भई रु.६ करोड १३ लाख २० हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये म्याद नाघेको पेस्की रु.१ करोड ९१ लाख ४१ हजार रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेशस्तरको ऊर्जा, विद्युत, सिंचाई, खानेपानी, सडक, जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन, समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन्।

यो वर्ष मन्त्रालय र मातहत समेत ३० कार्यालयमा विनियोजन रु.९ अर्ब ६२ करोड ९२ लाख ८० हजार, राजस्व रु.७० करोड १६ लाख १० हजार र धरौटी रु.१ अर्ब ३ करोड ६० लाख ४ हजार र कार्यसञ्चालन कोष रु.१२ लाख ३१ हजारसमेत रु.११ अर्ब ३६ करोड ८१ लाख २५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयको २२ कार्य तोकिएकोमा उक्त कार्यसम्पादनका लागि आवश्यक पर्ने ऐन, नियम, कार्यविधिहरू मध्ये प्रदेश सवारी तथा यातायत व्यवस्था ऐन, सुदूरपश्चिम प्रदेश सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, भूमिगत सिंचाई सम्बन्धी कार्यविधि, प्रदेश लोकमार्ग कार्यान्वयन कार्यविधि, बैकल्पिक उर्जा सम्बन्धी कार्यविधि, खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि, प्रदेश लोकमार्ग मापदण्ड निर्माणका लागि सैद्धान्तिक सहमति प्राप्त भई निर्माण प्रक्रियामा रहेको भएता पनि उर्जा, सिचाई, भवन, खानेपानी पूर्वाधार क्षेत्रसँग सम्बन्धित निर्माण सञ्चालन र व्यवस्थापनसंग सम्बन्धित एक दर्जनभन्दा बढी ऐन कानुन निर्माण हुन बाँकी रहेको अवस्था छ । तोकिएका कार्यसम्पादनका लागि मन्त्रालयलाई आवश्यक पर्ने ऐन, नियम, नीति,कार्यविधि तयार गरी कार्यन्वयनमा ल्याउनु पर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन -** बजेट वक्तव्यमा उल्लेख भएका योजना तथा कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन गर्नुपर्दछ ।प्रदेशको बजेट वक्तव्यमा उल्लेख भएका यातायात गुरुयोजना, "प्रदेशका गाँउ उज्यालो बनाउँ" अन्तर्गत छ्यला बझाङमा बैकल्पिक उर्जाको कार्यक्रम, तराईको सिञ्चित हुन बाँकी भू-भागमा सिंचाईको सुविधा तथा विद्युत उत्पादनको लागि सुलिगाड खुटिया डाईभर्सन बहुउद्देश्यीय आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन, प्रदेश यातायात प्राधिकरण गठन गरी प्रदेश यातायात सेवा सञ्चालन कार्यक्रम, सहरी विकास तथा भवन कार्यालयमार्फत ढल निकास तथा सरसफाई संरचना निर्माण कार्यक्रमको व्यवस्था गरेकोमा कार्यान्वयन भएको छैन। कार्यान्वयन योग्य योजना तथा कार्यक्रम बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **दरबन्दी र पदपूर्ति -** मन्त्रालयको काम प्रभावकारी रुपले सञ्चालन गर्न स्वीकृत दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ । मन्त्रालयको स्वीकृत दरबन्दी ५५ रहेकोमा १५ जना मात्र पदपूर्ति भई उप सचिव, सि.डि.ई, शाखा अधिकृत लगायत ४० दरबन्दी रिक्त रहेको विवरण पेस भएको छ। मन्त्रालयअन्तर्गत जम्मा २९ कार्यालयमा कुल दरबन्दी ४५१ रहेकोमा २४२ पदपुर्ति भई २०९ पद रिक्त रहेको विवरण पेस भएको छ । प्राविधिक जनशक्तिको समयमा पदपूर्ति नहुँदा समग्र मन्त्रालय र मातहतको विकास निर्माण एवं कार्यसञ्चालनमा असर पर्ने देखिन्छ । उक्त रिक्त दरबन्दी पदपूर्ति गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

४. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई कार्यक्रम संशोधन गर्नसक्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मन्त्रालय तथा मातहतका निकाय तथा कार्यालयहरूको शुरु बिनियोजित बजेट रु.११ अर्ब ८६ करोड २१ लाखमध्ये बजेट तथा कार्यक्रम संशोधन गरी रु.६६ करोड ७७ लाखको रकमान्तर गरी खर्च गरेको छ। शुरु बजेटको ५.६२ प्रतिशत रकम बजेट तथा योजना संशोधन गरी रकमान्तरमार्फत कार्यक्रम कार्यान्वयन गरेकोले योजना छनोट गरेर बजेट विनियोजन गर्ने पद्धति यथार्थतामा आधारित देखिएन। रकमान्तर र कार्यक्रम संशोधन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५. **प्रदेश गौरवका आयोजना** - सम्बन्धित क्षेत्रको आर्थिक, सामाजिक एवं सांस्कृतिक रुपान्तरण गर्ने आयोजनाहरूको विस्तृत परियोजना अध्ययन गरी, छनौट गर्ने एवं निश्चित समयावधि भित्र सम्पन्न गर्ने गरी बजेट प्राथमिकतामा राखु पर्ने आयोजनालाई गौरवका आयोजनामा वर्गीकरण गरेको छ । यस्ता आयोजना छनोट पश्चात ती आयोजनाहरूको कार्यान्वयनलाई प्राथमिकतामा राखी बजेट व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको छैन । यो वर्षसम्म ९ सडक आयोजनालाई प्रदेश गौरव आयोजनाको रूपमा घोषणा गरी निर्माण कार्य चालु अवस्थामा रहेको छ। गौरवका आयोजनाको हालसम्मको प्रगतिको अवस्था निम्नानुसार रहेको छ ।

(रु.लाखमा)

सि.नं.	आयोजना	आयोजना खण्ड	ठेक्का लागेको लम्बाई (कि.मी.)	सम्झौता रकम	आयोजना अवधि	हालसम्मको खर्च
१	खप्तड मार्तडी सडक - बाजुरा	भौनेरा-आटिचौर	१५	६३०	२०७७।२।२९-२०७८।२।१६	५७६
२	सतवांझ श्रीभावर -दार्चुला सडक - बैतडी	सतवांझ- श्रीभावर र श्रीभावर हाट	१६.५०	२४४२	२०७७।३।२२-२०७८।३।२०	१२५३
३	चिसापानी-ऋषिदह-बडिमिका सडक- अछाम	जंगलघाट-वस्थान	२५	९४८	२०७७।२।२९-२०७८।२।१६	३०५
४	दैजी जोगवुढा चिरकिट्टे पोखरा ढुंगाड सडक- डडेलधुरा	जोगवुढा-लिप्ना, बेलापुर, सलौन	३५	५११४	२०७६।३।३०-२०८०।३।२९	२००४
५	देथला-खार-खण्डेश्वरी सडक- दार्चुला	देथला-खार र देथला-सेला-बगड	२०	३३८८	२०७७।२।६-२०८०।२।५	१३६३
६	पातिहाल्न तल्कोट सैपाल हुम्ला सडक- बझाङ	जडार- पानकोट	१४	९५८	२०७७।३।२६-२०७९।१।३१	२४९
७	सहजपुर बोगटान दिपायल सडक- डोटी	छिडीखाना-रानागांउ-वयलखण्ड	२७	२१४६	२०७७।३।३०-२०८०।३।२९	१०४८
८	बेलौरी कलुवापुर बुडर सडक- कंचनपुर	बन्साह-दोमिल्ला नर्सरी	९.१	११६५	२०७७।४।२०-२०८०।३।२९	२५९
९	भजनी खिमडी ठुलीगाड सडक- कैलाली	बर्दगोरिया गा पा ४ कि.मी. खण्ड	४	७७५	२०७७।४।१८-२०७९।१०।१७	३१०
	जम्मा			**१७५६६**		**७३६७**

गौरवका आयोजना घोषणा गर्दा विस्तृत सम्भाव्यता अध्ययन नगरेको कारण आयोजना निर्माणमा लाग्न सक्ने लागत अनुमान, आयोजना शुरु हुने र सम्पन्न हुने अवधि लगायतका विषयहरू यकिन गरेको छैन। जसबाट आयोजना सम्पन्न गर्नुपर्ने अवधि सम्म प्रगती न्यून देखिएको छ ।

सम्भाव्यता अध्ययन भई बजेट व्यवस्था भएका आयोजनालाई स्रोतको न्यूनता नहुने गरी कार्य योजना अनुसार कार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।

६. **दिगो विकास लक्ष्य -** नेपालले दिगो विकासका लक्ष्यहरूमा प्रतिवद्धता जनाए अनुसार सबै तहका निकायले उक्त लक्ष्य हाँसिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मन्त्रालयले सञ्चालन एवं सम्पन्न गरेका सडक, सिँचाई, खानेपानी एवं आवासलगायतका कार्यक्रमले दिगो विकासका विभिन्न लक्ष्यमा सहयोग पुगेको उल्लेख गरे तापनि कार्यक्रमगत रुपमा दिगो विकासका लक्ष्यहरू उल्लेख गरी कार्यक्रम स्वीकृत गरेको देखिएन। मन्त्रालयले उक्त लक्ष्यहरूलाई ध्यान दिई परिमाणात्मक लक्ष्य सहित कार्यक्रममा समावेश गर्नुपर्दछ।

७. **बर्षान्तको खर्च -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३४(क) मा फ्रिज नहुने भनि तोकिएका उपशीर्षकहरूको हकमा बाहेक साल तमाम हुनुभन्दा कम्तिमा ७ दिन अगाडी सम्बन्धित कार्यालयहरूले भुक्तानी दिनुपर्ने रकमहरू भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नेपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार आषाढ २५ गतेपश्चात्त रु.१ अर्ब २३ करोड ६५ लाख अर्थात् कुल खर्च रु.९ अर्ब ४८ करोड ५७ लाखको १३ प्रतिशत मन्त्रालय र मातहत कार्यालयले बजेट निकासा तथा खर्च गरेका छन्। बर्षान्तमा कुल खर्चको १३ प्रतिशत रकम खर्च गरेको अवस्थामा निर्मित संरचनाको गुणस्तरको अनुगमन, मौसमको कारणले संरचनामा पर्ने असर तथा स्रोतको सन्तुलनमा कठिनाई पर्ने अवस्था छ। विनियोजन दक्षता तथा खर्चको प्रभावकारीतामा आश्वस्त हुने गरी वर्षान्तमा खर्च गर्ने प्रक्रियामा सुधार हुनुपर्दछ ।

८. **कार्यसम्पादन करार -** प्रदेश सरकारको बजेट बक्तव्यमा सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने व्यहोरा उल्लेख छ। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउने नीति अंगिकार गरिने उल्लेख भए पनि मन्त्रालयबाट कार्यान्वयन भएको पाइएन । बजेट बक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयनमा ल्याउनुपर्दछ।

९. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ७०(१) मा सार्वजनिक निकायले बीस लाख रुपैँयाभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न सूचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्दछ । मन्त्रालयले अध्ययनको प्रकृति अनुसार विभिन्न विभागीय नर्म्सको प्रयोग गरी यो बर्ष कुल १२ सडक निर्माण कार्यको अध्ययन अनुसन्धानको लागि रु.१ करोड ९८ लाख १८ हजारको लागत अनुमान स्वीकृत गरी मौजुदा सूचिमा रहेका परामर्शदातासँग रु.१ करोड ९० लाख ४५ हजारको सम्झौता गरी कार्यसम्पन्न गरेको छ ।

परामर्श सेवाका लागि लागत अनुमानका प्याकेज बनाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम खुल्लारुपमा राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन नगरी परामर्श सेवा लिनु मितव्ययी र प्रतिस्पर्धी भएको छ भन्ने अवस्था रहेन । नीति निर्माण, अनुगमन र समन्वयमा केन्द्रित रहनुपर्ने निकाय आफैंले ठेक्का व्यवस्थापन गरी कार्य गर्ने प्रणालीमा सुधार हुनुपर्दछ।

पूर्वाधार विकास कार्यालयहरू

१०. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीले भेरिएसन गर्नसक्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, धनगढीले कनरी चौमाला सडकको निर्माणको भेरियसन आदेश जारी गर्दा एम २० र एम १० कंङ्क्रीट चाहिने भनी ठेक्का रकम रु.७ करोड १६ लाख ७ हजारमा ९.८१ प्रतिशत थप गरी भेरियसन आदेश जारी गरेको देखियो । यस्ता आइटममा भेरिएसन आदेश पूर्वानुमान गर्न नसकिने आइटम भएकोले भेरिएशन जारी गर्नु परेको हो भन्ने आधार औचित्यपूर्ण देखिएन ।

व्यवसायीले लिएको मोबिलाईजेसन पेस्की रु.१ करोड २० लाखको म्याद २०७७।१२।३१ मा सकिएको देखिन्छ । सम्झौता अनुसार निर्माण अवधि २०७८।५।२२ सम्म रहेपनि म्याद थप र भेरिएसन गर्दा पेस्की जमानतको अवधि थप गर्न लगाएको छैन । पूर्वानुमान गर्न सकिने आइटममा ठेक्का सम्झौता भएपछि भेरियसन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११. **अधुरो ठेक्का -** कैलालीको कृष्ण मन्दिरदेखि गोदावरी १२ बांद्रेखाल सडक निर्माणका लागि रु.९ करोड ३५ लाख ४७ हजारको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट रु.५ करोड ८४ लाख २५ हजारमा २०७८।१०।१९ सम्ममा काम सम्पन्न गर्नेगरी पूर्वाधार विकास कार्यालय, कैलालीले एक संयुक्त उपक्रमसँग २०७७।०४।२० मा सम्झौता गरेको छ । निर्माण कार्य समयमा सुरु नभएको र निर्धारित समयमा कार्य सम्पन्न हुने आधार नदेखिएको भनि २०७७।११।२८ सम्ममा ३ पटक निर्माण कार्य अगाडी बढाउन निर्माण व्यवसायीलाई पत्राचार गरेकोमा कुनै जवाफ पेस नगर्दा पनि सार्वजनिक खरिद कानुन अनुसार कुनै कारवाही गरेको छैन । सम्झौताको शर्त एवम् सार्वजनिक खरिद कानुनको प्रक्रिया पुरा गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

१२. **कार्यसम्पादन जमानत र बीमा -** गौरीगंगा नगरपालिका कैलालीको चौमालामा पुल निर्माणका लागि रु.१० करोड ६१ लाख ४० हजारको लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट रु.७ करोड २३ लाख ८१ हजारमा ३६ महिनामा काम सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७७।३।३१ मा डिजाइन र निर्माण सम्झौता प्रक्रियाबाट निर्माण गर्ने गरी पूर्वाधार विकास कार्यालय, कैलालीले ठेक्का सम्झौता गरेको छ ।

ठेक्काको निर्माण अवधि ३ बर्ष र त्रुटी सुधार गर्नुपर्ने अवधि १ हजार ८२५ दिन अर्थात ५ बर्ष रहेको छ । ठेक्का सम्झौतामा व्यबसायीले पेस गर्ने कार्यसम्पादन जमानत त्रुटी सुधार गर्ने अवधिभन्दा ३० दिन बढीको हुनुपर्ने अर्थात रु.१ करोड १० लाख ७८ हजारको कार्यसम्पादन जमानत २०८४ साउन सम्म हुनुपर्नेमा २०८०।४।३१ सम्ममात्र मान्य रहने देखिन्छ । त्यस्तै निर्माण र निर्माण सामग्रीको बीमाको अवधि समेत सोही अनुसार हुनु पर्नेमा २०८०।३।२९ सम्ममात्र मान्य रहको र कामदारको बीमा कम्तिमा निर्माण अवधिसम्मको अर्थात २०८०।३।३० सम्मको हुनु पर्नेमा २०७८।८।१९ सम्ममात्र रहेको छ । तोकिए अनुसारका प्रमाण पेस नभई ठेक्कापट्टा गर्ने कार्य कानुनसम्मत देखिदैन । अतः कानुनी व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

१३. **टुक्रा पारी खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.५ लाखदेखि २० लाख सम्मको निर्माण कार्य शिलवन्दी दरभाउपत्रको माध्यमवाट र रु.२० लाख भन्दा वढीको निर्माण कार्य बोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था भएकोमा पूर्वाधार विकास कार्यालय, अछामले सडक निर्माण कार्य गर्न रु.५ लाखभन्दा कमका रु.७२ लाख ४२ हजारका १५ प्याकेज बनाई प्रतिस्पर्धा बेगर खरिद सम्झौता गरी रु.६२ लाख ९० हजार खर्च लेखेको छ । प्रतिस्पर्धा सीमित हुने गरी गरिएको खरिद कार्य मनासिब देखिएन ।

खानेपानी तथा सरसफाई विकास डिभिजन कार्यालय

१४. **उपभोक्ता समितिले ठेकेदारबाट काम गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफूले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कैलालीले तिलकेनी मटेना खानेपानीमा सोलार सिस्टम जडान कार्यको लागि २०७८।३।१० मा उपभोक्ता समितिसँग सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु.४२ लाख २३ हजारमा उपभोक्ताको लागत सहभागिता नरहने उल्लेख छ। काम सम्पन्न पश्चात सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिनु पर्नेमा सब कन्ट्रायाक्टरले पेस गरेको बिजकको आधारमा एक आपूर्तकलाई भुक्तानी गरेको छ । श्रमदान नहुने जटिल संरचना निर्माण तथा सामग्री खरिदको कार्य गर्न उपभोक्ता समितिबाट गरेको भनी लागत अनुमान बराबरको रकम एक आपूर्तकलाई भुक्तानी गरेको नियमसम्मत देखिएन।

१५. **पाईप तथा फिटिङ्गसको मौज्दात -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (१) मा मालसामान खरिद सम्बन्धी कारवाही सुरु गर्नु अघि स्वीकृत खरिद माग प्राप्त गर्नुपर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कैलालीले विभिन्न साईजको पाइप तथा फिटिङ्गसको मौज्दात रु.६ करोड ८८ लाख ९६ हजार तथा यो बर्ष खरिद भएको रु.६ करोड ५४ लाख २६ हजारसमेत रु.१३ करोड ४३ लाख २१ हजारबाट रु.७ करोड ६५ लाख १६ हजार खर्च भई रु.५ करोड ७८ लाख ६ हजार मूल्यका विभिन्न साईजका पाईप तथा फिटिङ्गस मौज्दात रहेको छ। सामानको मौज्दात रहने गरी खरिद गर्दा सामानको गुणस्तरमा ह्रास आउने तथा सुरक्षा जोखिम रहने हुँदा आवश्यकता र प्रयोगका आधारमा खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१६. **अधुरो आयोजना -** ठेक्का सम्झौता अनुसार तोकिएको काम सम्झौता अवधिभित्रै गुणस्तरयुक्त रुपमा सम्पन्न गर्नुपर्दछ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, कैलालीले सशर्त तथा समानीकरण तर्फको ९ आयोजना निर्माणको लागि २०७५।७६ मा रु.९ करोड ३९ लाख ५५ हजारको सम्झौता गरेकोमा उक्त आयोजनाहरूका लागि २०७७।७८ मा रु.३ करोड ५७ लाख ९६ हजार भुक्तानी गरे पनि निर्माण सम्पन्न भएका छैनन। सालवसाली रुपमा नयाँ आयोजना थप हुँदै जाने तर पुराना आयोजना विभिन्न कारण उल्लेख गरी म्याद थपिदै जाँदा बनिसकेका संरचना जीर्ण बन्दै जाने अवस्था रहेको छ। स्रोतको सुनिश्चितता र आवश्यक बजेट बेगर नै ठेक्का व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१७. **घटी जनश्रमदान -** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डोटीले उपभोक्ता समितिसंग सम्झौता गर्दा अछाम र बाजुरा जिल्लाका सबै आयोजनाहरूमा २० प्रतिशतको हाराहारी श्रमदान राखी सम्झौता गरेको छ । डोटी जिल्लामा सञ्चालित ९ खानेपानी आयोजनामा रु.१ करोड ९९ लाख ६६ हजारको काम गराउँदा रु.३९ लाख ९३ हजार लागत सहभागिता हुनुपर्नेमा रु.१३ लाख ३१ हजारमात्र लागत सहभागिता भएकोले रु.२६ लाख ६२ हजार कम लागत सहभागिता हुनु मनासिब देखिएन । यस्ता कार्य सञ्चालन गर्दा उपयुक्त लागत सहभागिता मार्फत गराउने व्यवस्था मिलाई सरकारी व्ययभार बढाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

जलस्रोत तथा सिंचाई विकास डिभिजनहरू

१८. **जनसहभागिता -** सिंचाई नीति, २०७० मा मुल नहर, मेनपाइप तथा स्टोरेज नयाँ निर्माण गर्दा ५ प्रतिशत र वितरण प्रणालीको काम गर्दा नयाँमा १० प्रतिशत र सुदृढीकरणको कार्यमा १५ प्रतिशत उपभोक्ताले लागत व्यहोर्नुपर्ने उल्लेख छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, डोटीले यो बर्ष उपभोक्ता समितिलाई रु.२० करोड १४ लाख २५ हजार भुक्तानी गरेकोमध्ये रु.१ करोड १३ लाख १५ हजार लागत अनुमान भएका ११ योजनाको कार्य गराई रु.१ करोड ११ लाख ४५ हजार भुक्तानी गर्दा १५ प्रतिशतले हुने रकम रु.१६ लाख ७२ हजार कट्टा गरी भुक्तानी दिनु पर्नेमा ५ प्रतिशतमात्र कटाई रु.११ लाख १५ हजार बढी भुक्तानी दिएको नियमित देखिएन । नीति विपरीत सम्झौता गरी भुक्तानी दिनेलाई जिम्मेवार बनाउनु पर्दछ।

१९. **निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन, दार्चुलाले रु.१ करोड भन्दा बढी लागत अनुमान भएका २ आयोजना र बाजुराले २ समेत ४ आयोजनाका कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी दिएको देखियो । लागत सहभागिता बाहेक रु.१ करोडभन्दा बढीको लागत अनुमान हुने कामलाई प्रतिस्पर्धा नगराउने उदेश्यले ४ आयोजनाको रु.४ करोड ५१ लाख ४० हजारको कार्य उपभोक्ता समितिबाट गराउने कार्य कानुनसम्मत देखिएन ।

२०. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ मा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कार्यक्रम संशोधन गर्नु परेमा मन्त्रालयको स्वीकृती लिई संशोधन गर्नसक्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, कैलालीले कार्यान्वयनमा रहेका विभिन्न सिँचाई तथा तटबन्ध योजनामध्ये कार्यान्वयन हुन नसक्ने योजनाबाट बचत हुने तथा थप बजेट आवश्यक पर्ने योजनाका लागि आर्थिक मामिला मन्त्रालयले २०७८।३।२३ मा ८३ योजनाको बजेट घटबढ गरी रु.६ करोड ९९ लाख रकमान्तर गरेको छ। उक्त रकमान्तर यो बर्षका लागि यस कार्यालयलाई बिनियोजित बजेट रु.२६ करोड ७८ लाख १९ हजारको २६ प्रतिशतभन्दा बढी रहेको छ । उक्त कार्य बिनियोजन ऐनको व्यवस्था अनुसार २५ प्रतिशतको सीमा नाघी रकमान्तर गर्न नहुने भन्ने व्यवस्थाको विपरीत रहेको छ । अधिकांश योजना निर्माणका लागि उपभोक्ता समिति तथा निर्माण व्यवसायीसँग सम्झौता सम्पन्न भए पश्चातमात्र रकमान्तरको निर्णय गरेको देखिन्छ । बजेट तथा स्रोत सुनिश्चितता बिना बार्षिक बिनियोजित बजेटको सीमा नाघ्ने गरी सम्झौता गर्ने र आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ।

२१. **नियम विपरीतको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन नपाउने व्यवस्था रहेको छ। जलस्रोत तथा सिंचाई विकास सब डिभिजन कार्यालय, बाजुराले रु.२ करोड ४९ लाख ९ हजार देखि रु.९ करोड ५० लाख ४१ हजारसम्म लागत अनुमान भएका ४ योजनाको लागि प्रत्येक बर्ष रु.१ करोडभन्दा न्यून बजेट प्राप्त हुने गरेको भनी प्रत्येक बर्ष उपभोक्ता समितिबाट काम गराउने गरेको देखियो । लागत अनुमान रु.१ करोडभन्दा माथि रहेका योजना बोलपत्रको माध्यमबाट गराउनु पर्नेमा सो अनुसार नगरी उपभोक्ता समितिबाट गराउनु नियमसम्मत देखिएन ।

२२. **टुक्रा पारी सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने व्यवस्था छ। जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कन्चनपुरले कुल ४ योजनाको लागि विनियोजित रकमलाई टुक्रा पारी २० निर्माण व्यवसायीबाट एकै प्रकारको कार्य एकै समयमा सोझै खरिद गरेको छ। खरिद नियमावलीको व्यवस्था पालना नगरी प्रतिस्पर्धा सीमित हुने गरी रु.९५ लाख ५२ हजारको सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

२३. **योजना कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ अनुसार बजेट तथा कार्यक्रमको समीक्षा गर्दा प्रगति कम हुनुका प्रमुख कारणको निम्ती जिम्मेवार व्यक्तिको समेत पहिचान गर्नुपर्ने र त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरू र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही पनि उल्लेख हुनुपर्ने व्यवस्था रहेको छ। जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कन्चनपुरलाई यो वर्ष कुल ८२ योजनाहरूका लागि रु.२२ करोड ४ लाख ३९ हजार बजेट बिनियोजन भएकोमा रु.२ करोड ७९ लाख ११ हजारको १४ योजनाहरूको शुन्य प्रगति देखिएको छ। योजनाहरू सम्भाव्य नहुनु, पूर्व सम्भाव्यता अध्ययन नहुनु र साईट विवादका कारण योजना सञ्चालन हुन नसकेकोले बजेट उपयोग नभएको सम्बन्धमा पर्याप्त समीक्षा गरी बजेटको अधिकतम परिचालनको सुनिश्चितता गरिनुपर्दछ।

सहरी विकास तथा भवन कार्यालय

२४. **संग्रहालय निर्माण -** ब्रह्मदेव बजार भिमदत्त नगरपालिका ९ कन्चनपुरमा संग्रहालय निर्माणका लागि रु.३ करोड ५८ लाख ८० हजार लागत अनुमानको कार्य बोलपत्रको माध्यमबाट रु.२ करोड ८० लाख ११ हजारमा २०७८।७।६ मा काम सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७६।७।७ मा सहरी विकास तथा भवन कार्यालय, कैलालीले सम्झौता गरेको छ। उक्त कार्य रु.२ करोड ७५ लाख ७ हजारमा २०७८।३।२३ मा काम सम्पन्न भएको छ । ठेक्का सम्झौतामा तोकिएको समयभन्दा अगावै काम सकिएमा १० प्रतिशतमा नबढने गरी सुरु सम्झौता मूल्यमा ०.०५ प्रतिशत प्रति दिनका दरले बोनस दिन सकिने व्यवस्था बमोजिम १०४ दिनको रु.१४ लाख ३० हजार बोनस भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा लागत अनुमान तयार गर्दा निर्माण सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने कानुनी व्यवस्था भए पनि सो नखुलाउने तर सम्झौता गर्दा उक्त ठेक्का रकमको कामलाई दुई बर्ष आवश्यक हो भन्ने कुनै आधार तथा मापदण्ड बेगर निर्माण अवधि राखी सम्झौता गर्ने र तोकिएको समयभन्दा अगाबै काम

सकिएको भनी बोनस दिने कार्य उचित छ भनी विश्वस्त हुन सकिएन । कामको प्रकृति अनुसार निर्माण अवधि तोकेर लागत अनुमान तयार गरी सम्झौता गर्ने स्पष्ट आधार सहितको मापदण्ड तयार गरी बोनस दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** मन्त्रालय तथा मातहतका कार्यालयको लेखापरीक्षणबाट रु.२८ करोड ६८ लाख ७ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड १९ लाख ३ हजार फर्स्यौंट भई रु.२७ करोड ४९ लाख ४ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ ।सो मध्ये रु.२० करोड ८० लाख ४७ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन गर्ने लगायतका कार्य रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहत समेत ४१ सरकारी कार्यालयतर्फ विनियोजन रु.४ अर्ब ६ करोड ५२ लाख ५३ हजार, राजस्व रु.८ करोड ७० लाख २ हजार, धरौटी रु.१७ करोड ३९ लाख १ हजार र कार्य सञ्चालन कोष तर्फ रु.३५ करोड ४९ लाख ७५ हजार तथा १२ समिति तथा अन्य संघ संस्थातर्फ रु.१ अर्ब ९० करोड २५ लाख ६७ हजार समेत गरी रु.६ अर्ब ५८ करोड ३६ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:-

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरूमध्ये मुख्यरुपमा प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन नभएको, प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवाशर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण नगरेको, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमाको लागि कार्य नगरेको, लैंगिक उत्तरदायी बजेट र लैंगिक बजेट परीक्षणको व्यवस्था कार्यान्वयन गरेको छैन । नियमावलीमा तोकेका सबै कार्य कार्यान्वयनमा ल्याउनुपर्दछ।

२. **बजेट कार्यान्वयन -** मन्त्रालयसँग सम्बन्धित तथा कार्यान्वयन गर्नुपर्ने गरी २०७७।७८ को बजेट बक्तव्यमा उल्लिखित विभिन्न विषय र कार्यक्रममध्ये घाइतेको तत्काल उपचारको लागि सेती प्रादेशिक अस्पतालमा ट्रमा सेन्टर स्थापना एवं सञ्चालन गर्ने, प्रदेशका नौवटै जिल्लाका स्वास्थ्य कार्यालयहरूमा खानेपानी नमूना परीक्षणको लागि प्रयोगशाला विस्तार गरी गुणस्तर सुनिश्चितता गर्ने, प्रदेशभरि मधुमेह, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, उच्च रक्तचाप, मुटु रोग, मृगौला रोगको जोखिम पहिचान एवं न्यूनीकरणको लागि स्क्रिनिङ्ग अभियानहरू सञ्चालन गर्ने, महेन्द्रनगर तथा धनगढीमा रंगशालाको स्तरोन्नती तथा संरचना सुधार गर्ने, जयपृथ्वी बहादुर सिंह, भीमदत्त पन्त, दशरथ चन्द र पहलमानसिंह स्वाँरको पूर्ण कदको शालिक निर्माण गर्ने, महिला हिंसा, छाउपडी प्रथा, बोक्सी प्रथा, जातीय भेदभाव उन्मूलन गर्ने, बझाङ्ग, बाजुरा, अछाम र दार्चुला जिल्लामा बालविवाह र छाउपडी प्रथा विरुद्धको अभियान सञ्चालन गर्ने, विपन्न परिवारमा नयाँ जन्मिने बालिकाको लिङ्गको आधारमा हुने विभेदको अन्त्य गर्दै सम्मानित जीवन र बालअधिकारको सुनिश्चितता गर्न बालिका स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरू कार्यान्वयन भएको पाइएन । बजेट बक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयन गर्ने तथा सोको प्रतिवेदन गर्ने व्यवस्था हुनुपर्दछ ।

३. **सफ्टवेयर प्रणाली -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था

छ । मन्त्रालयले यो वर्ष युवा तथा स्वयंसेवक पोर्टलको लागि रु.९ लाख ८८ हजार, छात्रवृत्ति पोर्टलको लागि रु.४ लाख ९४ हजार र सामाजिक सूचना व्यवस्थापन प्रणाली पोर्टल निर्माण तथा सञ्चालनको लागि रु.१६ लाख ७ हजारसमेत रु.३० लाख ८८ हजार खर्च गरेको छ । सामाजिक सूचना व्यवस्थापन प्रणालीको निर्माताले सम्झौता अनुसार अभिमुखिकरण कार्य नगरेको कारणले सञ्चालन हुन नसकेको जानकारी प्राप्त भएको छ । महत्वपूर्ण तथ्याङ्कहरू राख्ने यस्ता पोर्टलहरूको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छ भन्ने अवस्था रहेन । उक्त पोर्टलहरू सूचना प्रविधि विभागबाट स्वीकृति लिई प्रयोगमा ल्याउनुपर्दछ ।

४. **तीनै तहबाट एकै प्रकृतिका कार्यक्रम** - संघ, प्रदेश र स्थानीय तहले सीप तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । श्रम, शिक्षा, स्वास्थ्यजस्ता निकायहरूले सरोकारवालालाई दिने तालिम कार्यक्रमहरू संघ, प्रदेश र स्थानीय तहबाट समानान्तर रुपमा सञ्चालन भएको देखियो । तीन वटै सरकारी निकायबीच समन्वय गर्दै दोहोरो नपर्ने गरी तालिम कार्यक्रमलाई व्यवस्थित गर्नुपर्दछ ।

५. **मन्त्रालयबाट कार्यक्रम सञ्चालन** - सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, २०७६ को दफा ८ अनुसार खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम, खेलाडीहरूलाई सहयोग, खेलकुद सम्बन्धी संघ संस्थाको नियमन गर्ने लगायतका खेलकुद सम्बन्धी सबै काम खेलकुद परिषदको हुने व्यवस्था छ । मन्त्रालयले ऐन स्वीकृत भएको दुई बर्ष पछि २०७७ चैत्रमा सदस्य सचिवको नियुक्ति गरेको देखियो। नियुक्ति पश्चात खेलकुद सम्बन्धी कार्य उक्त परिषदमार्फत नै हुनु पर्नेमा १३ क्रियाकलापका लागि रु.१ करोड ८३ लाख ७५ हजारको बजेट व्यवस्था गरी चार क्रियाकलाप मन्त्रालय आफैंले सञ्चालन गरी रु.२६ लाख ६४ हजार खर्च गरेको छ । नीति निर्माण, अनुगमन, सहजीकरण गर्ने मन्त्रालय आफैंले सञ्चालनस्तरको काममा सहभागिता जनाई कार्यक्रम स्वीकृती एवम् बजेट खर्च गरेको औचित्यपूर्ण देखिएन ।

६. **परामर्श सेवा खरिद** - संरचनाको कार्यान्वयनको लागि प्राथमिकतामा परेका आयोजनाको मात्र सम्भाव्यता अध्ययन डि.पि.आर. तयार गर्नुपर्नेमा सो वेगर ५ वटा विद्यालयको निर्माणका लागि डी.पी. आर. तयार गर्न सम्झौता गरी परामर्श सेवामा रु.७८ लाख ६९ हजार खर्च गरेको छ । परामर्श सेवा मध्ये ४ कार्यका लागि संघीय सशर्त अनुदानबाट समेत लागत सहभागिता हुने गरी विद्यालय भवन निर्माण गर्ने उल्लेख भएकोमा १ विद्यालय भवनका लागि मात्र रु.१ करोड प्राप्त हुने बाहेक अन्यलाई २०७८।७९ को चैत्रसम्ममा संघीय सरकारबाट कुनै रकम प्राप्त नभएकोले प्रदेश सरकारले व्यवस्था गरेको रु.३ करोड समेत खर्च गरेको छैन । काम सुरु गर्दा तुरुन्त काम गर्ने अवस्था उल्लेख गरी डी. पि.आर. तयारी गर्ने तर सोको तयारी पश्चात आवश्यक बजेट व्यवस्था नहुनुले उक्त खर्चको उपयोग हुन सकेको अवस्था रहेन। कार्यान्वयन गरिने र गर्न सकिने कार्यकोमात्र डी. पि.आर. गर्ने व्यवस्था हुनुपर्दछ ।

परामर्शदाताले तयार गरेको प्रतिवेदन जिम्मेवार व्यक्तिहरू समक्ष डी. पि.आर.का मुख्य व्यहोरा समाबेश गरी प्रस्तुतीकरण गर्ने भनी भुक्तानी दिएकोमा प्रस्तुतिकरण र सुधार गरेको नदेखिएकोले तयार भएको आयोजना प्रतिवेदन सैद्धान्तिक प्रकृतिको देखियो । यसलाई व्यावहारिक

रुपमा कार्यान्वयन गर्न सक्ने अवस्था छैन । चार विद्यालय भवनको संरचना निर्माण गर्न रु.९९ करोड १४ लाख लाग्ने गरी लागत अनुमान तयार भएको छ । उक्त संरचनाहरू निर्माण गर्न स्रोत व्यवस्थापन हुने अवस्था यकिन छैन ।

परामर्श सेवाका लागि रु.२० लाखभन्दा बढीको लागत अनुमानका प्याकेज बनाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम खुल्लारुपमा राष्ट्रियस्तरको पत्रिकामा सूचना गरी प्रतिस्पर्धाको लाभ लिन सकिनेमा पाँच कार्यको कुल लागत अनुमान रु.७९ लाख ३३ हजारको ०.८१ प्रतिशत घटी हुने गरी रु.७८ लाख ६९ हजार भुक्तानी गरी परामर्श सेवा लिनु मितव्ययी रुपमा गरेको भन्ने अवस्था देखिदैन । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ ।

७. **अनुदान वितरण -** प्रदेश सरकारको २०७७।७८ को बजेट वक्तव्यमा एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरेर अनुदान दिने उल्लेख छ । मन्त्रालयले यो बर्ष १२ कार्यक्रमबाट विभिन्न शैक्षिक, साँस्कृतिक र स्वास्थ्य सम्बन्धी संस्थालाई रु.११ करोड ९२ लाख ५२ हजार अनुदान दिएको छ । अनुदान सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

७.१. अनुदान नीति बेगर अनुदान वितरण गर्दा प्राथमिकताको आधारमा लाभग्राहीले अनुदान पाएको भनी सुनिश्चित हुन सकिएन । तसर्थ बजेट बक्तव्यमा उल्लेख भए अनुसार एकीकृत अनुदान नीति तथा कानुन तर्जुमा गरी अनुदान दिने व्यवस्था हुनु पर्दछ । यसका अतिरिक्त अनुदान दिएको रकमबाट उत्पादनमा वृद्धि, राजस्वमा योगदान, रोजगारी तथा स्वरोजगारीमा वृद्धि एवम् लक्षित वर्गको रुपमा रहने अन्य व्यक्ति वा संस्थाले समेत सो कार्यक्रमको अनुशरण गर्ने मापदण्ड बनाई अनुदान दिने व्यवस्था हुनुपर्दछ।

७.२. अस्पतालबाट प्रवाह हुने सेवाहरू व्यवस्थित र गुणस्तरीय बनाउन साथै कोभिड-१९ व्यवस्थापनमा समेत भूमिका निर्वाह गर्ने गरी बयलपाटा अस्पताल सञ्चालन गर्न न्याय हेल्थ नेपाललाई रु.७ करोड अनुदान दिएको छ । उक्त रकमबाट प्रशासनिक खर्च गर्न नपाइने, औजार खरिद गर्नुपरे मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने उल्लेख भएकोमा अनुदानको हिसाव खुल्ने गरी खर्चको अभिलेख राखेको छैन । खर्चको यथार्थ स्थिति सहितको प्रतिवेदन लिई तोकिएको कार्यमा खर्च भएको सुनिश्चित हुनुपर्दछ । सोको अतिरिक्त पटके अनुदान दिने विषयमा समेत नीतिगत निर्णय हुनुपर्दछ ।

७.३. विज्ञान तथा प्रविधि र प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन हुने क्याम्पसलाई प्रोत्साहन अनुदान दिँदा प्रस्ताव माग गरी छनौट गर्ने, सोबाट तोकेको सामाग्री तथा निर्माण कार्य गर्ने र सो अनुसार कार्य भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन पेस गर्ने अनुदान सहायता कार्यविधिमा उल्लेख छ। यो वर्ष ९ क्याम्पसलाई दामासाहिमा प्रति क्याम्पस रु.११ लाख ६६हजारका दरले रु.१ करोड ५ लाख भुक्तानी दिने निर्णय गरेको देखिन्छ । अनुदान दिने क्याम्पसहरूको छनौटको आधार तयार नगरेको, निर्देशिकाले तोके अनुसार प्रस्ताब स्वीकृत नगरेको र कुन कार्य गर्ने भनी नतोकी प्रथम किस्ता रु.४ लाख ६० हजारका दरले ७ क्याम्पसलाई रु.३२लाख २० हजार पेस्की दिएकोमा विल भर्पाईका आधारमा अन्तिम किस्ता रु.४९ लाख ९ हजार भुक्तानी दिएको देखियो । कार्यान्वयन पुस्तिका र सम्झौता अनुसार मन्त्रालयले अनुगमन गरेरमात्र भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी दिएको औचित्यपूर्ण देखिएन ।

७.४. पुस्तकालय व्यवस्थापन तथा सुदृढिकरणको लागि सुदूरपश्चिम प्रदेशमा रहेका ८ पुस्तकालयमध्ये "क" वर्गलाई रु.९ लाख, "ख" वर्गलाई रु.८ लाख र "ग" वर्गलाई रु.७ लाख दिने निर्णय अनुसार यो वर्ष रु.६३ लाख ४४ हजार भुक्तानी दिएको छ । अनुदान तथा आर्थिक सहयोगबाट सम्पादन भएका कार्यको विवरण तथा बार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पेस गरी मन्त्रालयबाट समेत अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेमा प्रगति विवरण पेस गरेको देखिएन । प्रगति विवरण लिई खर्चको यथार्थता यकिन गर्नुपर्दछ ।

८. **अनुगमन मूल्याङ्कन** - मन्त्रालयबाट यस बर्ष अनुगमन मूल्याङ्कनमा मुख्यरुपमा सात कृयाकलापबाट रु.४० लाख ६ हजार खर्च गरेको छ । अनुगमन मूल्याङ्कन गरी रकम भुक्तानी गर्दा प्रदेश बाहिरका जिल्लामा गएको कामलाईसमेत स्पष्ट आधार प्रमाण बेगर अनुगमन मूल्याङ्कनको नामबाट भुक्तानी दिने गरेको छ । अनुगमन मूल्याङ्कनबाट आगामी बर्ष सञ्चालन गरिने कार्यक्रमका लागि गर्नुपर्ने सुधारको व्यहोरा समेत उल्लेख गरी राख्नु पर्नेमा भ्रमण खर्च फर्स्यौंट प्रयोजनका लागिमात्र भ्रमण प्रतिवेदन लिनेदिने कार्य मात्र भएको देखियो । यस्तो प्रकारले अनुगमन मूल्याङ्कन खर्च लेख्नु मनासिब देखिदैन। यस्ता कार्यमा सुधार हुनुपर्दछ ।

९. **सचिवालय खर्च -** मन्त्रालयका मन्त्री, राज्यमन्त्रीलाई ऐन नियमले तोकेको सुबिधा बापत प्राप्त हुने रकम सम्बन्धित मन्त्रीको बैङ्क खातामा जम्मा गरी दिने र इन्धन बापत तोकिएको परीमाणमा नबढने गरी उपलव्ध गराउने गरेको देखियो । उपरोक्त सुबिधा उपलव्ध गराई सकेपछि सचिवालय खर्च भनि यो बर्ष बील भरपाईका आधारमा थप रु.९ लाख ८९ हजार खर्च गरेको देखियो ।यसरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१०. **हेलिकप्टरबाट उद्दार -** विरामीको अवस्था र उपचारको स्थितिलाई विश्लेषण गरेर हेलिकप्टरबाट उद्दार गर्ने नीति बनाउनुपर्नेमा सो बेगर यो वर्ष २ निर्वाचित पदाधिकारी र ३ नागरिक समेत ५ जनाको उपचारमा रु.४७ लाख ५१ हजार खर्च गरेको छ । सेवा उपलव्ध गराउँदा घटनाको प्रकृति, व्यहोर्नुपर्ने रकम वा प्रतिशत, बिरामी वा सम्बन्धित व्यक्तिको आर्थिक अवस्था र उद्दारमा बिरामीको प्राथमिकता लगायतका आधारमा हेलिकप्टर उद्दार सम्बन्धी विधि र प्रक्रिया तय गरी प्राथमिकताका आधारमा सेवा उपलव्ध गराउने व्यवस्था हुनुपर्दछ ।

११. **डकुमेन्ट्री** - "सुदूरपश्चिमको सान कला संस्कृतिको सम्मान" का लागि सबै धार्मिक, साँस्कृतिक र पुरातात्विक सम्पदाहरूको महत्व झल्किने गरी भिडियो डकुमेन्ट्री निर्माण गर्दा एकै प्याकेज बनाई प्रतिस्पर्धात्मक तवरले खरिद कार्य गर्नुपर्नेमा रु.२० लाखभन्दा घटीको दुई प्याकेज तयार गरी दुबै प्याकेजमा तीन फर्मलाईमात्र सहभागी गराएको छ । प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्दा एउटै फर्मले पाउनेमा बिना आधार फरक फरक अंक प्रदान गरी पहिलो कार्य एक म्युजिक प्रा लि लाई रु.१७ लाख २९ हजारमा र दोस्रो कार्यका लागि एक मिडिया प्रा. लि. लाई रु.८ लाख ८४ हजार भुक्तानी दिएर काम सम्पन्न गरेको उल्लेख छ ।

मातहत निकायबाट यस्ता कार्य भए नियन्त्रण र सुधार गर्नुपर्ने दायित्व भएको मन्त्रालयस्तरबाटै गरिने कार्यमा उल्लिखित अवस्था देखिनु मनासिब देखिएन । यस्ता कार्यमा नियन्त्रण हुनुपर्दछ।

१२. **स्वयंसेवक शिक्षक -** सामुदायीक विद्यालयहरूमा स्वयंसेवक शिक्षकहरूको पारिश्रमिक बापत स्पष्ट मापदण्ड र छनोटको आधार तथा सम्बन्धित स्थानीय तहसँग कुनै समन्वय र तथ्याँङ्क बेगर २७ विद्यालयहरूलाई सोझै कुल रु.४० लाख ४७ हजार निकासा दिएको छ । विद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या र मागमा आधारित तरिकाले सम्बन्धित स्थानीय तहसँग समन्वय नगरी रकम उपलव्ध गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१३. **सम्पर्क कार्यालय** - सुदूर पश्चिम प्रदेश सरकारले प्रदेशमा भौगोलिक र प्रादेशिक सन्तुलनका लागि उल्लिखित निर्देशनालयहरू डोटी जिल्लामा राख्ने निर्णय अनुसार उक्त जिल्लामा कार्यालय खोली सञ्चालनमा रहेका छन । मन्त्रालय मातहतका डोटी जिल्लामा रहेका क्षेत्रिय स्वास्थ्य सेवा निर्देशनालयले मासिक रु.८२ हजार ५०० र क्षेत्रिय शिक्षा विकास निर्देशनालयले मासिक रु.५७ हजार भाडा भुक्तानी दिएर धनगढीमा नै सम्पर्क कार्यालय खोलेको देखियो ।

उल्लिखित २ निर्देशनालयले प्रदेश सरकारको कानुनी व्यवस्था र नीतिगत निर्णय बेगर थप आर्थिक व्ययभार पार्ने गरी धनगढी उप महानगरपालिकाभित्र सम्पर्क कार्यालय खोली सञ्चालनमा रहेका छन्। प्रदेश सरकारको स्वीकृति बेगर सम्पर्क कार्यालय खोली थप व्ययभार पारेकोले छानविन गरी यथार्थता यकिन गर्नुपर्दछ ।

१४. **अस्पताल निर्माण** - डोटी जिल्लाको दिपायलमा ५० बेड क्षमताको सरुवा रोग अस्पताल निर्माण कार्यका लागि रु.३४ करोड ३८ लाख ११ हजार लागत अनुमान तयार भई ठेक्का व्यवस्थापन हुँदा एक संयुक्त उपक्रमसँग रु.२१ करोड ९२ लाख ८९ हजार मा २०७८।२।२३ बाट ३० महिनामा काम सम्पन्न गर्ने गरी सम्झौता भएको छ । मोबिलाईजेसन पेस्की बापत रु.१ करोड ९० लाख भुक्तानी गरेकोमा ठेक्का सम्झौता अनुसार निर्माण व्यबसायीले काम शुरु गर्नु अगाबै काम गर्ने कार्य तालिका पेस गर्नुपर्नेमा पेस गरेको छैन ।

अस्पताल भवन निर्माणको प्रारम्भिक वातावरणीय अध्ययनको लागि एक इन्जिनियरिङ्ग सर्भिससँग २०७७।१०।११ मा रु.४ लाख ९५ हजारको सम्झौता गरेकोमा काम सम्पन्न गरी प्रतिवेदन पेस नगरे पनि २०७८।१।२३ मा सबै रकम भुक्तानी दिएको छ । प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदन प्राप्त नभए पनि भवन निर्माणको काम शुरु भई सकेको र प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदन पेस गर्ने समय समाप्त भएकोले काम सम्पन्न नभई सम्झौताको पुरै रकम भुक्तानी दिएको हुँदा भुक्तानी दिने व्यक्तिलाई जिम्मेवार बनाई उक्त रकम परामर्शदाताबाट असुल गर्नुपर्दछ ।

१५. **कोभिड-१९ खर्च** - प्रदेश सरकारले कोभिड १९ को व्यवस्थापनको लागि कार्यसम्पादन गर्ने जिम्मेवारी यो मन्त्रालयलाई दिएको छ । प्रदेशमा स्वास्थ्यसम्बन्धी कार्य गर्ने तालुक निकायको रुपमा रहेको मन्त्रालयले यस वर्ष कोभिडतर्फ निम्न बमोजिम आय तथा व्यय गरेको विवरण पेस गरेको छः

(रु.हजारमा)

क्र.सं.	कार्यक्रम	आय	व्यय	मौज्दात
१.	कोरोना कोष हवाई उद्दार	२७९०	१७८०	१०१०
२.	कोरोना कोषबाट बोलन्या थलीको लागि	३५२	३५२	०
३.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अस्पतालमा अक्सिजन प्लान्ट स्थापनाको लागि	४८५००	१६०००	३२५००

४.	अक्सिजन सिलिण्डर खरिदको लागि प्रदेश कोरोना कोषबाट प्राप्त	२०००	२०००	०
५.	प्रदेश कोरोना कोषबाट कोरोना रोकथाम तथा नियन्त्रण	११४५००	१००६०३	१३८९७
६.	प्रदेश कोरोना कोषबाट जोरायल गा पा , के आई सिं गा.पा. र कोभिड अस्पताल भाडाको लागि प्राप्त	३१००	२०००	११००
७.	विनियोजनबाट कोभिडतर्फ खर्च	४९४७	४९४७	०
	जम्मा	**१७६१८९**	**१२७६८२**	**४८५०७**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१५.१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विभिन्न अस्पतालमा अक्सिजन प्लान्ट स्थापनाको लागि प्राप्त रु.४ करोड ८५ लाखमध्ये रु.१ करोड ६० लाख खर्च भई रु.३ करोड २५ लाख मौज्दात रहेको छ । उक्त रकम तोकिएको आर्थिक वर्षभित्र खर्च नभई बाँकी नै रहेकोले प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१५.२. सुदूरपश्चिम प्रदेश कोरोना भाईरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६ बमोजिम कोषको रकम प्रदेश सरकारबाट निर्णय भएबमोजिम वा समितिबाट स्वीकृत भएको कार्यमा मात्र खर्च गरिने उल्लेख छ । प्रदेश कोरोना कोषबाट रोकथाम तथा नियन्त्रण कार्यक्रमको लागि रु.११ करोड ७६ लाख प्राप्त भएकोमा रु.१० करोड २६ लाख ३ हजार खर्च भई रु.१ करोड ४९ लाख ९७ हजार मौज्दात रहेको छ । उक्त रकम तोकिएको आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको अवस्थामा मन्त्रालयमा मौज्दात राखिरहनु पर्ने कारण देखिदैन । अतः उक्त रकम कोभिड कोष खातामा दाखिला गर्नुपर्दछ ।

१५.३. कोभिड नियन्त्रणको लागि प्राप्त रकम मन्त्रालयले एन्टिजिन टेस्ट किट, मास्क लगायतका सामग्री खरिद गरी स्वास्थ्य आपूर्ति केन्द्रमा हस्तान्तरण गरेको जानकारी दिएको छ । स्वास्थ्य सामग्रीको आपूर्तिको लागि कार्यसञ्चालन स्तरमा कार्य गर्ने निकाय स्वास्थ्य आपूर्ति केन्द्र हुँदाहुँदै मन्त्रालयबाटै रु.४९ लाख ४७ हजारको खरिद कार्य गर्नु मनासिव देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१५.४. कोरोना कोषको रकम खर्च गर्नेले खर्च गरे पश्चात खर्चको विवरण मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था भए पनि मातहत कार्यालयबाट प्राप्त नभएको उल्लेख गरेको छ । विवरण प्राप्त नहुँदा तरताकेता नगरेको र मातहत कार्यालयले गरेको सबै खर्च देखिने केन्द्रीय हिसाब तयार गर्नु पर्नेमा गरेको छैन। मातहत कार्यालय समेतको आम्दानी खर्चको विवरण प्राप्त गरी यथार्थरुपमा केन्द्रीय विवरण तयार गर्नुपर्दछ।

१५.५. कोभिडको महामारीमा तत्काल सेवा प्रवाह गर्नुपर्ने अवस्थामा प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न कठिनाई पर्न सक्दछ । तर तत्काल आवश्यक नहुने र खरिद गर्दा प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न सकिने अवस्था भए पनि उक्त परिमाणको कार्यमध्ये प्रतिस्पर्धाबाट खरिद गर्न सकिने कुनै व्यहोरा उल्लेख नगरी खरिद गरेको देखिन्छ । कोभिड प्रयोजनका लागि आवश्यक सामग्री खरिद गर्दा सकेसम्म प्रतिस्पर्धाको माध्यमबाटै खरिद गर्न प्राथमिकता दिन कठिनाई हुने भए सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार खरिद गर्ने प्रक्रिया कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१५.६. सुदूरपश्चिम प्रदेशमा २०७८ को असार मसान्तसम्म कोभिड परीक्षणको लागि एन्टिजिन तथा आर टी पिसिआर दुवै गरी २ लाख ७७ हजार ९१० नमूना परीक्षण गरेकोमा ४४ हजार ४२५ कोभिड १९ पोजिटिभ देखिएको छ। पोजिटिभ देखिएकोमध्ये ५७४ जनाको मृत्यु भएको छ । प्रदेशभरीमा

कोभिड डेडिकेटेड अस्पतालहरूमा ९७७ बेड, १४२ एच डी यू बेड, ६९ आइ सी यू बेड, ३५ भेन्टिलेटर, ४७१ आइसोलेसन बेड, १३० कोभिड एच डी यू बेड, ५४ कोभिड आइ सी यू बेड तथा २१ कोभिड भेन्टिलेटर रहेको छ । प्रदेशभर १३६ स्थानमा आइसोलेशन सेन्टर सञ्चालनमा रहेकोमा ती स्थानहरूमा २ हजार ६०३ आइसोलेशन बेड रहेका छन् । कोभिडको असर न्यूनीकरण भई जनजीवन सामान्यीकरण हुँदै गएको अवस्थामा आइसोलेशन सेन्टरमा राखिएका सामग्रीको बैकल्पिक एवम् प्रभावकारी रुपले परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१६. **सम्झौता कार्यान्वयन -** दार्चुला जिल्लाको गोकुलेश्वर अस्पतालमा अक्सिजन प्लान्ट, अक्सिजन कन्सन्ट्रेटर र अक्सिजन सिलिण्डर खरिदको लागि एक फाउण्डेसन नेपाल, शैल्यशिखर नगरपालिका र मन्त्रालय बीच त्रिपक्षीय सम्झौता गरी कुल लागत रु.१ करोड २० लाखमध्ये ६० प्रतिशत मन्त्रालयले, ३० प्रतिशत फाउण्डेसनले र १० प्रतिशत नगरपालिकाले व्यहोर्ने गरी २०७८।३।१५ मा सम्झौता भएको देखिन्छ । कोभिड-१९ को विषम परिस्थितिलाई ख्याल गर्दै सम्झौता मितिको २ हप्तामा उक्त कार्य सम्पन्न गर्ने गरी फाउण्डेसनलाई रु.५० लाख पेस्की दिएको देखियो ।

पेस्की दिँदा खरिद सम्झौतामा उल्लेख भएको पेस्की फस्यौंट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा बढी अवधि भएको अग्रिम पेस्की जमानत लिनुपर्ने, सम्झौता अवधिसम्म पनि काम सम्पन्न हुन नसके निजबाट पेस्की रकमको सयकडा १० प्रतिशत व्याज असुल गर्नुपर्ने, उल्लिखित कार्यका लागि पेस्की दिँदा बैक जमानत नलिएको तथा हाल कोभिड-१९ को अवस्था सामान्य भए पनि लेखापरीक्षण अवधि २०७८।१२।२५ सम्म पनि उक्त कार्य सम्पन्न नभएको तथा म्याद थप नभएको अवस्था छ । कोभिडको महामारीको अवधिमा तत्काल काम गराउन आवश्यक देखिएको काम हाल सामान्य अवस्थामा आइ सकेकोले थप काम गराउने विषयमा पुनरावलोकन हुनुपर्दछ ।

१७. **प्रयोगशाला स्थापना -** जिल्ला अस्पतालमा पी सी आर प्रयोगशाला सञ्चालन गर्ने कार्यक्रम बमोजिम आवश्यक मेसिनरी औजार, फर्निचर खरिद तथा भवन मर्मत कार्यका लागि जिल्ला अस्पताल, बाजुराले रु.१४ लाख ८२ हजार खर्च गरेको छ । आर्थिक वर्षको अन्तमा सामान खरिद गरेकोमा २०७८।६।१५ सम्म प्रयोगशाला सञ्चालनमा आएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट २०७८ बैशाखमा ल्यावमा प्रयोग गरिने पी. सी. आर. मेसिन थर्मोसाइकलर पठाएकोमा सो को स्पेशिफिकेशन खुलाइ दाखिला भएको छैन । प्रयोगशाला सञ्चालनका लागि प्राप्त मेसिन जिन्सी आम्दानी बाँधी समयमै प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ ।

१८. **सञ्चित कोष दाखिला -** जिल्ला प्रशासन कार्यालय, बाजुराको २०७८।२।२ को पत्र अनुसार पि.सि.आर ल्याब सञ्चालन गर्नको लागि जिल्लास्थित सबै स्थानीय तहबाट रु.१० लाखको दरले रकम माग गर्ने निर्णय गरेकोमा आठ स्थानीय तहले रु.५५ लाख जिल्ला प्रशासन कार्यालयको विविध खातामा जम्मा गरेका छन।सो रकम लेखापरीक्षण अवधिसम्म खर्च नभै बाँकी नै रहेको छ । पि.सि. आर. प्रयोगशाला सञ्चालनमासमेत आएको छैन । प्रयोगशाला सञ्चालनमा नआएको अवस्थामा उक्त रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

१९. **अक्सिजन प्लान्ट** -जिल्ला अस्पताल, बाजुराले अक्सिजन जेनेरेसन प्लान्ट स्थापनाको लागि रु.१ करोड ४२ लाखको लागत अनुमान तयार गरी सूचना प्रकाशन गर्दा ४ बोलपत्र प्राप्त भएकोमा एक आपूर्तकको बोलपत्र मात्र योग्य ठहऱ्याई आर्थिक प्रस्ताव माग गरी सोही बमोजिम रु.१ करोड ७ लाखमा ठेक्का सम्झौता गरेको छ । सम्झौता मितिले १५ दिन अर्थात २०७८।३।२१ भित्र कार्य

सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७८।६।१५ सम्म पनि अक्सिजन प्लान्ट स्थापना हुन सकेको छैन । सम्झौता अनुसार पूर्ब निर्धारित क्षतिपूर्तिसमेत असुल गरी कार्य सम्पन्न गराउनु पर्दछ।

२०. **उपकरणको प्रयोग** - सेती प्रादेशिक अस्पताल, कैलालीबाट प्राप्त विवरण अनुसार अस्पतालमा नेपाल सरकारतर्फ र समितितर्फ गरी कुल १२५ बेड क्षमता स्वीकृत रहेकोमा ३०७ बेड सञ्चालनमा रहेको छ । अस्पतालको जिन्सी निरीक्षण प्रतिवेदनमा ४२ थान सेट बेड मौज्दात रहेकोमा ३६८ थान बेड चालु हालतमा रहेको उल्लेख छ । सो बाहेक अस्पतालको माग नभए पनि केन्द्रबाट प्राप्त सामानमध्ये ७९ जनरल, ५० आइसियु, २५ पेडियाट्रिकसमेत १५४ थान बेड मौज्दात रहेको छ । अस्पतालको स्टोरमा ठाउँ अभावका कारणले विभिन्न निकायबाट प्राप्त जनरल तथा आइसियु बेडसमेत स्टोरमा प्रयोग विहिन अवस्थामा रहेका छन् । यसका अतिरिक्त अस्पतालमा रहेका २ थान पोर्टेवल भेन्टिलेटर, ८ भेन्टिलेटर, ९ हेमोडाइलायसिस मेसिन, २ भिडियो एक्स रे, २७ सिरिन्ज पम्प, ५ मोनिटर, १५ इन्फ्युजन पम्प, २० अक्सिजन कन्सन्ट्रेटरसमेतका विभिन्न सामग्रीहरू प्रयोग विहिन अवस्थामा रहेको उल्लेख छ । स्वास्थ्योपचारमा आवश्यक यस्ता मूल्यवान स्वास्थ्य उपकरण तथा मेसिनरी प्रयोगमा ल्याउने तथा तालुक निकायले समेत आवश्यक सामग्रीमात्र हस्तान्तरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२१. **फार्मेसी सेवा सञ्चालन** - स्वास्थ्य सेवामा प्रभावकारी रुपमा सबैको पहुँच सुनिश्चित गर्न अस्पतालले आफ्नै फार्मेसी सेवा सञ्चालन गरी विरामी एवं सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पुऱ्याउन अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ जारी भएको छ । सेती प्रादेशिक अस्पतालले सो निर्देशिका बमोजिम फार्मेसी सेवा सञ्चालन गर्दै आएको उल्लेख गरे पनि प्राप्त आय अस्पतालको खातामा नै जम्मा गर्ने र अस्पतालबाटै औषधी खरिद गरी बिक्री गर्ने गरेको छ । निर्देशिका अनुसार अस्पतालले फार्मेसी सेवाको अलग्गै आय व्यय तथा लेखाङ्कन नगरी कार्यसञ्चालन कोषबाटै फार्मेसी सेवा सञ्चालन गरेकोले फार्मेसी र अस्पतालको छुट्टा छुट्टै आय व्ययको अवस्था यकिन गर्न सकिने अवस्था छैन । अस्पतालले फार्मेसी सेवातर्फ अलग्गै कोष सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२२. **बिक्री मूल्य** - अस्पताल फार्मेसी सेवा निर्देशिकाको बुंदा नं. ९ मा औषधि र औषधिजन्य पदार्थको बिक्री मूल्य निर्धारण गर्दा खरिद मूल्यमा २० प्रतिशत नबढाई निर्धारण गर्नुपर्ने उल्लेख छ । सेती प्रादेशिक अस्पतालले अधिकतम विक्री मूल्य र खरिद मूल्यको औषत निकाली सोही मूल्यलाई विक्री मूल्य कायम गरेको छ । यसरी मूल्य निर्धारण गर्दा निर्देशिकाले उल्लेख गरेभन्दा १६ आइटममा ०.४४ देखि ९७.९१ प्रतिसतसम्म बढी, एक आइटममा २.१७ प्रतिशत घटी र एक आइटममा निर्देशिकाले तोकेको दरमा नै बिक्री गरेको देखियो । अस्पतालले निर्देशिकाबमोजिम औषधीको मूल्य निर्धारण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२३. **आपूर्तिमा ढिलाई** - सेती प्रादेशिक अस्पतालको लागि सात थान हेमोडाइलायसिस मेसिन खरिद गर्न रु.१ करोड ७० लाख ४६ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट एक आपूर्तकसँग रु.१ करोड ४६ लाख ३ हजारमा २०७८।४।१५ सम्ममा आपूर्ति गरिसक्ने गरी २०७८।३।२९ मा सम्झौता भएको देखिन्छ । बजेट प्राप्त हुन ढिलाई भएकोले समयमा काम सम्पन्न हुन कठिनाई देखिएको भनि २०७८।१०।३० सम्म म्याद थप गरेको उल्लेख छ । मृगौला रोगीको लागि अति आवश्यक सामान खरिद प्रक्रिया शुरु भए पछि बजेट तथा जडानमा धेरै समय लाग्नु मनासिब देखिदैन । यस्ता कार्य गर्दा समयमै बजेट व्यवस्थापन तथा काम सम्पन्न गरी सेवा प्रवाहमा ध्यान दिनुपर्दछ ।

२४. **सामान खरिद -** सेती प्रादेशिक अस्पतालले यो बर्ष ठेक्कापट्टाको प्रक्रियाबाट १ एम्बुलेन्स, १२८ स्लाईसको सी टी स्क्यान मेसिन र एम आर आइ १.५ टेस्ला मेसिन खरिदका लागि दुई बाणिज्य बैकमा प्रतीतपत्र खोल्ने प्रयोजनका लागि रु.२३ करोड ८१ लाख ७९ हजार बजेट खर्च लेखेको छ। माग गरिएको सामान प्राप्त भई गुणस्तर परीक्षण गर्दा गुणस्तरयुक्त भएको प्रमाणित भई जिन्सी दाखिला पछिमात्र बजेट खर्च लेख्नु पर्नेमा सो अगाबै बजेट खर्च लेख्न मिल्ने नदेखिएकोले प्रतीतपत्र का शर्त अनुसार काम गरेको देखिने थप प्रमाणसमेत लिने र उक्त प्रतीतपत्र रकमलाई पेस्की कायम गरेर सामग्री प्राप्ती एवम् जडान पश्चात पेस्की फर्स्यौट गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२५. **भाडा बाँकी -** सेती प्रादेशिक अस्पतालले आफ्नो स्वामित्वमा रहेका सटर कोठा लगायत भाडामा लगाउँदै आएको छ । सम्झौतामा संघीय सरकारलाई बुझाउनु पर्ने घर बहाल कर अस्पतालले र उपमहानगरमा बुझाउनु पर्ने २ प्रतिशत कर सहित अन्य कर भाडामा लिनेले नै बुझाउनु पर्ने उल्लेख छ । संघीय सरकारलाई बुझाउनु पर्ने १० प्रतिशत बहाल कर सम्बन्धित नगरपालिकामा अस्पतालले बुझाउँदै आएकोले बहालमा बस्नेले बुझाउनु पर्ने २ प्रतिशत कर नबुझाइ उन्मुक्ति पाएको देखियो । सम्झौता गरी सकेको रकम अस्पतालले बुझाएकै आधारमा उन्मुक्ति दिनु मनासिब नदेखिएकोले २०७७।७८ सम्मको बाँकी रकममध्ये १८ फर्मबाट २ प्रतिशतले हुने कर रु.१ लाख ४२ र सात फर्मबाट २०७८ चैत्र ५ सम्मको भाडा रु.४४ लाख ५३ हजार बाँकी देखिएकोले सम्झौता अनुसार थप १० प्रतिशत जरिवानासमेत गणना गरी असुल हुनुपर्दछ ।

२६. **प्रयोगशाला भत्ता -** टिकापुर अस्पताल विकास समितिले ल्याबमा काम गर्ने कर्मचारीलाई ह्याजर्ड भत्ता भुक्तानी दिने गरेको भए पनि दोहोरो हुने गरी अतिरिक्त समयमा काम गरे वापत भनि अस्पतालको आम्दानीको ५० प्रतिशत रकम अतिरिक्त भत्ता दिने निर्णय गरेको पाइयो । यसरी भुक्तानी दिएको भत्ताको कर्मचारीगत भुक्तानी दिएको देखिने गरी अभिलेख राखेको पाइएन । ल्याबमा काम गर्ने कर्मचारीहरूलाई ह्याजर्ड भत्ता भुक्तानी भए पनि थप प्रयोगशाला भत्तामा असोजदेखि बैशाखसम्मको अवधिमा रु.११ लाख खर्च भएको देखियो । अस्पतालबाट वितरण हुने सेवा सुबिधामा सुधार गरी दोहोरो भत्ता भुक्तानी दिने कार्यामा सुधार हुनुपर्दछ ।

त्यस्तै डेन्टल फाँटमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई अतिरिक्त समयमा काम गरे वापत प्राप्त हुने आम्दानीको ५० प्रतिशत रकम अतिरिक्त भत्ता दिने निर्णय गरेको छ । यस्तो भत्ता तीन चिकित्सक सहित अन्य कर्मचारीका लागि यो वर्ष रु.३ लाख ११ हजार भुक्तानी गरेको छ । अतिरिक्त भत्ता लिनेले अतिरिक्त समय कार्य गरेको देखिने प्रमाण संलग्न नगरी भत्ता भुक्तानी दिएको छ । सेवा प्रवाहबाट प्राप्त रकमबाट सेवा प्रवाहमा सुधार गर्न प्राथमिकता दिनुपर्नेमा अतिरिक्त समय काम गरेको प्रमाण बेगर भुक्तानी दिएको भत्ता खर्च नियमित देखिएन ।

२७. **आवश्यकताको पहिचान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा सार्वजनिक निकायले कुनै पनि खरिद कारवाहीको तयारी गर्दा खरिदको आवश्यकताको पहिचान गर्ने, सो वस्तुको आवश्यकताको उपलब्धता यकिन गर्ने, वजारमा प्रचलित खरिद सम्झौताको जानकारी लिने, समान प्रकृतिका सामानको क्षेत्र यकिन गरी खरिद योजना एवं लागत अनुमानको आधारमा खरिद प्रक्रिया अगाडि बढाउनुपर्ने उल्लेख छ । स्वास्थ्य कार्यालय डोटीको जिन्सी मौज्दातको भौतिक परीक्षण गर्दा यो बर्ष स्वास्थ्य सेवा विभागबाट मेडिकल गाउन प्राप्त भई बर्षान्तमा ५ हजार ६९० सेट बाँकी रहेको देखिन्छ । जिल्लाभर कार्यरत स्वास्थ्यकर्मीहरू करीव ९६० जना रहेकोमा अधिक मात्रामा गाउनको मौज्दात रहेको एवं उचित स्टोरको अभावले उक्त सामानको पर्याप्त

सुरक्षा हुन सकेको छैन । त्यस्तैगरी कोभिड-१९ एन्टिजेन किट स्वास्थ्य सेवा विभागबाट १२ हजार ९२५ थान प्राप्त भएको र कार्यालयले ५०० खरिद गरेकोमा बर्षान्तमा ४ हजार ४९५ खर्च भई ८ हजार ९३० थान मौज्दात रहेकोमा किटको म्याद समाप्त भएको छ । अतः आवश्यकताको बोध नगरी सामान खरिद एवं हस्तान्तरण हुँदा म्याद समाप्त हुन सक्ने एवं अनावश्यक खरिदले व्ययभार मात्रै बढ्ने हुँदा आवश्यकता अनुसारको खरिद गर्न ध्यान दिनुपर्दछ ।

२८. **उपभोक्ताको न्युन योगदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा प्रत्येक निर्माण कार्य गराउँदा उपभोक्ताको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने व्यवस्था छ । साथै नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । शिक्षा विकास निर्देशनालय दिपायल, डोटीले बार्षिक कार्यक्रम र निर्देशिका वमोजिम विभिन्न विद्यालयसँग सम्झौता गर्दा सम्झौता वमोजिम उपभोक्ता समितिको योगदान छुट्टिने गरी कार्य गर्नुपर्ने र तोकिएको रकम भन्दा कम रकममा काम सम्पन्न भएको अवस्थामा सोही अनुसार रकम घटाएर भुक्तानी दिनुपर्नेमा ४१ बिद्यालयका लागि रु.२१ करोड ९५ लाख २४ हजार लागत अनुमानको कार्य रु.२० करोड ९९ लाख ७६ हजारमा सम्पन्न गरी सम्झौता अनुसार रु.१५ करोड ६३ लाख २२ हजारमात्र भुक्तानी दिनुपर्नेमा रु.१६करोड ३० लाख भुक्तानी दिई रु.६६ लाख ८७ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति देहाय अनुसार छन् ।

➢ सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट रु.१२ करोड ५० लाख ३४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ८२ लाख ५१ हजार फर्स्यौंट भई रु.१० करोड ६७ लाख ८३ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रु.२ करोड ३५ लाख ९६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची ९** मा रहेको छ ।

➢ समिति तथा अन्य संस्थामा लेखापरीक्षणबाट रु.२७ करोड ६२ लाख २५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.५० हजार फर्स्यौंट भई रु.२७ करोड ६१ लाख ७५ हजार फर्स्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये रु.१ करोड ८८ लाख २० हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा रहेको छ ।

प्रदेश लोक सेवा आयोग

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश संगठित संस्था, प्रदेशको अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता, निष्पक्षता र योग्यता प्रणालीलाई व्यवस्थित गरी प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी समेत वनाउन प्रदेश सभावाट २०७६।४।१५ मा प्रदेश लोकसेवा आयोग ऐन पारित गरे पश्चात २०७७।१२।४ गते आयोगको स्थापना भएको छ।

यो वर्ष आयोगको विनियोजन रु.४ करोड ३४ लाख ७७ हजार, राजस्व रु.७ हजार, धरौटी रु.१ लाख ७२ हजारसमेत रु.४ करोड ३६ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छः

१. **कानुन बमोजिमको कार्य -** प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १० को उपदफा (२) (ग) अनुसार प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी तथा संगठित संस्थाको सेवा र स्थानीय सरकारी र संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा परामर्श लिनुपर्ने व्यवस्था भए तापनि परामर्श नलिई केही स्थानीय तहहरूमा कर्मचारी बढुवा गरेको देखिन्छ । प्रदेश अर्न्तगत तोकिएका सबै निकायले प्रदेश लोक सेवाले तोकेको प्रक्रिया पुरा गरेरमात्र नियुक्ति, बढुवा र विभागीय कारवाहीको प्रक्रिया सञ्चालन गर्ने व्यवस्था हुनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष आयोगको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष कार्यालयको विनियोजन रु.१ करोड २३ लाख ६२ हजार, धरौटी रु.२ लाख २५ हजारसमेत रु.१ करोड २५ लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **मुद्दाको स्थिति -** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ अनुसार मुख्य न्यायाधिवक्ताको तर्फबाट गत वर्षको बाँकी २२ र यो वर्ष थप भएका २३ समेत ४५ मुद्दा मध्ये सर्वोच्च अदालतमा ३२ र उच्च अदालतमा १३ मुद्दा सम्बन्धी लिखत जवाफ प्रस्तुत गर्ने, वहस पैरवी गर्ने, प्रतिरक्षा गर्ने, निवेदन मस्यौदा गर्ने समेतका कार्यसम्पादन भएकोमा सो मध्ये १२ मुद्दा फस्र्यौट भई ३३ मुद्दा बाँकी रहेका छन् ।

२. **कानुनी राय -** नेपालको संविधानको धारा १६० ले मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने संवैधानिक एवं कानुनी व्यवस्था गरेको छ । सो अनुसार प्रदेश सरकारले तोके अनुसारको राय सल्लाह दिनु मुख्य न्याधिवक्ताको कर्तव्य हुने व्यवस्था मुख्य न्यायधिवक्ताको काम कर्तव्य अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ मा उल्लेख भएअनुसार यस बर्ष कार्यालयले कानुनी राय उपलव्ध गराएको विवरण पेस गरेको छैन ।

३. **हिरासत तथा थुनुवा कक्ष** - कारागार तथा हिरासत अनुगमन निर्देशिका, २०७० मा सङ्घीय सरकार वा प्रदेश सरकारका तर्फबाट हिरासत वा थुनुवा कक्षमा रहेका नागरिक उपर मानवोचित व्यवहार भए नभएको वा नागरिक हकको हनन भए नभएको वा त्यस्तो अधिकारको हनन् हुन नदिन हिरासत तथा थुनुवा कक्षको मासिक आवधिक अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने भनी गत वर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति यथावत छ ।

- **बेरुजु स्थिति -** यो वर्ष कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ ।

प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ बमोजिम प्रदेशको नीति तथा योजना तर्जुमा, कार्यलाई लक्ष्य उन्मुख, सूचकमा आधारित र प्राथमिकताको क्षेत्र केन्द्रित बनाउन सल्लाह र सुझाव दिनका लागि यो आयोगको गठन भएको छ ।

यो वर्ष आयोगको विनियोजन रु.२ करोड ५५ लाख ९५ हजार र राजस्व रु.२९ हजार समेत रु.२ करोड ५६ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका मूख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना** - प्रदेशमा विकासको सम्भावना र असरलाई अध्ययन गरी नीति र योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन, स्रोत साधनको आँकलन र परिचालन, सन्तुलित विकासको रणनीति तर्जुमा, आवधिक योजना, बजेट सीमा निर्धारण समेतका कार्य गर्ने उद्देश्यले प्रदेश नीति तथा योजना आयोग २०७७।९।१५ मा स्थापना भएको हो । मुख्यमन्त्री अध्यक्ष रहेको आयोगमा प्रदेश सरकारबाट १ उपाध्यक्ष र १ सदस्य नियुक्त भएकोमा हाल एक सदस्यमात्र कार्यरत रहेको अवस्था छ । आयोगले प्रथम पञ्चवर्षिय योजना (२०७८।७९-२०८२।८३) को संक्षिप्त अवधारणापत्र तयार गरेको छ । आयोगको संरचना अनुसार पदपूर्ति गरी समयमा आवधिक योजना तर्जुमा गर्नुपर्दछ ।

२. **प्रदेश विकास परिषद** - प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ मा प्रदेश विकास परिषद रहने व्यवस्था छ । मुख्यमन्त्रीको अध्यक्षतामा परिषदमा प्रदेशमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता, प्रदेश सभा समितिका सभापतिहरू, आयोगका उपाध्यक्ष र सदस्यहरू, प्रमुख सचिव लगायत स्थानीय तहका प्रमुखहरू, प्रदेश सरकारवाट मनोनित सदस्य रहने व्यवस्था भएकोमा प्रदेश विकास परिषद गठन भएको छैन । समग्र प्रदेशको विकास निर्माण र समन्वय गर्ने कार्यमा प्रभावकारिता ल्याउन कानुन बमोजिम परिषद् गठन हुनुपर्दछ।

३. **मध्यमकालिन खर्च संरचना** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा मध्यमकालिन खर्च संरचना तर्जुमा गरि पेस गर्नुपर्ने व्यवस्था छ । आयोगले २०७८।७९-२०८०।८१ को लागि मध्यमकालिन खर्च संरचना तयार गरेको छ । संरचनामा ३ वर्षको लागि आवश्यक पर्ने स्रोत रु.७९ अर्ब ९ करोड ९४ लाख ९८ हजार अनुमान गरेकोमा सो अनुसार कार्यसम्पादनको प्रक्रिया अगाडि बढाउन विषयगत मन्त्रालयलाई सुझाव दिएको छैन । संरचनामा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र पञ्चवर्षिय योजनाको सोच तथा रणनीतिसंग वार्षिक बजेटलाई तादाम्यता कायम गराउने प्रयास गर्नुपर्दछ ।

४. **अनुगमन तथा मूल्याङ्कन निर्देशिका** - प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ अनुसार अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य जिम्मेवारी आयोगलाई तोकेको छ। आयोगले अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निर्देशिका एवं प्रणाली तयार गरेको छैन । निर्देशिका तथा अनुगमन मूल्याङ्कन प्रणाली तर्जूमा गरी सो अनुसार प्रभावकारी रुपमा योजनाको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ ।

- **बेरुजु स्थिति** - यो वर्ष आयोगको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन ।

परिच्छेद ४
प्रतिवेदन कार्यान्वयनको स्थिति

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ३५(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्थाअनुसार बेरुजुको कारबाहीको विवरण प्राप्त भएको छ ।

१. **प्रतिवेदन कार्यान्वयन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) मा महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेस गरेको प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभा समक्ष पेस गर्ने व्यवस्था छ । महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७८ मिति २०७८।६।११ मा प्रदेश सभामा पेस भएको जानकारी प्राप्त भएको छ । वार्षिक प्रतिवेदन, २०७७ उपर प्रदेश लेखा समितिमा मिति २०७९।३।२ र ३ मा छलफल सम्पन्न भएको छ । अन्य प्रतिवेदनसमेत समयमै छलफल गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेश सरकारी कार्यालयतर्फ १४७ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी रु.५५ करोड ५७ हजार लगती बेरुजु सहितको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा १२ निकायबाट प्रमाण तथा प्रतिक्रिया पेस भई लगती दफा ५१ बाट रु.५ करोड ४२ लाख १ हजार फर्स्यौंट भई रु.४९ करोड ५८ लाख ५६ हजार बाँकी रहेको छ । समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १६ निकायको रु.२७ करोड ६६ लाख ७५ हजारमा १ निकायको प्रतिक्रियाबाट रु.५० हजार फर्स्यौंट गरेकोले रु.२७ करोड ६६ लाख २५ हजार बेरुजु बाँकी रहेको छ ।

गत वर्ष प्रदेश सरकारी निकाय र अन्य संस्था तथा समितितर्फको रु.१ अर्ब २३ करोड ३ लाख १० हजार बेरुजु फर्स्यौंट गर्न बाँकी रहेकोमा सम्परीक्षणबाट रु.४५ करोड ३१ लाख ७१ हजार फर्स्यौंट गरेकोले रु.७७ करोड ७१ लाख ३९ हजार बेरुजु बाँकी रहेको छ । कानुन बमोजिम बेरुजु असुल फर्स्यौंट गर्नुपर्दछ ।

३. **बेरुजु न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको त्रुटीलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउन सकिन्छ । प्रदेश कार्यालयहरू स्थापनाको चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना नभएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, सार्वजनिक खरिद ऐन नियम नबनाएको, विद्यमान कानुनको पालनामा कमजोरी रहेको, अनुगमन तथा मूल्याङ्कन कमजोर देखिएकोले बेरुजु आउने गरेको पाइन्छ। माथिका पक्षहरूलाई विचार गरी प्रचलित कानुनहरूको प्रभावकारी पालना, मापदण्ड, निर्देशिका र कार्यविधिहरूको पालना, गुणस्तरीय खरिद तथा निर्माण, नियमित रूपमा बेरुजु फर्स्यौंट गर्ने कार्यहरूको माध्यमबाट आर्थिक अनुशासन, मितव्ययीता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गरी बेरुजु न्यून गर्न सकिन्छ ।

परिच्छेद-५

सुधारका क्षेत्रहरू

नेपालको संविधानमा उपलब्ध स्रोत साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुने उल्लेख छ । उक्त उद्देश्य पुरा गर्न राज्यले आवश्यक नीति तथा कानुन तर्जुमा, संगठनात्मक संरचना, पूर्वाधार विकास, आर्थिक क्रियाकलापहरू सञ्चालन, स्रोत साधनको व्यवस्थापन तथा परिचालन गरी प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने लगायतका कार्य गर्नुपर्दछ । उक्त क्रियाकलापहरू सञ्चालनमा सार्वजनिक जवाफदेहिता, वित्तीय पारदर्शिता र आर्थिक अनुशासनको पालना तथा स्रोत र साधनको उचित परिचालनबाट विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही, मितव्ययी, प्रभावकारी बनाउन सकिने कुरामा विश्वास गर्न सकिन्छ । प्रदेश सरकार गठन भएको छोटो अवधिमा स्रोत साधन प्राप्ती, उपयोग तथा परिचालन र सोबाट प्राप्त हुने प्रतिफलमा सकारात्मक संकेत देखिएको छ । यस्ता सकारात्मक पक्षहरूलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न विद्यमान आर्थिक कार्यप्रणालीमा सुधारको आवश्यकता देखिएको छ । ती सुधारका पक्षहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

• नीति तथा कानुनी व्यवस्था

१. **नीति कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले मन्त्रालयहरूलाई कार्य जिम्मेवारी तोकेको छ । उक्त कार्य जिम्मेवारी पुरा गर्न प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित नीतिगत व्यहोराहरू प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ । प्रदेश सरकार (कार्य विभाजन) नियमावली बमोजिम आर्थिक मामिला मन्त्रालयले प्रदेश सरकारको समग्र आर्थिक सूचक तयार गर्ने, आर्थिक वृद्धि र स्थायित्व कायम गर्ने, उत्पादन र उत्पादकत्व वृद्धि गर्ने लगायतका नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिएको छ । त्यस्तै, कृषि, वन, पर्यटन, उद्योग लगायतको विषयमा क्षेत्रगत नीति तर्जुमा गरी कार्यान्वयनका माध्यमबाट प्रदेश तथा राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

२. **कानुन निर्माण -** संविधानको धारा ५७ मा प्रदेशको अधिकार अनुसूची-६ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र प्रदेश कानुनबमोजिम हुने व्यवस्था छ । यो वर्षसम्म सुदूरपश्चिम प्रदेशमा कानुन निर्माण गर्न ४६ विधेयक प्रदेश सभामा पेस भएकोमा ४२ विधेयक पारित भई ४२ कानुन निर्माण भएको र बाँकी ४ कानुन निर्माणको चरणमा रहेको देखिन्छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा कार्यसञ्चालन प्रक्रियामा पारदर्शिता, जवाफदेहिता तथा विधिसम्मत कार्यको सुनिश्चितताका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

३. **कानुनको पालना -** विद्यमान सार्वजनिक खरिद ऐन, नियम, प्रदेश आर्थिक कार्यविधि ऐन, नियम र अन्य प्रचलित कानुनहरूको पालना गरी आर्थिक अनुशासन कायम गर्दै आर्थिक अनियमितता घटाउन सम्बन्धित निकायहरूले ध्यान दिनुपर्दछ । कार्यसम्पादनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि, निर्देशिका, मार्गदर्शन तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४. **सेवा र सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन अनुसार तोकिएका सेवा सुविधाभन्दा बढी नहुने गरी सुविधा भुक्तानी गर्नुपर्नेमा चाडपर्व खर्च, प्रदेश सचिव थप सुविधा, यातायात खर्च सुविधा, सल्लाहकार लगायतका सुविधा ऐन अनुसार तोकिएभन्दा बढी खर्च गर्ने प्रवृत्तिमा सुधार गरी मापदण्ड बमोजिम सेवा सुविधा उपलब्ध गराउने व्यवस्था अवलम्वन गर्नुपर्दछ।

- **संगठन तथा जनशक्ति व्यवस्थापन**

५. **दरबन्दी र पदपूर्ति -** प्रदेशस्तरको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन सबै सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यालय र कर्मचारी दरबन्दी यकिन गर्ने र दरबन्दी अनुसार पदपूर्ति गरी विकास निर्माण, सेवा प्रवाहका गतिविधिलाई प्रभावकारी बनाउनुपर्दछ ।

६. **सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक संचालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन सेवा प्रवाह मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो व्यवस्थापन एवं सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्दछ । सेवा प्रवाहमा संलग्न हुने पदाधिकारी एवं जनशक्ति सेवाग्राहीप्रति सोझै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली तयार गरी लागु गर्नुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **आयोजना तथा कार्यक्रम व्यवस्थापन**

७. **आयोजना बैङ्क -** पूर्वाधार विकासका क्षेत्रहरू जस्तै सडक, सिँचाई, खानेपानी, पर्यटन, कृषि, उद्योग, वन आदिको दीर्घकालिन विकासको प्रारुप तयार गरी क्षेत्रगत आयोजना, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभान्वित हुने वर्ग र प्राथमिकिकरण सहित आयोजना बैङ्क तयार गर्नुपर्ने देखिएको छ ।

८. **आयोजना छनौट एवं कार्यान्वयन -** आयोजना बैंकबाट प्राथमिकता प्राप्त आयोजनाको छनौट एवं कार्यान्वयन गर्ने, निश्चित मापदण्ड निर्धारण गरी संघ र स्थानीय तहसँग दोहोरो नपर्ने गरी आयोजना कार्यान्वयन गर्ने र आयोजनाको अनुगमन र मूल्याङ्कन गरी कार्यान्वयनमा ढिलाई हुनुको कारण पहिचान गरी समयमै आयोजना सम्पन्न गराउन ध्यान दिनुपर्दछ ।

९. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्यको राष्ट्रिय सूचक अनुसार शिक्षा, स्वास्थ्य, खानेपानी, पर्यटन, भौतिक पूर्वाधार, सिँचाई, आवास लगायतका क्षेत्रमा योजना तर्जुमा तथा बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र अपेक्षित उद्देश्य/लक्ष्य प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

१०. **अध्ययन प्रतिवेदन** – प्रदेश सरकारले परामर्शदाता मार्फत तयार गरेको विस्तृत आयोजना प्रतिवेदन अभिलेख राखि कार्यान्वयनमा ल्याउनुपर्दछ । संघबाट अध्ययन गरी तयार भएका प्रतिवेदनहरु प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गरी दोहोरो नहुने व्यवस्था मिलाउनुपर्दछ ।

• बजेट व्यवस्थापन

११. **बजेट तर्जुमा -** बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, राजस्व संकलन गर्न सक्ने क्षमता, सरोकारवालाको सहभागिता लगायत पक्षमा ध्यान दिई बजेट निर्माण गर्नुपर्ने देखिन्छ । बजेट तर्जुमा गर्दा क्षेत्रगत प्राथमिकता, मध्यमकालिन खर्च संरचना, बहुवर्षिय चक्रिय बजेट लगायतका अवधारणा अनुसार कार्यान्वयन योग्य बजेट तर्जुमा गर्नुपर्दछ।

१२. **बजेट विनियोजन -** प्राथमिकतामा रहेका योजना एवं कार्यक्रममा बजेट विनियोजन गर्ने, बजेट अबण्डा राखी पछि रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार भएका योजनामा मात्र विनियोजन गर्ने, बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने, दीगो विकास हुने आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१३. **विनियोजन दक्षता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश मन्त्रालयले बजेट प्रस्ताव गर्दा खर्च हुने स्पष्ट आधारसहित पेस गर्ने र सो अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । यो वर्ष प्रदेश सरकारले पेस गरेको बजेट वक्तव्य अनुसार रु.३४ अर्ब ६४ करोड ५० लाख बजेट विनियोजन गरेकोमा रु.२२ अर्ब ९६ करोड ८३ लाख खर्च गरी कुल विनियोजनको ६६.३० प्रतिशत मात्र खर्च गरेको देखिन्छ । कार्यान्वयन योग्य कार्यक्रम र आधार बेगर बजेट अनुमान गरेको र बजेट अनुसार खर्च गर्न नसकेकोले मन्त्रालयको विनियोजन दक्षता कमजोर रहेको देखियो । कार्यक्रम बजेट खर्च गरी विनियोजन दक्षता वृद्धि गर्नुपर्दछ ।

१४. **परामर्श खर्च -** परामर्शदाता खर्चमा अत्यधिक वृद्धि हुँदै गएको देखिएको छ । परामर्श खर्चमा न्यूनीकरण गर्न सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन लगायतका कार्य आन्तरिक जनशक्तिबाट गराउन पहल गर्ने, बाह्य जनशक्तिबाट गराउनु पर्ने अवस्थामा प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने, संभाव्यता अध्ययन भएका योजना मात्र वार्षिक कार्यक्रममा समावेश गर्ने लगायतका कार्य गरी परामर्श खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

१५. **अनुदानको उपयोग -** अनुदान कार्यक्रमहरूलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने निर्देशिका र कार्यविधि, ऐन तथा नियमावलीको आधारमा तर्जुमा गर्ने, दोहोरो अनुदान नियन्त्रण गर्ने, अनुदानमा समान पहुँचको सुनिश्चतता गर्ने, लाभग्राहीको लागत सहभागिता नहुने कार्यमा अनुदान दिने परिपाटी अन्त्य गर्नुपर्ने, व्यक्तिगत लाभ हुने किसिमको अनुदान दिने परिपाटीमा नियन्त्रण गर्नुपर्ने र अनुदानको तालुक निकायबाट अनुगमन, मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै अनुदान रकमको उपयोगबाट रोजगारी सिर्जना, आय आर्जनमा वृद्धि, उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा उपयोग, सर्वसाधारणको पहुँच वा सुविधा सम्बन्धमा मूल्याङ्कन गरी अनुदान उपयोगको सुनिश्चितता गरिनुपर्दछ ।

१६. **चालु खर्चमा नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च बढ्दै गएको तथा पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको अवस्था छ । समग्र आर्थिक अवस्थामा सुधार गरी पूर्वाधार विकास, प्रतिफलयुक्त क्षेत्रमा लगानीका माध्यमबाट पुँजीगत खर्च बढाउनुपर्ने अवस्था देखिएको छ भने चुस्त र छरितो संगठन, अनावश्यक र फजुल खर्चमा नियन्त्रण, आदिका माध्यमबाट चालु खर्च घटाउनुपर्ने देखिन्छ।

१७. **आन्तरिक नियन्त्रण** - प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्य मितव्ययी, दक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा आन्तरिक नियन्त्रणको आवश्यकता, नियन्त्रण वातावरण, नियन्त्रण क्रियाकलाप, समन्वय एवं सञ्चार र अनुगमन जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली निकायको कार्यसँग प्रत्यक्ष सम्बन्धित रही जोखिम न्यूनिकरण गर्ने विषयसँग सम्बन्धित हुनुपर्दछ ।

- **खरिद व्यवस्थापन**

१८. **नर्म्स तथा निर्माण स्थल** - निर्माण कार्य एवं परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक एवं स्वीकृत गरी खरिद पूर्व गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, अन्तरनिकाय समन्वय र स्वीकृत लगायतका कार्यहरू सम्पन्न भएपछि मात्र खरिद कार्य गर्नुपर्दछ।

१९. **खरिद सम्झौता कार्यान्वयन** - सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने, खरिद कार्यको अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

२०. **प्रतिस्पर्धा** - सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा टुक्रा गर्ने र प्याकेजिङ्ग गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिनुका साथै खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणालीलाई अनिवार्य गर्ने र खरिद प्रक्रियालाई पारदर्शी, खुला, उद्देश्यमूलक र मितव्ययी बनाउन खरिद योजना बनाई प्रतिस्पर्धात्मक रूपमा खरिद कार्य गर्नुपर्दछ ।

२१. **निर्माण कार्य सम्पन्न** - निर्माण कार्य समयमा नहुँदा सेवाग्राही सेवाबाट बञ्चित हुने भएकोले समयमा कार्यसम्पन्न गर्न, सहज वातावरण मिलाउने, सुपरीवेक्षण र अनुगमनलाई प्रभावकारी बनाउने, कार्यान्वयन चरणमा देखा परेका समस्या समयमै समाधान गरी कार्यसम्पन्न गराउने र समयमा कार्यसम्पन्न नगरेमा क्षतिपूर्ति लिने सम्बन्धी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

२२. **उपभोक्ता समितिबाट कार्य** - सार्वजनिक खरिद कानुनमा उल्लेखित सीमा अनुसारको कार्य मात्र उपभोक्ता समितिबाट गराउने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । उपभोक्ता समिति मार्फत कार्य गराउँदा रोजगारी सिर्जना, वातावरणीय पक्ष, गुणस्तरीय कार्यसम्पादन मितव्ययिता लगायतका विषयमा ध्यान दिनुपर्ने देखिएको छ । उपभोक्ता समितिहरूबाट गरिने कार्यमा जनसहभागिता सुनिश्चित गर्ने तथा निर्माण सम्पन्न पश्चात मर्मत संभारको जिम्मेवारी सहित आयोजना हस्तान्तरण गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

२३. **गुणस्तर परीक्षण** - सार्वजनिक निर्माण कार्यलाई दीगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजना अनुसार निर्माण सामग्री एवं निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने,

गुणस्तरीय परीक्षण गर्न कार्यालयहरूलाई प्रोत्साहन गर्ने, गुणस्तर नियन्त्रण तथा गुणस्तर आश्वस्तताको सुनिश्चित गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

• सार्वजनिक श्रोत र सम्पत्ति संरक्षण

२४. **सम्पत्ति व्यवस्थापन -** संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्तिको विवरण तथा विद्यमान सम्पत्तिको अभिलेख अद्यावधिक गरी सम्बन्धित निकायमा प्रतिवेदन गर्ने, प्रयोगमा रहेका सवारी साधनको अभिलेख, त्यसको मर्मत एवं हस्तातरण कार्यलाई व्यवस्थित गरी महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली सफ्टवेयर प्रयोगमा ल्याई सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ । प्रदेश सरकार मातहत रहेका सार्वजनिक जग्गा, घर, सवारीसाधन, फर्निचर, कम्प्युटर, मेशिन उपकरण लगायतका सम्पत्तिको कार्यालयगत र एकीकृत अभिलेख राख्नुपर्दछ ।

२५. **धार्मिक एवं साँस्कृतिक सम्पदा -** सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थल लगायत पुरातात्विक एवं धार्मिक स्थलहरूको अभिलेख, मर्मत सम्भार, संरक्षण र उपयोग गरी धार्मिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्दछ ।

• वित्तीय श्रोत परिचालन

२६. **आन्तरिक आय -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क लगायतका क्षेत्रको समुचित परिचालन गरी राजस्व संकलनलाई वृद्धि गर्नुपर्दछ । राजस्व संकलन सम्बन्धी कर, दस्तुर र शुल्क परिमार्जन गर्दा संघीय कानुनसँग सामन्जस्य गर्ने र राजस्वका थप क्षेत्र पहिचान तथा राजस्व प्रशासनमा सुधार गरी आन्तरिक राजस्व असुलीमा वृद्धि गर्नुपर्दछ।

२७. **राजस्व दायरा बिस्तार -** संविधान अनुसार प्रदेश सरकारले संकलन गर्ने राजस्वका क्षेत्र तथा दायरा विस्तार गर्ने, चुहावट नियन्त्रण गर्ने, कर्मचारीको दक्षता अभिवृद्धि गर्ने लगायतका कार्य गरी राजस्व प्रशासनमा सुधार गर्नुपर्ने देखिन्छ ।

• भौतिक पूर्वाधार विकास

२८. **पूर्वाधार विकास -** प्रदेश मातहतका सबै जिल्लामा सडक, सिंचाई, खानेपानी, पर्यटन, दुरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको समानुपातिक विकासका लागि आवश्यक स्रोत व्यवस्थापन तथा उपयोग गरी पूर्वाधार विकास गर्नुपर्दछ ।

२९. **प्रदेश पूर्वाधार -** प्रदेश सरकार स्थापना भएपश्चात स्थायी राजधानी रहने स्थानमा भवन लगायत भौतिक पूर्वाधार विकास गर्ने लगायतका कार्य गर्नुपर्दछ ।

३०. **जोखिम न्यूनिकरण -** विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आँकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवं पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ । यसका लागि आवश्यक पर्ने स्रोतसाधन जस्तै बजेट, जनशक्ति, समन्वय र सञ्चार

व्यवस्था, अन्य पूर्वाधार लगायतका विषयमा पर्याप्त ध्यान दिनुपर्दछ । कोभिड-१९ लगायतका महामारी एवं संक्रामक रोग नियन्त्रणका लागि अपनाउनु पर्ने सावधानी तथा सतर्कताको लागि सूचना प्रवाहलाई प्रभावकारी बनाउने, स्वास्थ्य पूर्वाधारको एवं जनशक्ति व्यवस्थापन गरी उपचार सेवा सुधार गर्ने, सबैलाई खोपको सुनिश्चितता हुने व्यवस्था मिलाउने र कोभिड रोग नियन्त्रणका लागि भएका कार्यहरूको समीक्षा गरी विपद् व्वस्थापन अन्तर्गत भविष्यमा गर्नुपर्ने पूर्व तयारी, पूर्वाधार विकास, जनचेतना तथा सञ्चार व्यवस्था मिलाई विपद् जोखिम न्यूनिकरणका उपायहरू अवलम्बन गर्नुपर्दछ ।

• संघीयता कार्यान्वयन

३१. **समन्वय** – नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका र आयोजना वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसारका एकल तथा साझा अधिकार सूचीका कानुन निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाहरूको वर्गीकरण कार्यान्वयन गर्नुपर्ने, अन्तरप्रदेशमा संचालन हुने सडक, विद्युत, सिँचाई लगायतका पूर्वाधार सम्बन्धी परियोजनाहरू संचालन गर्दा तीनै तहबीच समन्वय कायम गरी दोहोरो नहुने व्यवस्था मिलाउनुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा संघ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने, खप्टिने र टुक्रिने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गरिनुपर्दछ ।

३२. **प्रदेश समन्वय परिषद** – प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता साझा अधिकार क्षेत्रको प्रयोग प्राकृतिक स्रोतको उपयोग र बाँडफाँट सम्बन्धमा समन्वय गर्ने विवाद निरुपण गर्ने कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन माननीय मुख्यमन्त्रीको अध्यक्षतामा गठित प्रदेश समन्वय परिषदको भूमिका प्रभावकारी बनाउनु पर्ने देखिएको छ ।

३३. **स्वनिर्भरता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार आफ्नो अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गरी संघीय अनुदान हस्तान्तरणको निर्भरता कम गर्दै जानुपर्ने देखिन्छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत संकलन भएको राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी बाँडफाँट गर्नुपर्दछ ।

• वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

३४. **मितव्ययीता** - एउटै प्रकृतिको काम बेग्लाबेग्लै निकायमा स्रोत विभाजन गरी दोहोरो खर्च गर्ने कार्यमा नियन्त्रण गर्ने, संगठन व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त संख्यामा संगठन तथा दरबन्दी कायम गरी चालु खर्चमा नियन्त्रण गर्नुपर्ने, पुँजीगत खर्चलाई कार्यक्रम र बजेटसँग आबद्ध गरी मितव्ययी तवरले खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ। खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका तयार, अद्यावधिक तथा कार्यान्वयन गर्नुपर्ने देखिएको छ ।

३५. **जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार खर्च गर्ने, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने, बजेट तर्जुमा गर्ने, निकासा दिने, खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने पदाधिकारीको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गरी सो कार्यान्वयन गर्ने व्यवस्थाको पालना गर्नु गराउनुपर्दछ ।

३६. **प्रतिवेदन कार्यान्वयन -** संवैधानिक निकायले पेस गरेका प्रतिवेदनहरू संसदीय समितिमा छलफल गरी कारवाही टुङ्गो लगाउनुपर्दछ । प्रदेश सरकार मातहतका प्रशासनिक, प्राविधिक, आर्थिक लगायतका विभिन्न विषयमा अध्ययन अनुसन्धान गरी प्राप्त भएका अध्ययन प्रतिवेदनहरू कार्यान्वयन गर्नुपर्दछ । आर्थिक कारोबारको वार्षिक प्रतिवेदन, सार्वजनिक सम्पत्तिको वार्षिक प्रतिवेदन लगायतका प्रतिवेदनहरूमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयको सम्बन्धमा तत्काल कारवाही शुरु गरी वित्तीय प्रतिवेदन प्रणाली सुदृढ गर्नुपर्दछ । आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका व्यहोराहरूको सम्बन्धमा सयममा कारवाही टुङ्गो लगाई प्रतिवेदन कार्यान्वयन पक्ष प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्न गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

३७. **लेखा ढाँचा -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रबर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) प्रदेशका सबै निकायहरूमा कार्यान्वयनमा ल्याउनु पर्दछ।

३८. **अनुगमन र मुल्यांकन -** प्रदेश वित्तीय प्रशासन र आर्थिक अनुशासनलाई सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

उपर्युक्त अनुसार नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयहरूमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट आर्थिक सुशासन कायम हुने, सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधार क्षेत्रको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ ।

अनुसूचीहरू

अनुसूची-१
(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

२०७७।७८

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालयको सङ्ख्या	बेरुजु
१	प्रदेश सभा सचिवालय	१	१	५८१
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२	१३७५
३	सामाजिक विकास मन्त्रालय	४१	१२	१०६७८३
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२७	२०	२४९३६
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	२५९५७
६	आर्थिक मामिला मन्त्रालय	१२	५	०
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३०	२६	२७४९०४
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३०	२३	६१३२०
९	प्रदेश लोक सेवा आयोग	१	१	०
१०	प्रदेश नीति तथा योजना आयोग	१	१	०
११	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
	जम्मा	**१४७**	**९३**	**४९५८५६**

अनुसूची-१ (क)
(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण
२०७७।७८

सि.नं.	लेखापरीक्षण गरिएका कार्यालयको विवरण	सङ्ख्या
सरकारी कार्यालयतर्फ		
१.	प्रदेश सभा सचिवालय	१
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४
२.१.	मन्त्रिपरिषद् सचिवालय	१
२.२.	प्रदेश राजधानी भौतिक पूर्वाधार विकास परियोजना	१
२.३.	प्रदेश सुशासन केन्द्र	१
२.४.	ग्रामीण विकास प्रशिक्षण केन्द्र	१
३.	**सामाजिक विकास मन्त्रालय**	**५३**
३.१.	मन्त्रालय	१
३.२.	शिक्षा विकास निर्देशनालय	१
३.३.	स्वास्थ्य निर्देशनालय	१
३.४.	शिक्षा तालिम केन्द्र	४
३.५.	स्वास्थ्य तालिम केन्द्र	१
३.६.	स्वास्थ्य आपूर्ति केन्द्र	१
३.७.	व्यवसायिक तथा सीप विकास तालिम केन्द्र	२
३.८.	स्वास्थ्य कार्यालयहरू (बक्यौता १ समेत)	१०
३.९.	आयुर्वेद केन्द्र	९
३.१०.	अस्पताल विकास समिति (बक्यौता १ समेत)	१०
३.११.	रोजगार सूचना केन्द्र	१
३.१२.	सामाजिक विकास कार्यालयहरु	९
३.१३.	जनस्वास्थ्य प्रयोगशाला	१
३.१४.	प्रदेश खेलकुद परिषद्	१
३.१५.	प्रदेश युवा परिषद्	१
४.	**उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय**	**२९**
४.१.	मन्त्रालय	१
४.२.	प्रदेश वन निर्देशनालय	१
४.३.	उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	१
४.४.	वन अनुसन्धान तालिम केन्द्र	१
४.५.	प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई	१
४.६.	घरेलु तथा साना उद्योग कार्यालय (बक्यौता १ समेत)	१०
४.७.	डिभिजन वन कार्यालयहरू	१०
४.८.	भू- जलाधार व्यवस्थापन कार्यालयहरू	२
४.९.	पर्यटन विकास समिति	२

५.	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
६.	**आर्थिक मामिला मन्त्रालय**	**१२**
६.१.	मन्त्रालय	१
६.२.	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
६.३.	प्रदेश लेखा इकाई (बक्यौता १ समेत)	९
६.४.	स्वरोजगार विकास कोष	१
७.	**भौतिक पूर्वाधार विकास मन्त्रालय**	**३०**
७.१.	मन्त्रालय	१
७.२.	यातायात पूर्वाधार विकास निर्देशनालय	१
७.३.	यातायात व्यवस्था कार्यालय	४
७.४.	पूर्वाधार विकास कार्यालय	६
७.५.	शहरी विकास तथा भवन कार्यालय	२
७.६.	खानेपानी तथा सरसफाई डिभिजन	४
७.७.	जलस्रोत तथा सिँचाइ विकास डिभिजन (बक्यौता १ समेत)	१०
७.८.	भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन	१
७.९.	सिँचाइ व्यवस्थापन कार्यालय	१
८.	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**३०**
८.१.	मन्त्रालय	१
८.२.	कृषि विकास निर्देशनालय	१
८.३.	पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय	१
८.४.	पशु तालिम केन्द्र	१
८.५.	कृषि व्यवसाय प्रवर्द्धन तथा सहयोग तालिम केन्द्र	१
८.६.	बाली संरक्षण प्रयोगशाला	१
८.७.	बिउबिजन प्रयोगशाला	१
८.८.	माटो तथा मल परीक्षण प्रयोगशाला	१
८.९.	कृषि ज्ञान केन्द्र	९
८.१०.	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र	९
८.११.	मत्स्य विकास केन्द्र	१
८.१२.	सुख्खा फलफुल विकास केन्द्र	१
८.१३.	तरकारी विउ तथा जर्मप्लाज्म सम्वर्द्धन केन्द्र	१
८.१४.	रजिष्ट्रार अधिकारीको कार्यालय	१
९.	**प्रदेश लोकसेवा आयोग**	**१**
१०.	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
११.	**प्रदेश नीति तथा योजना आयोग**	**१**
	जम्मा	**१६३**

अनुसूची-२

(प्रतिवेदनको परिच्छेद १ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

२०७७।७८

(रु.हजारमा)

क्रसं.	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
१	प्रदेश सभा सचिवालय	१	१६५,३१६	१	१६५,३१६	१	४४४	१	४४४	१	४२९७	१	४२९७	१	८	१	८	१७०,०६५
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२	८९,९१३	२	८९,९१३	२	१७५	२	१७५	१	११८३	१	११८३	१	६०७०२	१	६०७०२	१५१,९७३
३	आर्थिक मामिला मन्त्रालय	१२	२,५९०,७९१	१२	२,५९०,७९१	१२	८,२००,१२७	१२	८,२००,१२७	७	१,७९४	७	१,७९४	७	११,१२७	७	११,१२७	१०,८०३,८३९
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२७	२,०४७,७२८	२७	२,०४७,७२८	२७	१२८,३०९	२७	१२८,३०९	२५	७५६,९४२	२५	७५६,९४२	११	७७,७०१	११	७७,७०१	३,०१०,६८०
५	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३०	२,६३६,४३३	३०	२,६३६,४३३	३०	१७,२६३	३०	१७,२६३	२७	४०३१०	२७	४०३१०	४	२०७४३	४	२०७४३	२,७१४,७४९
६	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	४७६,६७८	१	४७६,६७८	१	४६५	१	४६५	१	११०७६	१	११०७६	१	३३९३८	१	३३९३८	५२२,१५७
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३१	९,७३३,७५८	३०	९,६२९,२८०	३१	७०१,६१८	३०	७०१,६१०	२७	१,०४३,४६१	२६	१,०३६,००४	६	१,२३१	६	१,२३१	११,३६८,१२५
८	सामाजिक विकास मन्त्रालय	४१	४,०६५,२५३	४१	४,०६५,२५३	४१	८७,००२	४१	८७,००२	३४	१७३,९०१	३४	१७३,९०१	१६	३५४,९७५	१६	३५४,९७५	४,६८१,१३१
९	प्रदेश नीति तथा योजना आयोग	१	२५,५९५	१	२५,५९५	१	२९	१	२९	०	०	०	०	०	०	०	०	२५,६२४
१०	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१२,३६२	१	१२,३६२	०	**०**	०	**०**	१	**२२५**	१	**२२५**	०	**०**	०	**०**	१२,५८७
११	प्रदेश लोकसेवा आयोग	१	४३,४७७	१	४३,४७७	१	७	१	७	१	१७२	१	१७२	०	०	०	०	४३,६५६
	जम्मा	**१४८**	**२१८८७३०४**	**१४७**	**२१७८२८२६**	**१४७**	**९१३५४३९**	**१४६**	**९१३५४३१**	**१२५**	**२०३३३६१**	**१२४**	**२०२५९०४**	**४७**	**५६०४२५**	**४७**	**५६०४२५**	**३३५०४५८६**

द्रष्टव्यः *आर्थिक मामिला मन्त्रालयको १ निकाय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको १ निकाय, भौतिक पूर्वाधार विकास मन्त्रालयको १ निकाय र सामाजिक विकास मन्त्रालयको १ निकायको २०७६।७७ को बक्यौता रहेको लेखापरीक्षण अङ्कसमेत समावेश गरिएको छ ।*

अनुसूची- २ (क)
(प्रतिवेदनको परिच्छेद ३ को दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण बक्यौता रहेका निकायहरूको विवरण
२०७७।७८

(रु.हजारमा)

सि.नं.	मन्त्रालय	कार्यालय	विनियोजन	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
	सरकारी कार्यालयतर्फ						
१.	भौतिक पूर्वाधार विकास मन्त्रालय	शहरी विकास तथा भवन कार्यालय, डोटी	१०४४७७	८	७४५६	०	१११९४१
	समितितर्फ						
१	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति, डोटी	२०२९१	०	०	०	२०२९१
		जम्मा	**१२४७६८**	**८**	**७४५६**	**०**	**१३२२३२**

अनुसूची-३

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

समिति तथा अन्य संस्थाको लेखापरीक्षण विवरण

२०७७।७८

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नम	लेखापरीक्षण		प्रतिवेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता बर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१.	सामाजिक विकास मन्त्रालय (समिति तथा अन्य संस्था) बक्यौता १ समेत	१२	१२	१२	१२	१९०२५६७	२०७६।७७
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (समिति तथा अन्य संस्था)	२	२	२	२	७४५५९	-
३.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (समिति तथा अन्य संस्था)	३	२	२	२	१६१३३	-
	जम्मा	**१७**	**१६**	**१६**	**१६**	**१९९३२५९**	

अनुसूची-४

(प्रतिवेदनको परिच्छेद १ को दफा २ सँग सम्बन्धित)

आय व्यय हिसाव तयार गर्ने समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजु र सञ्चालन नतिजा
२०७७।७८

(रु.हजारमा)

क्र.स.	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजु रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा										यो वर्षको मौज्दात	वर्षान्तको मौज्दात
					वर्षको शुरुको मौज्दात	आय				व्यय						
						बिक्री र सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
सामाजिक विकास मन्त्रालय अन्तर्गत																
१.	सेती प्रादेशिक अस्पताल	०७७।७८	७४७८०९	२४४६११	१९४८५	१६८०९३	५४५२३४	१४९९७	७२८३२४	०	७१५५१२	०	६४४३	७२१९५५	६३६९	२५८५४
२.	महाकाली अस्पताल, महेन्द्रनगर	०७७।७८	४०००७६	६१४	९३८०	११७०६८	२६९८८६	३७४२	३९०६९६	०	३७४५२३	०	२९७९	३७५५०२	१३१९४	२२५७४
३.	टिकापुर अस्पताल, टिकापुर	०७७।७८	१८०१६४	६२३३	१५०८३	७६५५२	८६२६६	२२६३	१६५०८१	०	१६०८९०	०	१६७०	१६२५६०	२५२२	१७६०५
४.	जिल्ला अस्पताल, डोटी	०७७।७८	८४२९६	१९४१३	८४३	१७००	८१०९०	६६३	८३४५३	०	८१०९०	०	३५१	८१४४१	२०१३	२८५५
५.	जिल्ला अस्पताल, बझाङ	०७७।७८	१३१४३९	९९३	१३१३१	२८३४३	८९७०८	२५७	११८३०८	०	१२७५१२	०	२०९	१२७७२२	-९४१४	३७१७
६.	जिल्ला अस्पताल, बाजुरा	०७७।७८	६७६०५	४०९१	६३९४	१६०९०	४४३२९	७९२	६१२११	०	६२१००	०	१२४६	६३३४६	-२१३५	४२५९
७.	जिल्ला अस्पताल, दार्चुला	०७७।७८	६३३९०	०	१८३२	१४००३	४६६५९	८९६	६१५५८	०	५८४६१	०	७८४	५९२४५	२३१३	४१४५
८.	जिल्ला अस्पताल, बैतडी	०७७।७८	७९३८८	११०	२४६०	१२८६४	६३८९१	१७३	७६९२८	०	७३७१४	०	१९८	७३९१३	३०१५	५४७६
९.	जिल्ला अस्पताल, अछाम	०७७।७८	५६०६९	०	२९१५	८०८३	४४३२२	७४९	५३१५४	०	५१८३८	०	४०३	५२२४०	९१४	३८२९
१०.	प्रदेश खेलकुद परिषद, धनगढी	०७७।७८	८४९०	३३	०	११२५	७३६५	०	८४९०	०	७३६५	०	०	७३६५	११२५	११२५
११.	प्रदेश युवा परिषद, धनगढी	०७७।७८	५९६६	०	०	०	५९६६	०	५९६६	०	५९६६	०	०	५९६६	०	०
१२.	जिल्ला अस्पताल दार्चुला (वक्यौता)	०७६।७७	७७८७५	७७	०	१२०५६	६४४६२	१३५७	७७८७५	०	७५१७०	०	८७५	७६०४५	१८३०	१८३०
	जम्मा		१९०२५६७	२७६१७५	७१५२३	४५५९७७	१३४९१७८	२५८८९	१८३१०४४	०	१७९४१४१	०	१५१५८	१८०९३००	२१७४६	९३२६९
मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयतर्फ																
१३.	प्रदेश सुशासन केन्द्र, डोटी	०७७।७८	६६३६०	४५०	०	०	६६३६०	०	६६३६०	०	६६३६०	०	०	६६३६०	०	०
१४.	ग्रामीण प्रशिक्षण प्रतिष्ठान, डोटी	०७७।७८	८१९९	०	०	०	८१९९	०	८१९९	०	८१९९	०	०	८१९९	०	०
	जम्मा		७४५५९	४५०	०	०	७४५५९	०	७४५५९	०	७४५५९	०	०	७४५५९	०	०
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयतर्फ				०	०											
१५.	रामारोशन क्षेत्र पर्यटन विकास समिति, अछाम	०७७।७८	८८४६	०	०	०	८८४६	०	८८४६	०	८८४६	०	०	८८४६	०	०
१६.	बैद्यनाथ धाम क्षेत्र पर्यटन विकास समिति, अछाम	०७७।७८	७२८७	०	०	०	७२८७	०	७२८७	०	७२८७	०	०	७२८७	०	०
	जम्मा		१६१३३	०	०	०	१६१३३	०	१६१३३	०	१६१३३	०	०	१६१३३	०	०
	कुल जम्मा		**१९९३२५९**	**२७६६२५**	**७१५२३**	**४५५९७७**	**१४३९८७०**	**२५८८९**	**१९२१७३६**	**०**	**१८८४८३३**	**०**	**१५१५८**	**१८९९९९२**	**२१७४६**	**९३२६९**

अनुसूची-५

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.५ सँग सम्बन्धित)

पेस्की बाँकीको विवरण

२०७७।७८

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	गत बर्षसम्मको बाँकी	२०७६।७७ सम्मको मोबिलाइजेशन समायोजन	२०७६।७७ सम्मको बाँकी	यो वर्ष फर्स्यौट	गत बर्षसम्मको बाँकी	यो बर्ष थप	लगती जम्मा	यस वर्षको म्याद ननाघेको मोबिलाइजेशन पेस्की	कुल जम्मा
१.	सरकारी कार्यालयतर्फ	१२११९८३	८४५९०६	३६६०७७	२७९३२५	८६७५२	२६८९९९	३५५७५१	६५२३२४	१००८०७५
२.	समिति तथा अन्य संस्थातर्फ	१०८४०	१०२४६	५९४	०	५९४	१९२७०	१९८६४	८२९४	२८१५८
	जम्मा	**१२२२८२३**	**८५६१५२**	**३६६६७१**	**२७९३२५**	**८७३४६**	**२८८२६९**	**३७५६१५**	**६६०६१८**	**१०३६२३३**

अनुसूची-६

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.६ सँग सम्बन्धित)

कुल असुली विवरण

२०७७।७८

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय / निकाय	लेखापरीक्षणको दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	कुल जम्मा
१.	सरकारी कार्यालयतर्फ	७६१५	१०१५	९६३९	१८२६९
२.	समिति तथा अन्य संस्थातर्फ	०	०	७१७८	७१७८
	जम्मा	**७६१५**	**१०१५**	**१६८१७**	**२५४४७**

अनुसूची-७

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.७ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

२०७७।७८

(रु.हजारमा)

सि.नं.	मन्त्रालय / निकायको नाम	असुल गर्नुपर्ने		असुल भएको		असुल गर्न बाँकी रकम
		कार्यालय सङ्ख्या	रकम	कार्यालय सङ्ख्या	रकम	
१.	सरकारी कार्यालयतर्फ	१४	१३९६	०	०	१३९६
२.	समिति तथा अन्य संस्थातर्फ	०	०	०	०	०
जम्मा		**१४**	**१३९६**	**०**	**०**	**१३९६**

अनुसूची-८

(प्रतिवेदनको परिच्छेद १ को दफा ७ सँग सम्बन्धित)

राजस्वको शीर्षकगत आम्दानी विवरण

२०७७।७८

(रु.हजारमा)

राजश्व संकेत	राजश्व शीर्षक	रकम
११३१५	बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर	३३९४९२
११४११	बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर	५५६६२९०
११४२१	बाँडफाँटबाट प्राप्त हुने अन्तः शुल्क	१५८२८१०
११४५६	बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	३१९२२८
११४७२	बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	७६२
११६११	व्यवसायले भुक्तानी गर्ने	८३
१४१५१	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	४४०
१४१५३	बाँडफाँट भई प्राप्त वन रोयल्टी	६७७९७
१४१५४	बाँडफाँट भई प्राप्त खानी तथा खनिजसम्बन्धी रोयल्टी	३५६
१४१५६	बाँडफाँट भई प्राप्त विद्युतसम्बन्धी रोयल्टी	१७१२२
१४१५७	बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय	३१०५
१४१५८	बाँडफाँट भई प्राप्त पर्वतारोहणबापतको रोयल्टी	४५
१४२११	कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम	१०१८३
१४२१२	सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम	१००७
१४२१३	अन्य बिक्रीबाट प्राप्त रकम	४१२
१४२२१	न्यायिक दस्तुर	१२
१४२२३	शिक्षा क्षेत्रको आम्दानी	२८०
१४२२४	परीक्षा शुल्क	१५०५
१४२२५	यातायात क्षेत्रको आम्दानी	२५८३३
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	२२१५८
१४२५३	व्यवसाय रजिष्ट्रेशन शुल्क	३६२८९
१४२५६	चालक अनुमतिपत्र, सवारी दर्ता किताव सम्बन्धी दस्तुर	१२१४४१
१४३११	न्यायिक दण्ड जरिवाना र जफत	१८
१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	३९०७
१४३१३	धरौटी सदरस्याहा	५३६
१४५२९	अन्य राजश्व	०
१५१११	बेरुजु	३६९२५
१५११२	निकाशा फिर्ता	६७८५४
१५११३	अनुदान फिर्ता	३०३०३३
	प्रदेश सञ्चित कोषतर्फको जम्मा	**८५२८९२३**
३३३४१	सवारी साधन कर	५२८५२९
३३३६१	वन क्षेत्रको रोयल्टी	७९३७८
	विभाज्य कोष तर्फको जम्मा	**६०७९०७**
	जम्मा	**९१३६८३०**

अनुसूची-९

(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयहरूको बेरुजु वर्गीकरण

२०७७।७८

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
		दफा सङ्ख्या		रकम	दफा सङ्ख्या			दफा सङ्ख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेस्की	अन्य पेस्की	कुल जम्मा
१	प्रदेश सभा सचिवालय	१३	४	१८२३	०	३	१२४२	१४	१	५८१	०	५८१	०	०	०	५८१	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४०	५	१३७५	०	०	०	४०	५	१३७५	७९	०	१२९६	०	०	१२९६	०	०	०
३	सामाजिक विकास मन्त्रालय	१३९	७५	१२५०३४	०	८	१८२५१	१४३	६७	१०६७८३	९६०४	३२९	७३२५४	०	०	७३५८३	०	२३५९६	२३५९६
४	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	१०३	८१	२५१३९	०	३	२०३	१०३	७८	२४९३६	१५४२	७६२७	१४९०७	०	०	२२५३४	०	८६०	८६०
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३७	३४	२५९५७	०	०	०	३७	३४	२५९५७	८५९	६८२०	९२३	०	०	७७४३	०	१७३५५	१७३५५
६	आर्थिक मामिला मन्त्रालय	३२	०	०	०	०	०	३२	०	०	०	०	०	०	०	०	०	०	०
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३२४	१२७	२८६८०७	०	३५	११९०३	३३४	९२	२७४९०४	७३४२	१२९३०	४६५८५	०	०	५९५१५	०	२०८०४७	२०८०४७
८	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१३६	५७	८३९२२	०	२	२२६०२	१३६	५५	६१३२०	३४२८	२५१९५	१३५५६	०	०	३८७५१	०	१९१४१	१९१४१
९	प्रदेश लोक सेवा आयोग	९	०	०	०	०	०	९	०	०	०	०	०	०	०	०	०	०	०
१०	मुख्य न्यायाधिवक्ताको कार्यालय	७	०	०	०	०	०	७	०	०	०	०	०	०	०	०	०	०	०
११	प्रदेश नीति तथा योजना आयोग	९	०	०	०	०	०	१२	०	०	०	०	०	०	०	०	०	०	०
कुल जम्मा		**८४९**	**३८३**	**५५००५७**	**०**	**५१**	**५४२०१**	**८६७**	**३३२**	**४९५८५६**	**२२८५४**	**५३४८२**	**१५०५२१**	**०**	**०**	**२०४००३**	**०**	**२६८९९९**	**२६८९९९**

द्रष्टव्यः *आर्थिक मामिला मन्त्रालयको १ निकाय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको १ निकाय, भौतिक पूर्वाधार विकास मन्त्रालयको १ निकाय र सामाजिक विकास मन्त्रालयको १ निकायको २०७६।७७ को बक्यौंता लेखापरीक्षणको बेरुजु अङ्कसमेत समावेश गरिएको छ ।*

अनुसूची-१०

(प्रतिवेदनको परिच्छेद २ को दफा १ सँग सम्बन्धित)

आय व्ययको कारोबार गर्ने समिति तथा अन्य संस्थाको बेरुजु वर्गिकरण

२०७७।७८

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय / निकायको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
		दफा सङ्ख्या		रकम	दफा सङ्ख्या			दफा सङ्ख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने				जम्मा	पेस्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको		कर्मचारी पेस्की	अन्य पेस्की	कुल जम्मा
१	सेती प्रादेशिक अस्पताल धनगढी	१९	९	२४४६६१	०	१	५०	१९	८	२४४६११	४७०३	१२०	२३९५३८	०	०	२३९६५८	०	२५०	२५०
२	महाकाली अस्पताल कंचनपुर	९	२	६१४	०	०	०	९	२	६१४	२०६	४०८	०	०	०	४०८	०	०	०
३	टिकापुर अस्पताल कैलाली	१९	१६	६२३३	०	०	०	१९	१६	६२३३	१२३१	१५५८	३४४४	०	०	५००२	०	०	०
४	जिल्ला अस्पताल डोटी	०	२	१९४१३	०	०	०	०	२	१९४१३	०	०	८४३	०	०	८४३	०	१८५७०	१८५७०
५	जिल्ला अस्पताल बझाङ	३	३	९९३	०	०	०	३	३	९९३	१९३	०	८००	०	०	८००	०	०	०
६	जिल्ला अस्पताल बाजुरा	११	५	४०९१	०	०	०	११	५	४०९१	६	३६३१	४५४	०	०	४०८५	०	०	०
७	जिल्ला अस्पताल दार्चुला	९	०	०	०	०	०	९	०	०	०	०	०	०	०	०	०	०	०
८	जिल्ला अस्पताल बैतडी	९	३	११०	०	०	०	९	३	११०	८	०	१०२	०	०	१०२	०	०	०
९	जिल्ला अस्पताल अछाम	६	०	०	०	०	०	६	०	०	०	०	०	०	०	०	०	०	०
१०	प्रदेश खेलकुद परिषद धनगढी	६	१	३३	०	०	०	६	१	३३	३३	०	०	०	०	०	०	०	०
११	प्रदेश युवा परिषद धनगढी	५	०	०	०	०	०	५	०	०	०	०	०	०	०	०	०	०	०
१२	जिल्ला अस्पताल दार्चुला (बक्यौता)	७	१	७७	०	०	०	७	१	७७	७७	०	०	०	०	०	०	०	०
१३	प्रादेशिक सुशासन केन्द्र डोटी	१	१	४५०	०	०	०	१	१	४५०	०	०	०	०	०	०	०	४५०	४५०
१४	ग्रामिण प्रशिक्षण केन्द्र डोटी	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
१५	रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति	१	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०
१६	बैद्यनाथधाम पर्यटन विकास तथा व्यवस्थापन समिति	१	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०
	जम्मा	**१०६**	**४३**	**२७६६७५**	**०**	**१**	**५०**	**१०६**	**४२**	**२७६६२५**	**६४५७**	**५७१७**	**२४५१८१**	**०**	**०**	**२५०८९८**	**०**	**१९२७०**	**१९२७०**

अनुसूची- ११
(प्रतिवेदनको परिच्छेद २ को दफा २ सँग सम्बन्धित)

बेरुजु फर्स्यौंट तथा सम्परीक्षणको अद्यावधिक विवरण
२०७७।७८

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	गत वर्षसम्मको बाँकी	सम्परीक्षण भएको	गत बर्षसम्मको बाँकी	यो बर्षको थप	चौथो प्रतिवेदनसम्मको बाँकी बेरुजु	चौथो प्रतिवेदनसम्मको बाँकी बेरुजुमध्ये पेस्की
१.	सरकारी कार्यालयतर्फ	११६६३६३	४४५९९३	७२०३७०	४९५८५६	१२१६२२६	३५५७५१
२.	समिति तथा अन्य संस्थातर्फ	६३९४७	७१७८	५६७६९	२७६६२५	३३३३९४	१९८६४
	जम्मा	**१२३०३१०**	**४५३१७१**	**७७७१३९**	**७७२४८१**	**१५४९६२०**	**३७५६१५**

अनुसूची- १२

(प्रतिवेदनको परिच्छेद १ को दफा ६ सँग सम्बन्धित)

प्रदेश सरकारले सङ्घीय कार्यालयलाई दिएको बजेटको खर्च विवरण

२०७७।७८

(रु.हजारमा)

सि.नं.	जिल्ला	कार्यालय	चालु	पुँजीगत	जम्मा	कैफियत
१	वाजुरा	जिल्ला समन्वय समितिको कार्यालय	४१८	०	४१८	
२		जिल्ला प्रहरी कार्यालय	०	६९९९	६९९९	
३	अछाम	जिल्ला समन्वय समितिको कार्यालय	८४०	०	८४०	
४		जिल्ला प्रहरी कार्यालय	०	५०४७	५०४७	
५	डोटी	जिल्ला समन्वय समितिको कार्यालय	३७०	०	३७०	
६		सेती प्राविधिक शिक्षालय	३६२१५	९०६६	४५२८१	संघ सशर्त अनुदान
७		जिल्ला प्रहरी कार्यालय	०	१११९२	१११९२	
८	बझाङ्ग	जिल्ला समन्वय समितिको कार्यालय	४२०	०	४२०	
९		शहिद वृष वहादुर सिंह पोलिटेक्निक इन्स्टिच्युट	८८८५	१७८८२	२६७६७	संघ सशर्त अनुदान
१०	दार्चुला	जिल्ला समन्वय समितिको कार्यालय	१५७	०	१५७	
११		जिल्ला प्रहरी कार्यालय	०	३५५४	३५५४	
१२	वैतडी	जिल्ला समन्वय समितिको कार्यालय	४२०	०	४२०	
१३		भिम दत्त पोलिटेक्निक इन्स्टिच्युट	१३५८६	६५९८	२०१८४	संघ सशर्त अनुदान
१४		जिल्ला प्रहरी कार्यालय	०	१५८३	१५८३	
१५	डडेल्धुरा	डडेलधुरा अस्पताल	१००	०	१००	
१६		जिल्ला समन्वय समितिको कार्यालय	४०५	०	४०५	
१७	कञ्चनपुर	जिल्ला समन्वय समितिको कार्यालय	१२६०	०	१२६०	
१८		शुक्लाफाँटा पोलिटेक्निक इन्स्टिच्युट	९३६८	१९८०	११३४८	
१९		जिल्ला प्रहरी कार्यालय	०	४१८७	४१८७	
२०	कैलाली	जिल्ला समन्वय समितिको कार्यालय	२०९४	०	२०९४	
२१		प्राविधिक शिक्षा तथा व्यावशायिक तालिम परिषद	१००८३७	११३४८१	२१४३१८	संघ सशर्त अनुदान
२२		टिकापुर पोलिटेक्निक इन्स्टिच्युट	३०४५७	६८५१	३७३०८	
२३		जिल्ला प्रहरी कार्यालय	०	५५५५	५५५५	
२४		सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय	०	१२२९६	१२२९६	
		जम्मा	**२०५८३२**	**२०६२७१**	**४१२१०३**	

अनुसूची-१३

(प्रतिवेदनको परिच्छेद २ को दफा ३.१ सँग सम्बन्धित)

लेखाउत्तरदायी अधिकृतहरूको विवरण र सो अवधिको बेरुजु स्थिति

२०७७।७८

(रु.हजारमा)

क्र.स.	मन्त्रालय / निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरूको नामावली	अवधि		आ.व. २०७७/७८ को बेरुजु	लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत
			देखि	सम्म		
१.	प्रदेश सभा सचिवालय, धनगढी	सचिव श्री राम सिंह धामी	२०७७/४/१	२०७८/३/३१	५८१	०.३४
२.	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी	सचिव श्री कमल प्रसाद पोखेल	२०७७/४/१	२०७८/१/१	१८२५	०.८१
		सचिव श्री किरण थापा	२०७८/१/२	२०७८/३/३१		
३.	सामाजिक विकास मन्त्रालय, धनगढी	सचिव श्री गोविन्द प्रसाद पोखरेल	२०७७/४/१	२०७८/३/३१	३८२९५८	५.८२
४.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, धनगढी	सचिव श्री यम प्रसाद पोखेल	२०७७/४/१	२०७७/५/२५	२४९३६	०.८२
		सचिव श्री यज्ञनाथ दाहाल	२०७७/५/२६	२०७८/३/३१		
५.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी	सचिव श्री कृष्ण बहादुर रावत	२०७७/४/१	२०७७/६/४	२५९५७	४.९७
		सचिव श्री चुडामणी पौडेल	२०७७/६/५	२०७८/३/३१		
६.	आर्थिक मामिला मन्त्रालय, धनगढी	सचिव श्री सुमनराज अर्याल	२०७७/४/१	२०७७/५/१७	०	०
		सचिव श्री नवराज अर्याल	२०७७/५/१८	२०७७/७/१४		
		सचिव श्री धनबहादुर रोकाया	२०७७/७/१५	२०७७/८/४		
		सचिव श्री निर्मल ढकाल	२०७७/८/५	२०७७/१०/५		
		सचिव श्री रघुराम विष्ट	२०७७/१०/६	२०७८/१/११		
		सचिव श्री झलकराम अधिकारी	२०७८/१/१२	२०७८/३/३१		
७.	भौतिक पूर्वाधार विकास मन्त्रालय, धनगढी	सचिव श्री इन्द्रदेव भट्ट	२०७७/४/१	२०७७/५/२४	२७४९०४	२.४२
		सचिव श्री गणेश प्रसाद भट्ट	२०७७/५/२५	२०७८/३/३१		
८.	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, धनगढी	सचिव डा.किसनलाल भट्ट	२०७७/४/१	२०७८/३/३१	६१३२०	२.२६
९.	प्रदेश लोक सेवा आयोग, धनगढी	सचिव श्री दुर्गादत्त विष्ट	२०७७/१२/४	२०७८/३/३१	०	०
१०.	मुख्य न्यायाधिवक्ताको कार्यालय, धनगढी	श्री फटिकराज मुडभरी	२०७७/४/१	२०७८/३/३१	०	०
११.	प्रदेश नीति तथा योजना आयोग, धनगढी	सचिव श्री नारायण प्रसाद पौडेल	२०७७/१०/१२	२०७८/३/३१	०	०

अनुसूची-१४

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय,धनगढी,कैलाली

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालय प्रदेश लेखा नियन्त्रक कार्यालय धनगढी, कैलाली

आ.व.२०७७/०७८को संचित कोषको आर्थिक विवरण

क्र.स.	आय विवरण	रकम	जम्मा रकम
१	गत वर्षको मौज्दात (अ.ल्या.)		७५३०७०५३७४.१८
२	राजश्व (आन्तरीक स्रोत)		८५२८९२३७४०.५४
क	कर राजश्व	७८०८६६५२१६.८२	
ख	गैर कर राजश्व	३१२४४६७८२.२४	
ग	अन्य राजश्व	०.००	
घ	गत वर्षको नगद मौज्दात तथा वैरुज	४०७८११७४१.४८	
३	**अनुदान**		१५४०३८७७०००.००
३.१	संघिय सरकार वाट हस्तान्तरित अनुदान		
क	सामानिकरण अनुदान	८०७६८००००.००	
ख	सशर्त अनुदान	५५७९१७७०००.००	
ग	समपुरक अनुदान	१२६२९००००.००	
घ	विशेष अनुदान	४८५०००००.००	
३.२	सोधभर्ना अनुदान		०.००
३.३	सोझै भुक्तानी (प्रत्यक्ष अनुदान)		०.००
३.४	वस्तुगत अनुदान		०.००
४	वित्तिय व्यवस्था	०.००	
क	ऋण लगानि फिर्ता (आन्तरिक र वाह्य)	०.००	
ख	शेयर विक्रि	०.००	
ग	ऋण प्राप्ति (आन्तरिक र वाह्य)		
५	अन्य विविध आम्दानि		
६	चालु आर्थिक वर्षको जम्मा आम्दानी (२ देखी ५)		३१४६३५०६११४.७२
७	प्रदेश आकस्मिक कोष खाताको अल्या रकम		५०००००००.००
८	गत आ.व.को छुट आम्दानी		११३३६२४.००
	विगत आर्थिक वर्षको अल्या समेतको कुल मौज्दात		३१४६९६३९७३८.७२

क्र.स.	व्यय विवरण	रकम	जम्मा रकम
१	जम्मा चालु खर्च		१०३६६२९८०२९.१५
२१०००	पारिश्रमिक तथा सुविधा	१३१४३१८५८२.५९	
२२०००	मालसामान तथा सेवाको उपयोग	५०२५७५६०१६.९०	
२३०००	स्थिर सम्पतिको उपभोग खर्च	०.००	
२४०००	ब्याज, सेवा शुल्क तथा कमिशन	०.००	
२५०००	सहायता (Subsidy)	१०८१०९१०६.७०	
२६०००	अनुदान	३७४०८७९८६०.३२	
२७०००	सामाजिक सुरक्षा	१२९७०२८३०.६४	
२८०००	अन्य खर्च	४७५३१६३२.००	
	स्रोत अनुसार चालु खर्च विवरण		
१	प्रदेश सरकार	८०८२१०७८६१.४५	
२	समानिकरण अनुदान	९७३८४३७०२.१४	
३	शसर्त अनुदान	१२१५८६०२०६.२३	
४	समपुरक अनुदान	९९८८९१०.००	
५	विशेष अनुदान	८४४९७३४९.३३	
२	जम्मा पुजिगत खर्च	१२६०१९७६२३३.७५	१२६०१९७६२३३.७५
३११००	स्थिर सम्पति खर्च	०.००	
३१२००	मौज्दात सामानहरु	०.००	
३१३००	बहुमुल्य सामानहरु	०.००	
३१४००	प्राकृतिक सम्पति		
	स्रोत अनुसार पुजीगत खर्च विवरण		
१	प्रदेश सरकार	४४७३४१४१७३.९०	
२	समानिकरण अनुदान	४४७०१८१४७९.६२	
३	शसर्त अनुदान	२७०२३८१८१५.८१	
४	समपुरक अनुदान	७३२८४७४३१.००	
५	विशेष अनुदान	२२३१५१३३३.४२	
३	वित्तिय व्यवस्था	०.००	०.००
क	ऋणको सावा भुक्तानी (आन्तरिक र वाह्य)	०.००	
ख	ऋण लगानी	०.००	
ग	शेयर लगानी		
४	कार्यालयबाट खर्च भएको तर बैकबाट भुक्तानी नभएको खर्च समायोजन		०.००
	जम्मा खर्च		**२२९६८२७४२६२.९०**
	संघिय सरकारलाइ फिर्ता शसर्त,समपुरक र विशेष अनुदानको बचत रकम		२३५९६७७६८७.२१
	कूल खर्च		**२५३२७९५१९५०.११**
	# यस आवको बचत रकम		६१४१६८७७८८.६१
			३१४६९६३९७३८.७२
	संघीय सरकार वाट आ.व.२०७७/७८को राजश्व वाडफाड भइ प्राप्त हुने रोयल्टी रकम रु.४०२२१३९२।६०प्रदेशलाइ प्राप्त रकम आ.व.२०७८/७९को RMIS मा आम्दानी		-४०२२१३९२.६०
	संघीय सरकार वाट आ.व.२०७७/७८को राजश्व वाडफाड भइ प्राप्त हुने मु.अ.कर र अन्त:शुल्क रकम रु.४२०३४३३५३.२१ प्रदेशलाइ प्राप्त रकम आ.व.२०७८/७९को RMIS		-४२०३४३३५३.२१
	संचित कोषको खुद मौज्दात		५६८११२३०४२.८०

वासुदेव जोशी
प्रदेश लेखा नियन्त्रक

समिक्षात्मक टिप्पणी

- यस प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइको रुपमा समेत काम गरि रहेका संघिय कोष तथा लेखा नियन्त्रक कार्यालयहरुवाट आ.व. २०७७/०७८ को सुदूर पश्चिम प्रदेशका निकायहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरि तयार भएको प्रतिवेदनहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

- २०७७/७८ मा प्रदेश सरकारको कुल निकासा खर्च रकम रु. २२९६८२७४२६२।९० भएकोमा आन्तरिक लेखापरीक्षणको बेरुजू अंक ६७७६२५४६०।६० देखिन आएको छ । निकासा खर्चको अनुपातमा बेरुजु २.९५ प्रतिशत हुन आउँछ ।

- कुल बेरुजू मध्ये पेश्की बाँकी बेरुजू अंक ६६००६७५६४।०० अर्थात ९७.४०% रहन गएको छ। म्याद ननाघेको पेश्की रकम समेत यसमा समावेस रहेको छ।

- कुल बेरुजू मध्ये नियमित गर्नु पर्ने बेरुजू अंक ८८९३३२६.९१ अर्थात १.३१% रहन गएको ।

- कुल बेरुजू मध्ये असुल गर्नु पर्ने बेरुजू अंक ८६६४५६९.६९ अर्थात १.२७% रहन गएको ।

- जिल्लागत बेरुजू अंक हेर्दा कुल वेरुजुको सबैभन्दा बढी डडेल्धुरा जिल्लाको रु.१३७८६७१८०.५१ अर्थात २०.३० प्रतिशत र सबैभन्दा घटि दार्चुला जिल्लाको रु.३४५३२०८।०० अर्थात ०.०५ प्रतिशत देखिन्छ ।

- मन्त्रालयगत बेरुजू अंक हेर्दा कुल वेरुजुको सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको रु.५२५०३८३७२.७१ अर्थात ७७.४८ प्रतिशत र सबैभन्दा घटि आर्थिक मामिला तथा योजना मन्त्रालयको बेरुजू अंक शुन्य देखिन्छ ।

- आन्तरिक लेखापरीक्षण प्रतिवेदनहरूको आधारमा आन्तरिक लेखापरीक्षण सम्बन्धी ज्ञान, सीप र अनुभवको लागि लेखा परिक्षण सम्बन्धी तालिमको अनिवार्य आवस्यकता छ । प्रचलित ऐन तथा नियममा भएका परिबर्तन समेत लाइ हेरेर अन्तरक्रिया र गोष्टी संचालन गर्नु पर्ने देखिन्छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्ने महत्वपूर्ण कार्य मध्ये प्रदेश सञ्चित कोषको व्यवस्थापन तथा सञ्चालन गर्ने हो भने आन्तरिक लेखापरीक्षण गर्ने कार्य दोस्रो महत्वपूर्ण कार्य हो । आगामी दिनमा प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण लाइ बस्तुनिष्ठ र प्रभावकारी बनाउन लेखापरीक्षणका मापदण्डहरू लागु गरि सुधारका क्रियाकलापहरू गर्नुपर्ने देखिन्छ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
धनगढी, कैलाली

बाबुराम जोशी
प्रदेश लेखा नियन्त्रक